# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना छैत

## अद्यावधीक २०७९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक

# जिल्ला विपद् व्यबस्थापन समिती

## काभ्रेपलाञ्चोक

जिल्ला विपद् व्यवस्थापन समितीबाट मिति २०७९।०२।२० मा स्विकृत

सहायक प्रमुख जिल्ला अधिकारी

इन्दुकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## शब्दसंक्षेप (Abbreviations)

| | | |
|---|---|---|
| DAO | : | District Administration Office |
| NEOC | : | National Emergency Operation Center |
| DDMC | : | District Disaster Management Committee |
| DHM | : | Department of Hydrology and Metrology |
| DLSA | : | District Lead Support Agency |
| DEOC | : | District Emergency Operation Center |
| CERT | : | Community Emergency Response Team |
| CRRT | : | Community Rapid Response Team |
| DMC | : | Disaster Management Committee |
| DPRP | : | Disaster Preparedness for Response Plan |
| NRCS | : | Nepal Red Cross Society |
| DTO | : | District Technical Office |
| PHO | : | Public Health Office |
| D-WASH-CC | : | District Water, Sanitation and Hygiene Coordination Committee |
| FCHV | : | Female Community Health Volunteer |
| GBV | : | Gender Based Violence |
| HW | : | Health Worker |
| IEC | : | Information, Education and Communication |
| IRA | : | Initial Rapid Assessment |
| MIRA | : | Multi-Cluster Initial Rapid Assessment |
| MoU | : | Memorandum of Understanding |
| NGO | : | Non Goverment Organization |
| INGO | : | International Non Government Organization |
| NFRI | : | Non Food Relief Items |
| SAR | : | Search and Rescue |
| ORT | : | Oral Re-hydration Therapy |
| PVCA | : | Participatory Vulnearability and Capacity Assessment |
| PWD | : | People with Disability |
| QRT | : | Quick Response Team |
| RRT | : | Rapid Response Team |
| SAM | : | Severe Acute Malnutrition |
| SFP | : | Supplementary Feeding Programme |
| SOP | : | Standard Operating Procedure |
| LDMC | : | Local Disaster management Committee |
| WASH | : | Water Supply, Sanitation and Hygiene |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

वर्ष अघि मध्य पहाडी उपत्यकाहरूमा प्राग मानवहरूको बसोवास रहेका विभिन्न प्रमाणहरू पाइएका छन् । काठमाण्डौको बुढानीलकण्ठको दक्षिण पूर्व धोवी खोलामा प्राप्त ढुङ्गे हतियारहरू विश्वमा अन्य देशमा पाइने प्राग मानवहरूले प्रयोग गर्दै आएका हतियारहरूसँग मिल्दाजुल्दा रहेका थिए । काभ्रेपलाञ्चोक, चरिकोट, लुभु लगायत स्थानहरूमा ढुङ्गे हतियार (बज्रढुङ्गा) फेलापरेबाट आदिम मानवको उपस्थिति यस भेगमा रहेको देखिन्छ ।

प्राचिन कालमा गोपालवंशी शासकहरूको राज्यको सिमाना पूर्वमा दुधकोशी र पश्चिममा त्रिशली

WDO : Women Development Office

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९

काभ्रेपलाञ्चोक

## परिच्छेद-१

## १. संक्षिप्त परिचय:

### १.१ **ऐतिहासिक** परिचय :

विश्वका विभिन्न क्षेत्रहरूमा पाषाण युगीन मानव फैलिएर रहेका थिए । विभिन्न क्षेत्रहरूको अध्ययनबाट यस क्षेत्रमा पनि नव पाषण कालिन सभ्यताको विकास भएको बुझिन्छ । नेपालमा लाखौं वर्ष अघि मध्ये पहाडी उपत्यकाहरूमा प्राग मानवहरूको बसोवास रहेका विभिन्न प्रमाणहरू पाइएका छन् । काठमाण्डौको बुढानीलकण्ठको दक्षिण पूर्व धोवी खोलामा प्राप्त ढुङ्गे हतियारहरू विश्वमा अन्य देशमा पाइने प्राग मानवहरूले प्रयोग गर्दै आएका हतियारहरूसँग मिल्दाजुल्दा रहेका थिए । काभ्रेपलाञ्चोक, चरिकोट, लुभु लगायत स्थानहरूमा ढुङ्गे हतियार (बज्रढुङ्गा) फेलापरेबाट आदिम मानवको उपस्थिति यस भेगमा रहेको देखिन्छ ।

प्राचिन कालमा गोपालवंशी शासकहरूको राज्यको सिमाना पूर्वमा दुधकोशी र पश्चिममा त्रिशुली नदीसम्म रहेको थियो भने उत्तरमा गोसाईकुण्ड र दक्षिणमा चित्लाङसम्म फैलिएको इतिहासमा उल्लेख भएको पाइन्छ । हालको काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लामा त्यतिबेला गोपालवंशीहरूले शासन गर्दथे भन्ने पुष्टी हुन आउँछ ।

काभ्रेपलाञ्चोक जिल्लाका केही ऐतिहासिक स्थानहरू साँगाको पुरानो नाम शङ्गा' खोपासीलाई कुर्पासी, नालालाई नालङ्ग बनेपालाई भुजङ र वल्पो पलाञ्चोकलाई पिराखचो भन्ने गरिन्थ्यो । यी स्थानको नामाकरण किराँत शब्दबाट भएको देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने गोपालवंशीहरूलाई हटाई किराँतहरूले नेपालको शासन चलाए सँगै यी क्षेत्रहरूमा पनि किराँतहरूको शासन कायम रहेको थियो ।

कमलपाणीद्धारा लिखित आयोस्निसविजयनामधारणी ग्रन्थमा बि.सं. ११५६ तिर धुलिखेलको सैनिक प्रशासन सामन्त रामदेवले गरेको देखिन्छ । त्यस्तै इतिहास अनुसार बि.सं. १२०७ मा बनेपाका सातगाउँ भुकम्पमा ध्वस्त भएपछि नेपालका राजा आनन्ददेव (शिवदेवका सन्तान) ले पुन निर्माण गरेको उल्लेख छ । बि.सं. १२८९ मा पलाञ्चोकका शासक उदयसिंहदेवले विद्रोह गरी नेपाल राज्यबाट स्वतन्त्र हुन खोजेकोले त्यतिबेलाका शासक अभय मल्लले उक्त विद्रोहलाई दबाउन बनेपा, फर्पिङ, नुवाकोटका शासकहरूको सहयोग लिएका थिए भन्ने इतिहासमा उल्लेख छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

बाह्रौ शताब्दिको अन्त्यतिर नेपालको राजनीतिमा एकान्तर शासन प्रणालीको शुरूवात भएको पाइन्छ । यस समयमा भोटान्त प्रदेशका शासकहरूले नेपालको शासन प्रणालीमा प्रभाव राखेका थिए । यिनीहरूको बनेपा दछुटोलमा (लायकु) वसन्तपुर नाम गरेका दरवार रहेको थियो । यहाँका शासक भने नेपालका तत्कालिन राजा आनन्ददेवले भक्तपुरमा बनाएको त्रिपुर दरवार (पछि पचपन्न झ्याले दरवारमा परिणत भएको) मा बस्ने गर्दथे । यि वंशका ६ जना राजाहरू (रणदेव, जयदेव, जयभिमदेव, जयआनन्ददेव, जयराजदेव र जय अर्जुनदेव) बि.सं. १२३७ देखी १४३८ सम्मको अवधिमा नेपालको राजा भएको उल्लेख छ ।

राजा जयभिमदेवको पालामा इ. १२६० मा बनेपा (वल्पो) का अरनिको ८० जना कलाकार सहित तिब्वती सरकारको अनुरोधमा तिब्वत पुगेका थिए । पछि उनी त्यहींबाट परिवार सहित चीन पुगे । अरनिकोको कारणले नेपाल र चीन बीचको सम्बन्ध सुमधुर रहेको थियो । अरनिको चीन गएपछि चीनबाट धेरै पटक नेपालमा चिनियाँ प्रतिनिधिमण्डलले भ्रमण गरेका थिए । यक्षमल्लको मृन्यु (वि.सं. १५३८) पछि नेपाललाई चार राज्यमा विभाजन गरी उनका छोराहरूले शासन सञ्चालन गरेका थिए । बनेपाका राजा उनका माहिला छोरा रण मल्ल रहेका थिए । त्यतिवेला बनेपाको सिमाना पुर्वमा दुधकोशी, पश्चिममा साँगा भञ्ज्याङ्ग, उत्तरमा साँगाचोक र दक्षिणमा मेदिनी मल्लको वन (हालको महाभारत क्षेत्र) रहेको थियो । रणमल्लको मृत्य पश्चात बनेपा पुनः भक्तपुरमा नै गाभिएको थियो । शाह शासनकालको उदय पश्चात बि.सं. १८०३ भाद्र १८ गते गोरखा र भक्तपुरको संयुक्त फौजले साँखु, चाँगु, महादेवपोखरी र नाल्दुम कब्जा गरी दोलखासम्मका कान्तिपुरका प्रदेशहरू जिति भक्तपुरका राजालाई दिएका थिए ।

यी प्रदेश जयप्रकाश मल्ल राजगद्दीमा फर्केपश्चात कान्तिपुरले नै लिएको थियो । पछि बि.सं १९११ मा भने यि प्रदेशहरू गोरखाले नै लिएको थियो । पृथ्वी नारायण शाहले भक्तपुरको कब्जा (बि.सं. १८२६ मार्ग १४) गरे पश्चात बनेपा पनि बृहत नेपालमा गाभिन पुग्यो । करिव १५०० ई.पू. देखि ८८० ई सम्मको अवधिमा यस क्षेत्रमा मानव सभ्यता फष्टाएको पाइन्छ । यस भेगमा प्राचिन शिवलिङ्गहरु पाइनाले शैव धर्मका अनुयायी गोपालहरु पनि थिए भन्न सकिन्छ । दुम्जामा आश्रम भएका ने मुनि यस जिल्लावाट साँखु हुँदै काठमाण्डौं पुगेका थिए । त्यतिवेला काठमाण्डौमा आदिवासी नाग जातिहरु राज्य गर्दथे । यि मुनि गोपालवंशीहरुका पुरोहित रहेका थिए । दक्षिण तिरवाट आएका गोपालवंशीहरु र आदिवासीहरु बीच युद्ध Distirct Profile, Kavrepalanchowk 2074 11 जिल्ला वस्तुगत विवरण, काभ्रेपलाञ्चोकपलाञ्चोक, २०७४ भए पश्चात गोपालवंशीका सरदारको मृत्यु भयो तर यिनीहरुले गोपालवंशीहरुलाई युद्धमा हराएका थिए । र त्यसपछि उनै गोपालवंशी सरदारका छोरा भुक्तमानलाई राजा वनाएका थिए । त्यस्तै त्रेतायुगमा गौतम ऋषिकी पत्नी अहिल्यासँग इन्द्रले आफ्नो भेष बदली यौनसम्पर्क गरेका कारण गौतम ऋषिको श्राप "सहस्र भग भवः" (हजार योनीका होउ) बाट प्रायश्चित गर्न बिरुपाक्ष साँगा, मण्डन, पनौती, बनेपामा आएको जस्ता कथा नेपाल महात्म्यमा उल्लेख छ ।

त्यस्तै किराँतकाल (११०० ई.पू.-३०० ई.पू.)मा बनेपा सातगाउँ र मण्डन भेगमा किराँतहरु थिए । मण्डन चारदेवीको राईवारीमा किराँतहरुको दरवार रहेको भन्ने किम्वदन्ती रहेको छ । बनेपाकी चण्डेश्वरी त्यतिवेलाकी नाग कविलाकी राजकुमारी थिइन् भन्ने जनश्रुति पाइन्छ । चण्डासुरले भगवान शिववाट पुरुष शक्तिवाट नमर्ने वरदान पाएपश्चात उसले तिनैलोक माथी बिजय प्राप्त गर्‍यो । युद्धमा हारेका स्वर्गका राजा इन्द्रलगायत देवताहरुले बनेपा स्थित रक्त चन्दनको जंगलमा गई चण्डेश्वरी

सहायक प्रमुख जिल्ला अधिकारी

हमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

माताको प्रार्थना गर्न थाले । स्वर्गका राजा इन्द्र लगायत देवताहरु तपस्या गर्न थालेको थाहा पाई चण्डासुर त्यहीं आइपुग्यो तर देवताहरु बिभिन्न चराको रुप लिएर त्यहाँबाट आकाशतर्फ उडे । त्यतिनै बेला एक राक्षसले जङ्गलमा एक सुन्दरी देखेको चण्डासुरलाई जानकारी गरायो । चण्डासुरले सुन्दरीलाई नदेखेपछि आफुसँग भएको खड्गले एक रक्तचन्दनको रुख काट्यो । त्यो देखी रिसाई चण्डेश्वरी उत्पत्ति भई सो चण्डासुर राक्षसलाई मारिन् । तत् पश्चात चण्डेश्वरी मातालाई स्थानीयबासीहरुले रक्षकको रुपमा मान्दै आएको पाइन्छ । त्यस्तै ललितपुरका हरिसिद्धि देवी बनेपामा चाडमा पाहुना लाग्न बनेपा आएको बेलामा चण्डेश्वरी देवीकी छोरीलाई खाइदिएकाले हाल पनि ललितपुरकोहरिसिद्धिका मानिसहरु बनेपा र बनेपाका मानिसहरु ललितपुरकोहरिसिद्धि नजाने चलन रहेको छ ।

आधुनिक कालमा भने काभ्रेपलाञ्चोक जिल्ला केवल सैनिक प्रशासनको इलाका मात्र रहन गयो । यहाँका खत्री, बस्नेत, कार्की, थापा, आदि तथा उप्रेती, र खरेल जस्ता ब्राम्हण पनि सैनिक अधिकारी रहेका थिए । युद्धमा खुराकी एवं रसद पानीको लागि सहयोग गर्ने पाण्डे, पन्त, मैनाली, अधिकारी, नेपाल, सापकोटा, सेंढाई, उप्रेती, खरेल आदिले बिर्ताहरु पाउनुका साथै सैनिक तथा प्रशासन सेवामा जागीरको साथै पुरेत बन्ने मौका पनि पाएका थिए । अंग्रेजसंगको युद्ध पश्चात सन्धीका लागि नेपालतर्फवाट खटिने मुख्य व्यक्ति चन्द्रशेखर काभ्रेपलाञ्चोकपलाञ्चोकका थिए । कोत पर्व पश्चात कुपण्डोलमा बनेपा बुडोलका एकजना खत्री थरका सैनिक राणाद्धारा मारिएका थिए । त्यतिवेला उक्त मारिने सैनिकका छोरा दाप्चाको किल्लामा सैनिक अधिकारी रहेका थिए । पछि गल्तीले मारिएका भन्दै छोरालाई दाप्चावाट बोलाउदा यिनी पनि मारिने आशंकामा राणाको हातवाट मर्नुभन्दा आफै मर्नु बेस भनी आफ्नै खुकुरीले सेरिएर आत्महत्या गरेका थिए ।

यस जिल्लामा पनि राणा विरोधी व्यक्तिहरु सामाजिक र शैक्षिक जागरणका काममा सहभागी हुँदै गएका थिए । अनेकोटका कृष्णप्रसाद खतिवडा (जिल्लाका प्रथम बी.ए.) १९२५ इ. (८२ सालको पर्व) को पुस्तकालय पर्वमा हस्ताक्षर गरेवापत दण्डमा परेका थिए । शहिद गंगालालले इ.सं. १९३७ मा बनेपामा महावीर विद्यालयको उद्घाटन गरेका थिए । राजनैतिक शिक्षा समेत दिईने उक्त विद्यालयमा गंगालाल, शुक्रराज, दशरथ चन्द, चिनियालाल, फत्तेबहादुर, गणेशबहादुर, इन्द्रमान आदि शिक्षक रहेका थिए । १९४० भएको शहीद काण्ड पश्चात यो विद्यालय बन्द भएको थियो । त्यसपछि यस क्षेत्रमा धेरै विद्यालयहरु खोलिएका थिए । जिल्लाका व्यक्तित्व हंसराज क्षेष्ठ राजनीतिक गतिविधिमा सक्रिय भएको अभियोग लागी दुईपटक पक्राउ पनि परेका थिए । राणा विरोधी गतिविधिहरु सञ्चालन गर्ने, आश्रयस्थल र प्रशिक्षण केन्द्रको रुपमा समेत प्रयोग गरिएको पाइन्छ । २००७ सालको आन्दोलनमा सिन्धुली देखि काठमाण्डौ सम्म हतियार पुऱ्याउने मार्गको रुपमा रहेको थियो भने केही युवा हरु मुक्ति सेनामा समेत लागेका थिए । उक्त क्रान्तीको बेला बनेपा सातगाउँ मुख्य केन्द्रको रुपमा रहेको थियो भने पाँचखाल, पलाञ्चोक, दाप्चा, मंगलटार आदि स्थानले पनि महत्वपुर्ण योगदान पुऱ्याएको पाइन्छ ।

## १.२ जिल्लाको नामाकरण :

बि.सं. २०१८ सालको प्रशासनिक विभाजन पूर्व यस जिल्लाका भू-भागहरू पूर्व १ नं. क्षेत्र अन्तरगत पर्दथ्यो । इतिहास अनुसार पूर्व १ नं. क्षेत्रमा २८ मौजाहरू रहेका थिए जसको सदरमुकाम चौतारा रहेको थियो । ति मौजाहरू मध्ये काभ्रे र पलाञ्चोक दुई ठुला मौजाहरू अन्तर्गतका गाउँहरूलाई मिसाई काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लाको नामाकरण गरिएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## १.३ जिल्लाको भौगोलिक अवस्थीति :

बागमती प्रदेशमा पर्ने काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्ला मध्यपुर्वी पहाडी भु-भागमा अवस्थित जिल्लाहरु मध्ये एक हो । जिल्लाको सदरमुकाम देशको राजधानी काठमाडौंबाट करिव ३१ कि.मि.को दुरीमा रहेको छ । यो जिल्ला ८५°२४' देखि ८५°४९' पूर्वीदेशान्तर र २७°२०' देखि २७°४५' उत्तरी अक्षांशका बीच १४०४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाण्डौ, ललितपुर र भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक, दक्षिणमा सिन्धुली र मकवानपुर जिल्ला पर्दछन् । पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाँडा एवं साँगा भञ्ज्याङ, उत्तरमा इन्द्रावती एवं सुनकोशी नदी र दक्षिणमा कोखाजोर एवं खानी खोलाले घेरिएको यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ । ६ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु रहेको यस जिल्लाको भु–भागलाई विशेषगरी कोशीपारी, तिमाल, दाप्चा, उपत्यका, डाँडापारी र रोशी जस्ता क्षेत्रहरुमा विभाजन गरिएको छ । क्षेत्रफलका हिसाबले पाँचखाल नगरपालिका सबैभन्दा ठूलो मानिन्छ । उपत्यका क्षेत्र (बनेपा, पनौती, पाँचखाल) जस्ता क्षेत्रहरु तुलनात्मक रुपले सुगम मानिन्छन् भने रोशी, कोशीपारी तथा डाँडापारीका क्षेत्रहरु अझैपनि विकट छन् । समुन्द्र सतहदेखि ३१८ मिटर (कोखाजोर खोला) देखि ३०१८ मिटर (वेथानञ्चोकको नारायणस्थान डाँडा ) सम्मको उचाइ रहेको यस जिल्लाको अधिकांश भाग पहाडी भू-धरातलले भरिएको छ । काभ्रेपलाञ्चोक नित्य चण्डेश्वरीबाट काभ्रेपलाञ्चोक र प्रशिद्ध पलाञ्चोक भगवतीबाट पलाञ्चोक चयन गरी यस जिल्लाको नाम काभ्रेपलाञ्चोकपलाञ्चोक रहन गएको हो ।

## १.४ भू बनोट :

जिल्लाको अधिकांश भु- भाग डाँडा, पाखा र पखेराले भरिएको छ भने कहिँ कतै पहाडको बिचबिचमा समथर टार र वेशीहरु जस्तै मंगलटार, दाप्चाबेशी, भकुण्डेबेशी, खोपासी, कुन्ताबेशी आदि फाँटहरु रहेका छन् । महाभारत शृङ्खलाभित्र पर्ने यी क्षेत्रहरुको भौगोलिक संरचनालाई हेर्दा दक्षिणी क्षेत्र बलौटे ढुंगाले बनेको सिवालिक समुह जो चाँडो क्षयिकरण हुने खालको भू-बनोट रहेको छ भने फुल्चोकी क्षेत्रमा काठमाडौं समूहका कमजोर प्रकारको स्लेट, फाइलेट, चिटस् , सेल र चुनढुङ्गाले भरिएको छ जसमा पनि भू-क्षय बढी हुने देखिन्छ (इसिमोड १९९३), यस जिल्लामा भू-धरातलीय विविधताले गर्दा विभिन्न क्षेत्रमा विभिन्न प्रकारको माटो पाइन्छ । सामान्यतया बेशी, टार र उपत्यकाहरुमा रातो माटो प्रशस्त मात्रामा पाइन्छ भने मध्ये पहाडी क्षेत्रमा चिम्टाइलो माटो रहेको छ । त्यसैगरी नदी किनारका क्षेत्रहरुमा पाँगो र दोमट माटो पाइन्छ । कुल भूमिमध्ये करिव ९७.१ प्रतिशत क्षेत्र मध्यपहाडी क्षेत्र अन्तर्गत पर्दछ भने बाँकी २.९ प्रतिशतक्षेत्र सिवालिक क्षेत्र अन्तर्गत पर्दछ । यो जिल्ला दक्षिण पूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्दछ जसले गर्दा जुन देखि सेप्टेम्बर महिनासम्ममा कुल वार्षिक वर्षाको करिब ८० प्रतिशत वर्षा हुन्छ भने बाँकी अक्टोबरदेखि मे महिना सम्मको आठ महिनामा २० प्रतिशत वर्षा हुने गर्दछ । बागमती जलाधार रोशी जलाधार क्षेत्र हुँदै मनसुनी वायु जाने हुँदा सबैभन्दा बढी वर्षा यसै क्षेत्रमा हुने गर्दछ ।

## १.५ हावापानी :

जिल्लाको धरातलीय विविधता सँगसंगै यहाँको हावापानीमा पनि विविधता पाईन्छ । यस जिल्लाको दक्षिणी भागका कोखाजोर खोला र बाग्मती नदी देखी जिल्लाको मध्य भागमा अवस्थित फूलचोकी र महाभारत श्रृंखलाको भौगोलिक विविधता हेर्दा खासगरी तीन प्रकारको हावापानी पाइन्छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

**१. अर्धउष्ण हावापानी (Sub Tropical)**: समुन्द्र सतह देखी १००० मि. सम्म उचाईमा रहेका सुनकोशी नदी किनार र रोशी क्षेत्रको पूर्वी भाग तथा पाँचखाल उपत्यकाका साथै दक्षिणतर्फ सिवालिक क्षेत्रहरू पाँचखाल, महादेवस्थान, भकुण्डेबेशी, मंगलटार, साल्मेचाकल(तालढुंगा), शिखर अम्बोटे र गोकुलेमा यस प्रकारको हावापानी पाइन्छ। यस क्षेत्रको तापक्रम ५ देखी ३४ डिग्री सेल्सियस सम्म हुने गर्दछ।

**२. न्यानो समशीतोष्ण हावापानी (Mild temperature)**: समुन्द्र सतहबाट करिव १००० मि. देखी २००० मि. सम्मको क्षेत्रमा यस प्रकारको हावापानी पाइन्छ। जिल्लाको भौगोलिक वनावट अनुसार प्राय क्षेत्रहरूमा यस प्रकारको हावापानी पाइन्छ। बनेपा, पनौती लगायत जिल्लाका अधिकांश भागहरू यस क्षेत्रमा पर्दछन्। यस क्षेत्रको तापक्रम २ देखी २८ डिग्री सेल्सियस सम्म हुने गर्दछ।

**३. ठण्डा शीतोष्ण हावापानी (Cool Temperature):** खासगरी यस प्रकारको हावापानी समुन्द्र सतहवाट २००० मि. भन्दा माथीका क्षेत्रहरूमा पाइन्छ। जिल्लाका चौवास, च्याम्राङबेसी, नगरकोट, पोखरी नारायणस्थान तथा महाभारत श्रृंखलाहरू लगायतका क्षेत्रहरूमा पाइने गर्दछ। यी स्थानहरूको तापक्रम ० देखी १८ डिग्री सेल्सियस सम्म हुने गर्दछ। यि क्षेत्रहरूमा हिउँदमा हिमपात समेत हुने गर्दछ।

## १.६ वर्षा :

यस जिल्ला दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखी भाद्र सम्ममा प्रशस्त पानी पर्दछ। यी महिनाहरूमा कुल वर्षाको ८० प्रतिशत सम्म पानी पर्दछ। जिल्लाका मुख्य दुई जलाधारक्षेत्रहरू वाग्मती र रोशी क्षेत्र हुँदै न्यून चापङी वायु जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ। यी दुवै जलाधारक्षेत्रहरू महाभारत क्षेत्रको सेरोफेरोमा पर्ने गर्दछ। सबैभन्दा कम वर्षा जिल्लाको उत्तर पूर्वी क्षेत्रका पहाडी भू-भागहरूमा हुने गर्दछ। रोशी जलाधार क्षेत्रमा १३०० देखी २००० मि.मि. र बाग्मती जलाधार क्षेत्रमा २००० मि.मि भन्दा बढी तथा सुनकोशी क्षेत्रमा १३०० मि.मि. भन्दा कम वर्षा हुने गर्दछ। जिल्लामा सबैभन्दा बढी वर्षा हुने कोखाजोर खोला क्षेत्र हो जहाँ २६८७ मि.मि. वर्षा हुने गर्दछ।

## १.७ राजनैतिक विभाजन :

काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लालाई प्रतिनिधि सभा निर्बाचन क्षेत्र २ र प्रदेश सभा निर्वाचन क्षेत्र ४वटा मा विभाजन गरिएको छ। यस जिल्लामा ६ वटा नगरपालिका (धुलिखेल, बनेपा, पनौती, पाँचखाल, मण्डनदेउपुर र नमोबुद्ध न.पा) र ७ वटा गाउँपालिका ( रोशी, तेमाल, भुम्लु, बेथानचोक, चौरीदेउराली, महाभारत र खानीखोला गा.पा) र १३५ वटा वडाहरु रहेका छन्। जिल्लामा दर्ता भएका राजनैतिक दलहरुको संख्या २६ वटा रहेको छ भने राष्ट्रिय मान्यता प्राप्त दलको संख्या ३ वटा ( नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस, र जनता समाजबादी पार्टी ) रहेका छन्।

## १.८ गाउँपालिका र नगरपालिकाको जनसंख्या बिवरण :

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस जिल्लाको कुल घरधुरी संख्या बढेको देखिएता पनि जिल्लाको कुल जनसंख्या अघिल्लो जनगणना भन्दा घटेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लाको कुल जनसंख्या ३,८१,९३७ रहेको छ, जसमध्ये पुरूष ४७.९० प्रतिशत (१,८२,९३६) र महिला ५२.१० प्रतिशत (१,९९,००१) रहेका छन्। गत २०५८ सालको जनगणनामा जिल्लाको कुल जनसंख्या ३,८५,६७२ रहेको

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## १.९ वन क्षेत्रको विवरण :

काभ्रेपलाञ्चोक जिल्लामा जम्मा बन क्षेत्र ७७५५२ हे. (५५.२%) रहेको छ । भने यस जिल्लामा हालसम्म सामुदायिक वन ५६४ र कबुलियति बन ४३० रहेको छ, जसको क्षेत्रफल क्रमश २८,१९४.५९ हे. र २६४० हे. रहेको छ भने सरकारद्वारा व्यवस्थापन गरिएको बन क्षेत्र ४६७४१.० हे. रहेको छ । जिल्लाको बन क्षेत्रको विवरण निम्न अनुसार रहेको छ ।

### काभ्रे जिल्लाको वन क्षेत्रको संक्षिप्त विवरण

| जिल्लाको वन सम्वन्धि विवरणहरु | | |
|---|---|---|
| **जिल्लाकोकुल क्षेत्रफल** | १,४०,४८६ हे. | |
| **वनलेओगटेको क्षेत्रफल** | ७३०७५.५ हे. | जिल्लाको क्षेत्रफलको ५२. ०२ % |
| क) सरकारद्धारा व्यवस्थापन गरिएको वन | ३९१७० हे | |
| ख) सामुदायिक वन | | |
| हस्तान्तरीत सा.व.संख्या | ५७८ | |
| हस्तान्तरीत सा.व.क्षेत्रफल | २७२६४.३९हे.(नविकरण गर्दा कायम हुन आएको २९६००.०९ हे.) | |
| लाभान्वित घरधुरी | ५८५०० | |
| लाभान्वित जनसंख्या | ३४१२०९ | |
| ग) कबुलियती वन | | |
| हस्तान्तरीत क.व.संख्या | ४६० | |
| क.व.क्षेत्रफल | २७६६.९९ हे(नविकरण गर्दा कायम हुन आएको २५३२.३७ हे) | |
| लाभान्वित घरधुरी र जनसंख्या | ४७९५ घरधुरी | |
| लाभान्वित जनसंख्या | २९६७४५ | |
| घ) अन्य प्रयोजनको लागी उपलब्ध गराइएको वन क्षेत्रको जग्गाको विवरण | १७७१.१३ हेक्टर | |
| ङ) धार्मिक वन | १ वटा १.६७२ हे | |
| च) निजी वन | ३८ जना, ३४.९८९ हे | |

श्रोत : डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोक
२०७९

## १.१० भू-उपयोग :

भूमिसुधार तथा व्यवस्थापन विभाग, भूमि पुर्नव्यवस्थापन परियोजनाले २०६५ मा तयार गरेको प्रतिवेदनमा यस जिल्लाको कुल क्षेत्रफल १,४०४ वर्ग कि.मि.उल्लेख गरेको छ । यस मध्ये कृषि भूमि ४३.८ प्रतिशत, वन क्षेत्र ५२.५ प्रतिशत रहेको छ । जिल्लाको भू उपयोगको स्थिति निम्न अनुसार रहेको छ ।

तालिका : भू-उपयोगको स्थिति

| क.सं. | विवरण | सिवालिक हे. | मध्य पहाड हे. | क्षेत्रफल (हे.मा) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्र | १०८१ | ६०५१३ | ६१५९४ | ४३.८ |
| क) | उपत्यका, टार, बेंसी | ३१० | ७४४८ | ७७५८ | ५.५ |
| ख) | भिरालो | १३७ | ३९३०६ | ३९४४३ | २८.१ |

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

थियो जसमध्ये पुरुष १,८८,९४७, जिल्ला वस्तुगत विवरण, काभ्रेपलाञ्चोकपलाञ्चोक, २०७४ महिला १,९६,७२५ जना रहेका थिए । यसैगरी कुल जनसंख्याको ६२.५१ प्रतिशत नगरपालिकामा र बाँकी ३७.४९ प्रतिशत गाउँपालिकामा बसोबास गरेको देखिन्छ ।

यस जिल्लामा शारीरिक अपाङ्गता भएका २,२८४, दृष्टि बिहीन ११०५, श्रवण शक्ति नभएका ९६७, दृष्टिविहिन र श्रवण शक्ति दुबै नभएका २४६, सांकेतिक भाषा प्रयोग गर्ने ( बोल्न नसक्ने) ८७३, मानसिक अपाङ्गता भएका ४९१, बौद्धिक अपाङ्गता भएका २०६, बहुआयामिक अपाङ्गता भएका ४९८ गरि जम्मा ६,६७० अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । यस मध्ये ३,५७६ पुरुष तथा ३,०९४ महिला रहेका छन् *(तथ्याङ्क विभाग २०११)* । आगामी जनगणना २०७८ सालमा मात्र हुने भएकोले उक्त जनगणनाको अद्यावधिक नभएसम्म २०६८ को जनगणनाको तथ्यांक नै आधिकारिक हुने भएकोले यस दस्तवेजमा नयाँ संरचना अनुसार जिल्लामा स्थानीय तहहरुको जनसंख्याको विबरण देहाय बमोजिम तथ्याङ्क रहेको छ ।

**जनसंख्या बिवरण :**

| क.सं. | गाउँ/नगर पालिका | घरपरिवार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | भुम्लु गाउँपालिका | ४५१३ | ८८१६ | १०१०० | **१८९१६** |
| २ | चौरी देउराली गाउँपालिका | ४६६४ | ९४६८ | ११३६१ | **२०८२९** |
| ३ | खानीखोला गाउँपालिका | २३७२ | ७९६४ | ७३३४ | **१४३९८** |
| ४ | महाभारत गाउँपालिका | २९१० | ८९४१ | ९३४२ | **१८२८३** |
| ५ | तेमाल गाउँपालिका | ४८७६ | १०५८३ | १२१२९ | **२२७१२** |
| ६ | रोशी गाउँपालिका | ५८९६ | १३५३१ | १५२१५ | **२८७४६** |
| ७ | बेथानचोक गाउँपालिका | ३६०१ | ७६७९ | ९०९८ | **१६७७७** |
| ८ | नमोबुद्ध नगरपालिका | ६५८४ | १३६०४ | १५९१५ | **२९५१९** |
| ९ | मण्डन देउपुर नगरपालिका | ७३२८ | १५३२० | १७३३९ | **३२६५९** |
| १० | पाँचखाल नगरपालिका | ८५४४ | १७९४३ | २००५४ | **३७९९७** |
| ११ | धुलिखेल नगरपालिका | ७०६१ | १५४८४ | १६६७८ | **३२१६२** |
| १२ | बनेपा नगरपालिका | १२१०६ | २७३०५ | २८३२३ | **५५६२८** |
| १३ | पनौती नगरपालिका | १०१९६ | २१८०८ | २४७८७ | **४६५९५** |

स्रोत : राष्ट्रिय जनगणना २०६८

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | कम भिरालो | ६३४ | १७७५९ | १४३९३ | १०.२ |
| २ | बन जंगल क्षेत्र | २८०६ | ३६७५९ | ३९५६५ | २८.१६ |
| क) | १०-४० % Crown cover | ३९० | २१०९१ | २१४८१ | १५.२९ |
| ख) | ४०-७० % Crown cover | २७१६ | १४३४० | १६७५६ | ११.९२ |
| ग) | ≥ ७० % Crown cover | | १३२८ | १३२८ | ०.९४ |
| ३ | झाडी क्षेत्र | ४५ | ३४१९१ | ३४२३६ | २४.३७ |
| ४ | चरण क्षेत्र | १० | ३७५१ | ३७४६ | २.६७ |
| ५ | चट्टान | ८५ | ११८३ | १२६८ | ०.९ |
| ६ | नगर | - | ६० | ६० | ०.०४ |
| ७ | भु-क्षय | - | १२ | १२ | |
| कुल जम्मा | | ४,०२६.२८(२.९%) | १३६४५९ (९७.१%) | १४०४८६ | १००% |

श्रोत : जिल्ला वस्तुगत विवरण, २०७०, एल.आर.एम.पि (**LRMP**) र जि.व.का.वा.प्र.प्र काभ्रेपलाञ्चोक,

## १.११ सामुदायिक तथा संस्थागत विद्यालयहरु :

यस जिल्लामा आधारभुत र माध्यामिक तहका शैक्षिक संस्थाहरू गरी जम्मा ६८५ रहेका छन् । सामुदायिक विद्यालय तर्फ जम्मा ५८२ रहेका छन्, अघिल्लो आर्थिक वर्षमा ६०९ वटा रहेका थिए । त्यस्तै संस्थागत विद्यालयहरू १०३ रहेका छन् जुन अघिल्लो आर्थिक वर्षमा ११४ वटा रहेका थिए । गाउँपालिका तथा नगरपालिका अनुसार सामुदायिक तथा संस्थागत विद्यालय संख्या तलको तालिकामा दिईएको छ ।

**गाउँपालिका तथा नगरपालिकामा सामुदायिक तथा संस्थागत विद्यालयको विबरण :**

| क्रसं. | स्थानिय तह | बाके.वि. | सामुदायिक | | संस्थागत | | क्याम्पस | | प्राविधिक धार | | सामुदायिक सिकाई केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभुत | माध्यमिक | आधारभुत | माध्यमिक | सामुदायिक | निजी | CEHRD | CTEVT | |
| १ | पनौती नपा | ३६ | २२ | १२ | ३ | १६ | ३ | ० | ० | ० | १ |
| २ | धुलिखेल नपा | ३७ | २५ | ११ | १ | १० | २ | ० | १ | ० | १ |
| ३ | नमोबुद्ध नपा | ५० | २९ | ११ | ३ | ४ | ३ | ० | १ | ० | २ |
| ४ | मण्डनदेउपुर नपा | ३८ | २६ | १३ | ४ | ३ | १ | ० | ० | ० | २ |
| ५ | बनेपा नपा | २८ | १५ | १५ | ७ | ३४ | २ | २ | १ | ३ | २ |
| ६ | पाँचखाल नपा | २९ | २५ | १३ | ४ | ७ | १ | १ | ० | ० | २ |
| ७ | खानीखोला गापा | २३ | २९ | ९ | ० | ० | ० | ० | ० | ० | १ |
| ८ | बेथानचोक गापा | २७ | २० | १० | २ | ० | १ | ० | ० | १ | २ |
| ९ | महाभारत गापा | ३९ | ४३ | ७ | ० | ० | ० | ० | १ | ० | ३ |
| १० | तेमाल गापा | ४८ | ३१ | १० | ० | ० | ० | ० | ० | १ | ३ |
| ११ | चौरीदेउराली गापा | ४६ | २७ | १२ | ० | ० | १ | ० | १ | २ | ७ |
| १२ | रोशी गापा | ७० | ५३ | १६ | १ | २ | १ | ० | १ | ० | ५ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | भुम्लु गापा | १९ | ३३ | १० | १ | ० | १ | ० | ० | १ | ३ |
| | जम्मा | ४९० | ३७८ | १४९ | २६ | ७६ | १६ | ३ | ६ | ८ | ३४ |

**स्रोतः शिक्षा विकास तथा समन्वय इकाईको बुलेटिन २०७७।२०७८**

## १.१२ स्वास्थ्य र सरसफाइ :

यस जिल्लामा ५० शैयाको एक प्रादेशिक अस्पताल (मेथिनकोट अस्पताल), १५ शैयाको एक धुसेनी शिवालय अस्पताल ,४ प्राथमिक स्वास्थ्य केन्द्र, ८९ स्वास्थ्य चौकी र २१ सामुदायिक स्वास्थ्य केन्द्र ,१७ शहरी स्वास्थ्य केन्द्र गरी १३३ स्वास्थ्य संस्थाबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा प्रदान गरिदै आएको छ। स्वास्थ्य कार्यालयबाट खोप कार्यक्रम, पोषण कार्यक्रम, एकिकृत बालरोग व्यवस्थापन कार्यक्रम, नवजात शिशु स्याहार कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम, महिला स्वास्थ्य स्वयं सेवक कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रम, औलो रोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, कुष्ठरोग निवारण कार्यक्रम, हात्तिपाईले रोग निवारण कार्यक्रम, एच.आई.भि.एड्स तथा यौन जन्य रोग नियन्त्रण कार्यक्रम, दैनिक विरामी जाँच तथा निशुल्क स्वास्थसेवा, शहरी स्वास्थ्य सेवा, आपूर्ति व्यवस्थापन कार्यक्रम आदि बिभिन्न प्रकारका सेवा संचालन हुदै आईरहेको छ। यो सेवा संचालनका लागि यस जिल्लामा ३०२ गाउँघर क्लिनिक, ३३० खोप क्लिनिक तथा ९६८ महिला स्वास्थ्य स्वयं सेवकहरु रहेका छन्।

यस जिल्लामा निजी क्षेत्रवाट संचालित दुई ठुला अस्पताल धुलिखेल सामुदायिक अस्पताल तथा शिर मेमोरियल अस्पतालबाट पनि उपचारात्मक साथै जनस्वास्थ्यका कार्यक्रम खोप, सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका सेवा प्रदान गर्दै आएका छन्। परिवार नियोजन संघ बनेपा,परिवार कल्याण केन्द्र पाँचखाल, मेरी स्टोप्स सेन्टर बनेपा, मेरी स्टोप्स सेन्टर पाँचखाल, आई.सि.डि.नेपाल बनेपा, हामी महिला बनेपा, समाज सेवा समुह महादेवस्थान आदि गैरसरकारी क्षेत्रबाट संचालित संस्थाहरुबाट पनि स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्। यसैगरी काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लामा कृष्ण प्रसाद अस्पताल बनेपा, एच.आर.डि.सि.बनेपा, स्पाईनल ईन्ज्युरी पुनस्थापन केन्द्र, बनेपा अस्पताल बनेपा, सत्य साई अस्पताल वनेपा, भैरव अस्पताल पनौती, एम.एन्.पोलिक्लिनिक पनौती, के.वि.पोलिक्लिनिक बनेपा, पाँचखाल पोलिक्लिनिक पाँचखाल आदि संस्थाहरु काम गरिरहेका छन्। उल्लेखित स्वास्थ्य संस्थाहरूमा मानव संसाधनको उपलब्धता ८१.८ प्रतिशत रहेको छ।

**यस जिल्लामा रहेका स्वास्थ्य कार्यलय, पूर्वाधारहरु र उपलब्ध जनशक्तिको अवस्था :**

| क्र.सं. | स्वास्थ्य सेवाको किसिम | संख्या | सेवा विवरण |
|---|---|---|---|
| १. | अस्पताल संख्या (६५ सैयाको) | २ | मेथिनकोट, धुसेनी सिवालय |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र संख्या | ४ | पाँचखाल नगरपालिका १, धुलिखेल नगरपालिका १, पनौती नगरपालिका २ ( खोपासी र सुन्थान ) |
| ३. | स्वास्थ्य चौकी | ८९ | १३ गाउँपालिका तथा नगरपालिकाहरुमा |

सहायक प्रमुख जिल्ला अधिकारी

पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ४. | शहरी स्वास्थ्य केन्द्र | १७ | धुलिखेल ३,बनेपा ४, पनोति २, पाँचखाल ४,नमोबुद्धमा ३ मण्डनदेउपुरमा १ गरी १७ वटा |
| ५. | सामुदायिक स्वास्थ्य ईकाइ | २१ | रोशि २, तेमाल ३, भुम्लु ५, चौरी १, बेथानचोक २, महाभारत ४, खानीखोला |
| ६. | आधारभुत स्वास्थ्य केन्द्र | १० | महाभारत गाउँपालिका२, बेथानचोक गा.पा १वटा |
| ७. | आँखा अस्पताल | १ | बनेपा नगरपालिका |
| ८ | जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र | १ | बनेपा नगरपालिका |
| ९ | आयुर्बेद औषधालय | १ | धुलिखेल नगरपालिका |
| १० | निजि अस्पताल | ४ | बनेपा अस्पताल, कृष्ण प्रसाद, भैरव , सत्य साई अस्पताल, भोमी अस्पताल |
| ११ | सामुदायिक अस्पताल | १ | अस्पताल बनेपा, डि.सि. डब्लु. डि.सि. नाग्रे गगर्चे चौरीदेउराली, स्पाईनल इन्जुरी अस्पताल, बाल अपागं अस्पताल |
| १२ | बर्थिङ सेन्टर | ३६ वटा | धुलिखेल १ वटा , बनेपा १, पनौती ३, पाचँखाल ४, नमोबुद्ध २, मण्डनदेउपुर २, रोशी ४ , तिमाल २, भुम्लु ३, चौरीदेराली ३, बेथानचोक १, महाभारत ५, खानीखोला ५, |
| १३ | महिला स्वास्थ्य स्वयंसेविका संख्या | ९६८ | |
| १४ | डाक्टर दरबन्दी संख्या | ७ | |
| १५ | मानवसंसाधनको उपलब्धता (%) | ६०.३ | |

*स्रोत: स्वास्थ्य कार्यालय २०७८*

## १.१३ काभ्रेपलाञ्चोक जिल्लाका नदीहरुको बिवरण :

जिल्लामा मुख्य नदीहरु एवं साना ठूला गरी ४९२ वटा नदी, खोला तथा झरना रहेका छन् र जिल्लाभित्र यिनको कुल लम्बाई १,५७३ कि.मी. रहेको छ। मुख्य नदी र खोलाहरूमा इन्द्रावती, सुनकोशी नदी, रोशी खोला, कोखाजोर खोला, वाग्मती, खानी खोला रहेका छन् । सुनकोशी र इन्द्रावतीको मुहान हिमाली क्षेत्र रहेकोले यी सदैव अटुट रूपमा पूर्ण जल प्रवाह साथ बग्दछन् भने रोशी, कोखाजोर खोला, खानी खोलाको मुहान महाभारत श्रृंखलामा पर्ने भएकोले हिउँदमा यस नदीमा पानीको मात्रा घट्दछ । रोशी खोलाको करिव ५३४ र सुनकोशी तथा इन्द्रावती नदीको ७४२ वर्ग कि.मी र वाग्मती नदीको १२९ वर्ग कि.मि क्षेत्र जलाधार क्षेत्रको रुपमा रहेका छ । जिल्लामा मुख्यगरी रोशी, सुनकोशी, इन्द्रावति वागमती र कोखाजोर गरी ४ जलाधार क्षेत्रहरु रहेका छन् । उक्त जलाधार क्षेत्रहरुमा जम्मा ५९ उपजलाधार क्षेत्रहरु समेटिएका छन् ।

## २.१४ कृषि ज्ञान केन्द्रको अवस्था :

नेपालको आर्थिक सम्वृद्धि कृषि क्षेत्रको दीगो विकाससँग अन्योन्याश्रित रुपले जोडिएको छ। अझै पनि कूल ग्रार्हस्थ उत्पादनमा करीब एक तिहाई योगदान कृषि क्षेत्रले नै दिएको छ । ग्रामीणस्तरमा रोजगारीका अवसर मार्फत आयआर्जन सुनिश्चितता गर्दै मुलुकलाई समष्टिगत रुपमा खाद्य पोषण सुरक्षाको प्रत्याभूती गराउन कृषि क्षेत्रको विकासबाटै सम्भव देखिन्छ। यसका लागि उपलब्ध श्रोत साधन

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

तथा तुलनात्मक लाभको उपयोग गर्दै कृषिमा व्यवसायिकता ल्याई सम्मानजनक पेशाको रुपमा स्थापित गर्नु आजको अपरिहार्य आवश्यकता हो । जिल्ला कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकपलाञ्चोकको वार्षिक प्रतिबेदन २०७३ अनुसार जिल्लाको भू-उपयोगको स्थिति हेर्दा ४३.८५ प्रतिशत कृषि क्षेत्र रहेको छ, जसको वितरण निम्न अनुसार रहेको छ। जिल्लामा कृषि योग्य भूमि ६१५९८ हेक्टर रहेको छ। उक्त जग्गा मध्ये खेतको क्षेत्रफल ११३१० हेक्टर रहेको छ ।

**कृषि सूचकाङ्कहरु**

| | |
|---|---|
| • पेशागत रुपमा कृषितर्फ | : ६४.४५प्रतिशत |
| • गैर कृषिमा आधारित | : ३५.५५ प्रतिशत |
| • कृषि क्षेत्र | : ६१५९४ ( ४३.८) |
| • सिचाई योग्य भुमि | : ४४०७९ |
| • बाह्रै महिना सिचाइ | : ७१४० हैक्टर (१४.८९) |
| • मौसमी रुपमा सिचाइ उपलब्ध हुने क्षेत्र | : ४१७० ( ८.६) |
| • खेति गरिएको क्षेत्रफल | : ४८४४० हेकटर , ७८.६३ कृषि क्षेत्रको |

स्रोतः जिल्ला कृषि विकास कार्यालयको प्रतिबेदन, २०७३

## २.१५ पशु विकासको अवस्था :

काभ्रे जिल्ला पशुपंक्षी उत्पादन हिसाबले प्रशस्त सम्भावना रहेको जिल्ला हो । यस जिल्ला पशुपंक्षीजन्य उत्पादनको हिसाबले अग्रणी स्थानमा पर्दछ । विगत केही वर्षदेखि यस जिल्लामा प्रशस्त पोल्ट्री फर्महरू स्थापना भएका छन् । जिल्लाका पशुजन्य उत्पादनका लागि प्रमुख क्षेत्रहरूलाई गाई, भैंसी, बाखा, बंगुर, कुखुरापालनको हिसाबले पकेट क्षेत्रको रूपमा विकास गरिदै लगिएको छ ।

जिल्ला पशुसेवा कार्यालय काभ्रेपलाञ्चोक २०६९ र जिल्ला दुग्ध सहकारी संघ, काभ्रेपलाञ्चोकको प्रतिवेदन अनुसार काभ्रेपलाञ्चोक जिल्ला दुग्ध तथा दुग्ध जन्य पदार्थहरूको उत्पादनका लागि महत्वपुर्ण जिल्लाको रूपमा परिचित रहेको छ । यस जिल्लामा .दुग्ध उत्पादन तथा दुग्ध निर्यातमा सहकारीहरू क्रियाशिल रहेका छन् । यस जिल्ला कुखुरा तथा अण्डा उत्पादनका लागि यस जिल्ला उर्वर भूमि बन्दै गएको छ। पोल्ट्री व्यवसायी मञ्चका अनुसार यस जिल्लामा हाल ९९ वटा पोल्ट्री फर्महरू सञ्चालनमा रहेका छन् ।

| | |
|---|---|
| ➢ मासु पसल | : ९६ |
| ➢ दुग्ध डेरी | : १७ |
| ➢ दुग्ध चिसियन केन्द्र | : ३० |
| ➢ पशु हाटबजार | : २ |
| ➢ पशु बध स्टल | : २ |
| ➢ कृत्रिम गर्भ धारण केन्द्र | : १० स्था १ बिज्ञ ११ |
| ➢ कुखुरा फार्म | : ९९ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पाँचखाल नगरपालिका | पाँचखाल | २० | उत्तर पूर्व | पक्की | १२ महिना सहज |
| ६ | मण्डनदेउपुर नगरपालिका | महादेवस्थान मण्डन | ३० | उत्तर | आंशिक पक्की | १२ महिना सहज |
| ७ | भुम्लुटार गाउँपालिका | सल्लेभुम्लु | ३५ | उत्तर पूर्व | आंशिक पक्की | १२ महिना सहज |
| ८ | चौरीदेउराली गाउँपालिका | कात्तिके | ४५ | उत्तर पूर्व | ग्राभेल कच्ची | हिँउदमा सहज |
| ९ | तेमाल गाउँपालिका | पोखरी नारायणस्थान | २८ | पूर्व | आंशिक कच्ची | १२ महिना सहज |
| १० | रोशी गाउँपालिका | कटुन्जेबेशी | २५ | दक्षिण पूर्व | आंशिक पक्की | १२ महिना सहज |
| ११ | महाभारत गाउँपालिका | बनखु चौर | ६० | दक्षिण | आंशिक कच्ची | हिँउदमा सहज |
| १२ | बेथानचोक गाउँपालिका | ढुँडखर्क | १८ | दक्षिण पश्चिम | ग्राभेल कच्ची | हिँउदमा सहज |
| १३ | खानीखोला गाउँपालिका | साल्मेचाकल | ५५ | दक्षिण | आंशिक कच्ची | हिँउदमा सहज |

## ख) यातायात सम्बन्धि थप विवरण

**मुख्य राजमार्ग** (काभ्रेपलाञ्चोक जिल्लामा ) :-

| | |
|---|---|
| • अरनिको राजमार्ग : | ३८ कि.मि. |
| • वि.पि. राजमार्ग : (बनेपा, सिन्धुली, बदिबास) | ५५ कि.मि. |
| • पुष्पलाल मध्यपहाडी राजमार्ग : | ४७ कि.मि. |

### जिल्ला भित्रका रणनितिक हिसाबले महत्वपूर्ण सडकहरु :

| सि.नं. | सडकको नाम | लम्बाई कि.मि. |
|---|---|---|
| १. | बनेपा-खोपासी | ९.५४कि.मि. |
| २. | पाँचखाल-मेलम्ची-हेलम्बु | १०.६३ कि.मि. |
| ३. | पाँचखाल-पलाञ्चोक भगवती | ११ कि.मि. |
| ४. | ग्वार्को-पनौती | २० कि.मि. |
| ५. | बखुण्डोल-बोगटीगाउ | २ कि.मि. |
| ६ | पनौती-शंखु | १.३३ कि.मि. |
| ७ | अमालडोर-नाला-बनेपा | ४.७३ कि.मि. |

श्रोत : जिल्ला सडक गुरुयोजना, २०७० जिविस काभ्रेपलाञ्चोक

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| | |
|---|---|
| ➢ दुग्ध सहकारी | : २७२ |
| ➢ विमा सहकारी समिति | : ४१ |
| ➢ डेरी उद्योग | : २६ |
| ➢ खुवा पसल | : २६ |
| ➢ चिज पसल | : ५ |
| ➢ छुर्पी | : ६ |
| ➢ जि पि फारम | : २ |
| ➢ बाखा फार्म | : १३५ |
| ➢ सहकारी संस्था | : २५ |
| ➢ दुग्ध उद्योग डेरी पसल | : २४ |
| ➢ बंगुर फार्म | : ७७ |
| ➢ गाई र भैसि फार्म | : ४४९ |
| ➢ हेचरी | : १५ |

स्रोतः भेटनरी अस्पताल तथा पशु सेवा बिकास केन्द्र, प्रतिबेदन, २०७८

## १.१६ यातायात :

यस जिल्लामा सडक बिस्तारगर्दा सबै प्रकारका सडकहरुको जम्मा लम्बाई १६९२.३ कि. मि. रहेको छ। जिल्ला भित्र निर्माण भएका सडकहरुलाई तीन प्रकारमा विभाजन गरिएको छ। रणनैतिक हिसावले महत्वपूर्ण सडक १५२.२३, शहरी सडक १५३.६३ जिल्ला सडक नेटवर्क ६३५.९० ग्रामिण सडक ७४८.८० प्रमुख हुन। रणनैतिक हिसाबले महत्वपूर्ण सडकहरुलाई फिडर सडकहरु, रष्टिय राजमार्गमा वर्गिकरण गरिएको छ। मुख्य राजमार्गको रुपमा रहेका अरनिको र वि.पि.राजमार्ग छन। अरनिको राजमार्ग यस जिल्ला भएर पूर्व उत्तर तर्फ जान्छ भने वि.पि राजमार्ग दक्षिण पूर्व तर्फ गएको छ। यस जिल्लामा भएका सडकहरुको विबरण देहाय वमोजिम रहेको छ।

**क) जिल्ला सदरमुकामबाट गाउँपालिका र नगरपालिकासम्मको दुरी र पहुँच**

| सि.नं. | स्थानिय तहको नाम | केन्द्र | दुरी | दिशा | सडक अवस्था | यातायात पहुँच |
|---|---|---|---|---|---|---|
| १ | बनेपा नगरपालिका | बनेपा | ५ | पश्चिम | पक्की | १२ महिना सहज |
| २ | धुलिखेल नगरपालिका | धुलिखेल | ० | | पक्की | १२ महिना सहज |
| ३ | पनौती नगरपालिका | पनौती | १२ | दक्षिण पश्चिम | पक्की | १२ महिना सहज |
| ४ | नमोबुद्ध नगरपालिका | दाप्चाकाशी खण्ड | २० | पूर्व | पक्की | १२ महिना सहज |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

## जिल्लाको मुख्य सडक सञ्जालमा पर्ने सडकहरुको नामावली :

| क.स नाम किलोमिटर | |
|---|---|
| १. नमोबुद्ध-शँखु-पनौती-कुशादेवी-रयाले-ग्वाको : | १९.६० कि.मि. |
| २. साँगा-आशापुरी-रयाले : | ९.४० कि.मि. |
| ३. घिमिरेगाँउ-नगरकोट : | १० कि.मि. |
| ४. भैसेपाटी-बाँसडोल-पनौती : | ७.३० कि.मि. |
| ५. हिँगुवापँटी-गैह्रीविसौना-नगरकोट : कि.मि. | १८.२० |
| ६. कुन्तावेशी-नयाँगाउँ-नगरकोट : कि.मि. | ९.२० |
| ७. बनेपा-रविओपी-पाँचखाल : | १४.५०कि.मि. |
| ८. पनौती-मल्पी-भूमिडाँडा : | ६ कि.मि. |
| ९. खोपासी-ढुँखर्क-च्याम्राङवेशी : कि.मि. | १८.४० |
| १०. रविओपी-देवीटार-अनेकोट-नयाँगाँउ : | ९.२० कि.मि. |
| ११. समाजकल्याण-अनेकोट : | ७.५० कि.मि. |
| १२. खोपासी-तालढुँगा : | ६०.६० कि.मि. |
| १३. च्याल्टी-फलामेटार-तालढुँगा : कि.मि. | ९.१० |
| १४. मिल्चे-बोराङ-तालढुँगा-बनखु : कि.मि. | २९.१० |
| १५. काभ्रेपलाञ्चोक भञ्ज्याङ-फसकोट-ईटे : | ४.४० कि.मि. |
| १६. विपि राजमार्ग-शारदा बतासे : | २.७० कि.मि. |
| १७. काभ्रेपलाञ्चोक भञ्ज्याङ-दाप्चा-पिपलटार-नौबिसे : कि.मि. | १८.५० |
| १८. कामीडाँडा भञ्ज्याङ-सिसाखानी : | २४.५० कि.मि. |
| १९. दोलालघाट-ज्याम्दी-हिँगुवापाटी : | २०.७० कि.मि. |
| २०. बोहोरे दोभान-आधाबाटो-मौरे : | १९.१० कि.मि. |
| २१. पाँचखाल-बोहोरे दोभान-ठुलोपर्सेल : | २८.५० कि.मि. |
| २२. तीनपिप्ले-कल्छे-बेला : | ९.९० कि.मि. |
| २३. शिखर आम्बोटे-साभाकोट-ताराखसे-गोकुले : | ७.१० कि.मि. |
| २४. माम्ती-तित्रेटार-चोपटार-ठुलोपर्सेल-दोलालघाट: | १२ कि.मि. |
| २५. भकुण्डे-पोखरी नारायणस्थान-मिल्चे : | ३०.४० कि.मि. |
| २६. पलाञ्चोक-खरेलथोक-कोशीदेखा : | ६.२० कि.मि. |
| २७. कटूञ्जे सिपाली बुढाखानी-बनखु : | २०.९० कि.मि. |
| २८. तीनपिप्ले-बालुवा-भेडाबारी : | ११.८० कि.मि. |
| २९. कटुञ्जे-तेमालवेशी-खार्पाचोक-कालिञ्चोक-सिपाली चिलाउने : | १५ कि.मि. |
| ३०. दोलालघाट-फलाटे-कोलाती-बिर्तादेउराली-गोठपानी-कात्तिके देउराली-मादन कुडारी : | ३०.२० कि.मि. |
| ३१. दोलालघाट-सल्लेभुम्लु-चौवास-नाग्रे गगर्चे : | ३८.७० कि.मि. |
| ३२. दोलालघाट-सापिङ-सिमथली-बेखसिम्ले : | २३.८० कि.मि. |
| ३३. कोलाती-ढाडखर्क-पोखरीचौरी-गुँरासे : | १४.४० कि.मि. |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| ३४. चिउरीबास-ढाडखर्क-बुढाखानी :<br>कि.मि. | १५.५० |
| ३५. चौबास-सलम्बु-किल्पुबगर :<br>कि.मि. | २०.६० |
| ३६. डाँडाखर्क-माझीफेदा-सैलुङ :<br>कि.मि. | १२.६० |
| ३७. पिप्लेदेउराली-चिसापानी-घ्याङडाँडा :<br>कि.मि. | १३.२० |
| ३८. कटुञ्जेवेशी-शिखर आम्बोटे-रोशीकिनार-पनौती: | ७.१० कि.मि. |

## रणनैतिक हिसाबले महत्वपूर्ण सडकको नाम

| सि.नं. | सडकको नाम | लम्बाई कि.मि | सि.नं. | सडकको नाम | लम्बाई कि.मि |
|---|---|---|---|---|---|
| १. | अरनिको राजमार्ग | ३८ | ८२ | जैसीथोक (फेदी)-चण्डनी | ७ |
| २. | वि.पि. राजमार्ग : (बनेपा, सिन्धुली, बदिबास) | ५५ | ८३ | मेथीनकोट १-काफ्लेथोक-मेथीनकोट २ | ४.४ |
| ३. | नयाँपुल-गल्कु-आशापुरी | ३.९ | ८४ | होक्से २-(पिपलबोट)-श्रीराम पाटी | २.८ |
| ४. | जोरघट्ट-पोखरीडाँडा-फुलचोकी | ३ | ८५ | तल्लो भञ्ज्याङ-खट्टार | ३.२ |
| ५. | पनौती-बाँसडोल-साँगा | ७.२ | ८६ | बोहोरे दोभान-तामाघाट | ९.४ |
| ६ | पनौती-कोलाती भूमिडाँडा-कुशादेवी | ६.५ | ८७ | तीनपिप्ले-बालुवा-बोहोरे दोभान | ९ |
| ७ | कालचोक-महेन्द्रज्योती-साँगा | ३.६ | ८८ | नास्पाती बोट-दाह्रेगौडा-भकुण्डे | ८.७ |
| ८ | करुणा मार्ग उग्रचण्डी-जनागाल-टुकुचा-बनेपा | ४.८ | ८९ | तल्लो हटिया-भकुण्डे | ५.४ |
| ९ | साँगा नासिका-नाला-टुकुचा | ४.५ | ९० | दाप्चा-गहते-फलामेसाघु | ९.१ |
| १० | ठुलोबाटो-थापागाउँ-पुलबजार | ३.६ | ९१ | फलामेसाघु-पिपलटार-बाघमारा | ७.१ |
| ११ | नाला-तीन दोबाटो-नाला अमालडोल | ४.८ | ९२ | चण्डीचौर-मासासंग्रे-गोकुले | ३.२ |
| १२ | पाटीखर्क-पोटगाउँबेशी-पार्थली भञ्ज्याङ | ८.१ | ९३ | फलामेसाघु-चण्डीचौर-काफडाँडा | ५ |
| १३ | ढुङखर्क-पाटनेखोला-चन्दनपुर | ३.४ | ९४ | फलामेसाघु-सान्साकोट-निगाले-गोकुले | ७.१ |
| १४ | च्याम्राङबेशी-थलगाउँ (ललितपुर) | ४.६ | ९५ | शिखरआम्बोटे-सन्नीखोला-पोटादोभान-चौकीडाँडा | ७.४ |
| १५ | ढुङखर्क- गोवा भञ्ज्याङ- च्याम्राङबेशी | १०.७ | ९६ | सन्नीखोला-महादेवटार-माटे-निगाले | ६.२ |
| १६ | खोपासी-चलाल गणेशस्थान | ९.७ | ९७ | सिपाली चिलाउने-चौकीडाँडा-सिसाखानी-नगाले | ६.४ |
| १७ | खावा-डारेलथोक | २.३ | ९८ | कटुञ्जे-चौकीडाँडा-पोटादोभान-सिपाली चिलाउने | ११.९ |
| १८ | सिम्पानी-गजल-मल्पी | ४.७ | ९९ | नारायणस्थान-बोल्दे | ३.६ |
| १९ | चालिसे-छिनेभञ्ज्याङ-फुलचोकी | ७.१ | १०० | होक्से ४ - पाडुला | ४ |
| २० | पनौती-मल्पी-पिप्चोक | ८.६ | १०१ | पाडुला | १ |
| २१ | शंखुपाटीचौर-पनौती-कुशादेवी-रयाले | १२ | १०२ | बुच्चाकोट-सेरा | ६.३ |
| २२ | मानेदोभान-खानी-लट्था भञ्ज्याङ | ७.३ | १०३ | सेरा-मेथिनकोट ७ | ६.९ |
| २३ | गेल्डुङ-गुल्मकोट | ५.२ | १०४ | मंगलटार बजार-छाप-थारुक | ५.७ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | हिगुवापाटी-गैरीबिसैना-नगरकोट | १५.२ | १०५ | देउराली-जोरसल्ला (मेथिनकोट - १) | ४ |
| २५ | सूर्यभञ्ज्याङ-नाला | ५ | १०६ | भकुण्डे-कानपुर-मेच्छेपौवा | ३०.४ |
| २६ | रविओपी-नगरकोट | ४.७ | १०७ | कानपुर ५ - कानपुर ६ -कानपुर १ | ८.४ |
| २७ | नाला-नगरकोट | १०.३ | १०८ | रोशी पुल-खार्पाचोक-कालिञ्चोक सिङ्गेलेख-सुगुरे-बनखु | १५ |
| २८ | उग्रचण्डी-टुकुचा-नाल्दुम- नगरकोट | १३ | १०९ | पिपलटार-ठुलो हटिया-खनालथोक | ५.९ |
| २९ | नगरकोट-हिगुवापाटी | १७.८ | ११० | तल्लो हटिया-खाक्सी-पिपलटार | ८.१ |
| ३० | नगरकोट-नयाँगाउँ-कुन्ताबेशी | १४.१ | १११ | नौबिसे-काके | ४.३ |
| ३१ | अनेकोट-तीनपिप्ले-कोट्याङ | १० | ११२ | दाप्चा खोला-खनालथोक | ३.५ |
| ३२ | नगरकोट-घुम्नेचौर | ११ | ११३ | दाप्चा पुल-चरङ्गे | २.७ |
| ३३ | ज्यामिरेकोट-पाँचखाल | ४.२ | ११४ | बोहोरे दोभान-अमालटारी-चुखा बेशी-ठुलो पर्सेल | २०.५ |
| ३४ | लामीडाँडा- ज्यामिरेकोट-कृष्ण मन्दिर | ८.४ | ११५ | गडेरीबेशी-लामागाउँ | ४.६ |
| ३५ | महादेवस्थान-चण्डेनी-जोगीटार | १२.३ | ११६ | मौरे-लामागाउँ-आधाबाटो-बोहोरे दोभान | १९.१ |
| ३६ | महादेवस्थान-मिट्ठेपानी | २.९ | ११७ | कालिञ्चोक-चौकीडाँडा | ९.३ |
| ३७ | काभ्रेपलाञ्चोकभञ्ज्याङ-देवीस्थान-धुलिखेल | ४.५ | ११८ | चौकीडाँडा-दुवाकोट | २.८ |
| ३८ | चुन्ताल-.(उग्रचण्डी)-त्रिवेदी -नाला) | ५.८ | ११९ | कटुञ्जे-सिपाली-बनखु | २०.९ |
| ३९ | गैरीगाउँ-रोहिणी भञ्ज्याङ | ६.८ | १२० | मानेदोभान-रानीकोट | ४ |
| ४० | पाँचखाल-अनेकोट-बनेपा | १४.५ | १२१ | मानेडाँडा-सापिङ | ७.५ |
| ४१ | बसेरी-धुम्का | ३.२ | १२२ | मानेडाँडा-भुम्लुटार-सापिङ | १०.२ |
| ४२ | मिल्चे बोराङ-तालढुंगा | ९.१ | १२३ | विर्तादेउराली स्वास्थ्य चौकी-कोलाती ठाँटी डाँडा | ७.६ |
| ४३ | भोर्लेनी-सिक्देदोभान- तालढुंगा | ५.४ | १२४ | लाष्टकोट-खार्पाचोक-सिपाली-बुढाखानी | १५ |
| ४४ | खोपासी- तालढुंगा | ५.९ | १२५ | फोक्सिङटार-मेलाङ्ग डाँडा | २.४ |
| ४५ | तालढुंगा-जगथली-गोकुले | १३.९ | १२६ | चवन्न किलो-पिपलडाँडा-गौरापिपल | ८.६ |
| ४६ | खोपासी-कामीडाँडा- तालढुंगा-भोर्लेनी | ४१.४ | १२७ | गौरापिपल-डाँडागाउ | ३.४ |
| ४७ | च्याल्टी-फलामेटार- तालढुंगा | १.५ | १२८ | देउराली-मेच्छेगाउ-नार्के | ८.८ |
| ४८ | कृष्णमन्दिर-ज्यामिरेकोट-देवीस्थान-लामीडाँडा | ७.७ | १२९ | पिन्थली-रोशीखोला | ६ |
| ४९ | खोपासी-च्यासिङखर्क-कामीडाँडा | १९.१ | १३० | नार्के दोभान-पिन्थली-रजवास-बुढाखानी | १५ |
| ५० | च्याल्टी- फलामेटार-भोर्लेनी | ९.१ | १३१ | चिउरीबास-मंगलटार-वाल्टिङ-बुढाखानी | १५.५ |
| ५१ | तीनपिप्ले-बालुवा-भेडाबारी | ११.३ | १३२ | मंगलटार -कालाधार-मेटवाल-कुरुबास-नारायणस्थान | १३.५ |
| ५२ | समाजकल्याण (पाँचखाल)-अनेकोट-नगरकोट | ७.५ | १३३ | कालढुङ्गा-खोलाघारी | ७.४ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | कामीडाँडा- तालढुंगा | ७.२ | १३४ | भञ्ज्याङ-भिमखोरी | १२.७ |
| ५४ | कामीडाँडा भञ्ज्याङ-मेघाम्सु-फलामसु | १५.६ | १३५ | कालढुङ्गा (भिमखोरी)-नउसाल | ७.१ |
| ५५ | बल्थली-टोड्के-सिउरेनी-मेथाम्सु | ७.१ | १३६ | पिप्ली-भिमखोरी | १२.२ |
| ५६ | नौबिसे-पिपलबोटे-चकपथ | ३.६ | १३७ | माम्ती-रामरिम | ८.७ |
| ५७ | काभ्रेपलाञ्चोकभञ्ज्याङ-सारदा बतासे-शंखु-नमोबुद्ध | ६.१ | १३८ | दोलालघाट-कोलाती-ढाडखर्क-कात्तिके देउराली-मादन कुडारी | ३१.५ |
| ५८ | सारदा बतासे-शंखु | ७.१ | १३९ | माम्ती-मेच्छे | ३ |
| ५९ | डोरामुख (रविओपी)-देवीटार-अनेकोट | ९.२ | १४० | कुडारी-दोभानटार | ६.५ |
| ६० | नगरकोट-घुम्नेचौर | ११ | १४१ | मादन कुडारी-कात्तिके देउराली | ४.७ |
| ६१ | पञ्चकन्या-चंखुबेशी | ३.४ | १४२ | कात्तिके देउराली-पचुवारघाट | १०.९ |
| ६२ | फेदिपिप्ले-शंखुपाटीचौर-विद्यालय | २.७ | १४३ | कात्तिके देउराली-विर्तादेउराली-तल्लो बाटो | १९.२ |
| ६३ | काभ्रेपलाञ्चोकभञ्ज्याङ-नमोबुद्ध-दाप्चा-काँके | १४ | १४४ | चौबास-गुमपाटी-ठुलो वाङथली-सानो वाङथली | ३.४ |
| ६४ | गा.वि.स. भवन बसेरी | ३.८ | १४५ | बाखिटी-सापिङ | १८.९ |
| ६५ | श्यामपाटी-कुरगाउँ-भालुखर्क | ५.५ | १४६ | देउराली बोक्से-चौरीखोला-गुन्सी भदौरे | ६.२ |
| ६६ | धारापानी-ढाँडरेखोला-माने | २.५ | १४७ | पोखरीचौरी-राम्चे-कात्तिके देउराली | ६.६ |
| ६७ | फूलबारी भकुण्डे | ९ | १४८ | चौरीखोला-पोखरीचौरी-ढाडखर्क | १०.५ |
| ६८ | खावा माथिल्लो बडालगाँउ-भट्टेडाँडा-काभ्रेपलाञ्चोकभञ्ज्याङ | ५.४ | १४९ | ढाडखर्क-गोठपानी-ठुलीपधेरा | ४.३ |
| ६९ | डाँडागाउँ-कल्छे-कर्नेलको जंगल | ६.५ | १५० | ढाडखर्क-बिलाचौरी खोला-पान्कचेत | १३.१ |
| ७० | डाँडागाउँ-कल्छे-तीनपिप्ले | ३.५ | १५१ | ढाडखर्क-चौबास | २१.५ |
| ७१ | काभ्रेपलाञ्चोकभञ्ज्याङ-खावा | ७.७ | १५२ | किल्पु नाग्रे-लाहुरे देउराली | १६.१ |
| ७२ | खावा-ठाँटी-हनुमानगढी | ५.१ | १५३ | लाहुरे देउराली-बाफल | ४.९ |
| ७३ | सर्वमंगला-रयाले | २.६ | १५४ | लाहुरे देउराली-चौबास | ५.८ |
| ७४ | सिसाखानी-ज्यातीमार्ग | २.४ | १५५ | गुम्पाटी-सानो वाङथली-ठुलो वाङथली-धुसेनी शिवालय | ७.५ |
| ७५ | तीनपिप्ले-ठुलीचौर-सितलवेशी | ८.५ | १५६ | सिम्थली-भिमस्थान-सापिङ-भिमस्थान-चौबास | ११.९ |
| ७६ | माथिल्लो होक्से-चिसापानीटार-ढाडरे खोला | ३.३ | १५७ | चौबास-भिमस्थान-सल्ले-मानेडाँडा | ३.८ |
| ७७ | होक्से-चिसापानी-फूलबारी-दोलालघाट | ७.१ | १५८ | मानेडाँडा-डुडुगाउ-छेडा | ८.६ |
| ७८ | लामीडाँडा- पलाञ्चोक-खरेलथोक-तिमालबेशी | २३.६ | १५९ | विर्तादेउराली-कोलाती-ठाँटी डाँडा | ७.६ |
| ७९ | चरङगे-धुवाकोट-काके-दाप्चा | ७.८ | १६० | मानेडाँडा-भुम्लुटार-सापिङ | १०.२ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | ५६ किलो-हिगुवापाटी (तल्लो बाटो) | २०.९ | १६१ | भुम्लुटार-दोलालघाट-मानेडाँडा-सापिङ | ७.५ |
| ८१ | चिसापानी-हिगुवापाटी | १९.४ | | | |

# परिच्छेद -२

## २.१ विपद् पूर्वतयारी योजनाको पृष्ठभूमी :

वि.सं. २०६६ सालमा गृह मन्त्रालयले सबै जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गुणस्तर वृद्धि, सुदृढीकरण र विपद् पूर्वतयारी र प्रतिकार्यलाई संस्थागत गर्न बाढीको लागि पूर्वतयारी योजना मार्गदर्शन तयार गरेको थियो । त्यसको परीक्षणका आधारमा सबै खालका प्रकोपहरू लक्षित गर्दै विपद् पूर्वतयारीका साथै प्रतिकार्य योजना समेत समावेश गरी "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" तयार गरी आवश्यक कार्यान्वयनका लागि सवै मन्त्रालय, विभाग, तथा जिल्लाहरूमा पठाईएको थियो ।

उक्त मार्गदर्शनले जिल्लाहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई स्पष्ट जिम्मेवारी दिएको छ । यसको आधारमा सबै जिल्लाहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिएको थियो । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ दैवी प्रकोप (उद्धार) ऐन, २०३९, स्थानीय स्वायत्त शासन ऐन, २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ आदि कानूनी तथा नीतिगत व्यवस्थामा आधारित थियो । यसै अनरुप काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लामा बि. स २०६७ मा पहिलो पटक पञ्चबर्षे योजनाको रुपमा जिल्ला बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइएको थियो ।

यस पश्चात् नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थामा धेरै परिवर्तन भएका छन् । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमवली, २०७६ ( पहिलो संशोधन, २०७६ मसिंर), पछिल्ला महत्वपूर्ण कानूनी तथा नीतिगत व्यवस्थाहरू रहेका छन । यसै कानूनी दस्तावेजका आधारमा सघं ,प्रदेश, स्थानीय तहहरुको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने क्षती न्यूनिकरण गर्न प्रयास हुदै आएको छ ।

## २.२ योजनाको औचित्य :

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । विपद् व्यवस्थापनका ३ वटा चरणहरु हुन्छन् । पहिलो चरण विपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनीकरणका कार्यहरू पर्दछन् दोस्रो चरण विपद् भैरहको बेलामा खोज उद्धार तथा आपतकालिन आवास र राहत भने तेश्रो चरणमा पुनर्स्थापना र पुनर्निमाणका गतिविधिहरू पर्दछन । राहत प्रतिकार्यमा गरिने लगानी र प्रतिफल भन्दा विपद्पूवको क्षती न्यूनीकरण गतिविधिहरु संचालन गर्न सकिएमा विपद् पश्चात हुने असर ६ गुणाले कम हुन्छ भन्ने मान्यता अध्ययनहरूले देखाएको छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ । तर पनि विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनु पर्दछ । काभ्रेपलाञ्चोकपलान्चोक जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना चौथौ पटक परिमार्जन गरिएको छ । यो कार्ययोजना मुख्यत: काभ्रेपलाञ्चोकपलान्चोक जिल्लामा बर्षेनी हुने विपद्का प्रकोपहरुबाट प्रभावित समुदायमा समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ। आगलागी, महामारी, भूकम्प जस्ता विपद्हरूलाई यस योजनामा समेट्एिको छ। हाल अहिले विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा प्रतिकार्यका लागि भएका प्रयासहरु समेत समावेश गरिएको छ। समग्रमा यो योजना सबै विषयगत क्षेत्रको नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) लगायतका बिपद्बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई ऋचयकक ऋगततष्लन क्ष्ककगभक का रुपमा लिई कार्य गर्नेगरि समेटने प्रयास गरिएको छ।

## २.३ योजनाको उद्देश्य :

विपद्को समयमा विपद् पीडितहरुको जीवनरक्षा र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय साधन तथा स्रोतको अधिकतम उपयोगका साथ कोरोना भाइरस (कोभिड-१९) को महामारीलाई पनि मध्यनजर गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ। योजनाका उद्देश्यहरु निम्नबमोजिम छन् :

- जिल्लास्थित जोखिममा रहेका गाउँपालिका तथा नगरपालिकाका वडाहरुको संकटासन्नता विश्लेषण गरी स्थानीय तहको पूर्व तयारी गर्ने।
- विपद् पीडित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन सुनिश्चितता गर्नु,
- जिल्लामा क्रियाशील विभिन्न निकायहरुको पहिचान एवं तिनको क्षमता तथा श्रोत साधनको विश्लेषण गरी विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका लागि जिम्मेवारी निर्धारण गर्ने।
- कोरोना भाइरस (कोभिड-१९) को महामारीलाई मध्यनजर गर्दै जोखिममा रहेका क्षेत्रहरुको संकटासन्नता विश्लेषण गरी स्थानीय श्रोत, साधन र क्षमताको पहिचान र समुचित परिचालन गर्ने।
- विकास प्रक्रियामा जोखिम न्यूनीकरण विधिलाई मूल प्रवाहीकरण गरी विपद्जन्य जोखिम कम गर्न र विपद् पछिको पुनर्लाभ प्रक्रियालाई अघि बढाउने आधार तयार गर्नु र जिल्लाको विपद् तथा जोखिमको अवस्थालाई मापन गर्नु।
- विगत वर्षका अनुभवबाट सिकाएको पाठ तथा समय समयमा भएका छलफलबाट प्राप्त सिफारिस समेतलाई ध्यानमा राखी हरेक स्थानीय तहमा आ-आफ्नो आकस्मिक योजना तयार गर्न लगाउने।
- श्रोत संकलन, विनियोजन तथा दीगो आर्थिक श्रोत व्यवस्थापनका लागि एकद्वार (One Door Policy) को प्रणालीको विकास गर्ने।
- प्रकोपबाट वढी प्रभावित हुन सक्ने दलित,महिला,अपाङ्ग,सुविधाबाट वञ्चित समूह,वालवालिका,वृद्धवृद्धा जस्ता अति संकटासन्न समूहका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनकिरण सम्वन्धी विशेष कार्यक्रमको विकास गरी संचालन गर्ने।
- विपद् पछि पुनर्लाभ (Recovery) तथा पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी तुल्याउने।
- जिल्ला देखि स्थानीय तहसम्म खाद्यान्न, औषधी लगायत अन्य उद्धार सामाग्रीहरुको भण्डारणका लागि भण्डारण स्थलको पहिचान र व्यवस्थापन गर्ने।
- आपत्कालीन परिस्थितिका साथै पूर्व तयारीका चरणमा प्रयोग गर्न सकिने पूर्व सूचना एवं संचार प्रणालीको विकास गर्ने।
- विपद् प्रभावितहरुका लागि तत्काल आश्रय स्थलको पहिचान गर्ने।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

- विपद्का संभावित जोखिमहरुको लेखाजोखा,पहिचान,अनुगमन र पूर्व चेतावनी प्रणाली सुदृढ गर्ने । मनसुन पूर्वका समयमा अन्तरनिकाय बिच प्रभावकारी समन्वय गर्ने ।
- गाउंपालिका र नगरपालिकामा गठन भएका स्थानीय विपद् व्यवस्थापन समिति तालिम प्राप्त जनशक्ति र खोज तथा उदार सामाग्रीको सूचि तयार गर्ने ।
- संघ, प्रदेश र स्थानीयतहहरुको समन्वय तथा सहकार्यमा जिल्लामा स्थापना भएको आपतकालिन समयमा प्रयोगहुने सामाग्री भण्डारण गर्ने गोदाम घर (Ware House) लाई व्यवस्थित गर्ने ।
- आपत्कालीन प्रतिकार्य एवं पूर्वतयारीको विकास र कार्यान्वयनका लागि जिल्लामा एउटा आपत्कालीन कार्य संचालन केन्द्र (District Emergency Operation Center) को संस्थागत क्षमता र कार्य क्षेत्र वृद्धि गर्ने ।

२.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित परिणामहरु :

विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाबाट विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नुका साथै सरोकारवाला निकायहरुले यस जिल्लामा हुन सक्ने सबै प्रकारका प्राकृतिक एवं गैर प्राकृतिक प्रकोपका घटना न्यूनीकरण, जोखिम व्यवस्थापनको पूर्वतयारी,प्रतिकार्य र पुनर्लाभका लागि तयार गरिएको कार्य योजना कार्यान्वियनबाट निम्न नतिजा हाँसिल हुने अपेक्षा गरिएको छ ।

- जिल्ला स्तरमा उपलब्ध क्षमता ( पुर्वतयारी र प्रतिकार्य) को लेखाजोखा भएको हुने ।
- मानवीय सहायतामा संलग्न निकायका बारेमा पहिचान हुने ।
- महामारीको रुपमा हुने मानवीय संक्रमणहरु ( जस्तै कोरोना भाइरस )हैजा, फ्लु, नियन्त्रण हुने ।
- विपद् सम्बन्धित निकायहरु बिच समन्वय तथा सहकार्य पद्धति विकास हुने ।
- सरोकारवाला सबै निकायहरुको भूमिका र जिम्मेवारी किटान हुने ।
- प्रकोप तथा जोखिम नक्साङ्कन गरि सम्भावित विपद्को क्षेत्रमा छुट्टाछुट्टै योजना तर्जुमा भएको हुने ।
- प्रतिकार्यको साझा मापदण्ड तयार हुने ।
- खोज तथा उद्धार टोलीको क्षमता बिकास भएको हुने ।

## २.५ निर्देशक सिद्धान्तहरु :

विपद् व्यवस्थापन ( खोज, उद्धार , राहत वितरण, पुनस्थापना पुर्ननिर्माणको) गर्दा देहायका निर्देशक सिद्धान्तहरुको पालना गरिनेछ ।

- विपद्मा परेका मानिसहरुको आत्मसम्मान सहित जीवनयापन गर्न पाउने (Right to Diginified Life) अधिकार ।
- आपतकालीन राहत तथा सहयोग, मानवता, निष्पक्षता तथा तटस्थता (Humanity, Impartiality, Neutality)
- आपतकालीन राहत तथा सहयोग प्रदान गर्दा अशक्त, अपाङ्ग, बालबालिका, बृद्ध तथा गर्भवती लगायत लक्षीत समुहलाई प्राथमिकता ।
- COVID -19 लगाएत महामारी नियन्त्रण गर्न सरोकारवाला निकायहरुको परिचालन ।
- विपद् जोखिम न्यूनीकरणको अवधारणलाई विकास योजनामा मूल प्रवाहीकरण ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यमा एकीकृत प्रणाली (Holistic Approach) ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

## २.६ योजना निर्माण एवं अद्यावधिक गर्ने प्रक्रिया :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया केवल "योजना तर्जुमा" गर्ने मात्र नभई यो भैरहेको योजनालाई नियमित रुपमा पुनरावलोकन तथा अद्यावधिक गर्ने र चेतना अभिवृद्धि गर्ने महत्वपूर्ण कार्य हो । सम्बन्धित तहमा कार्यरत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न निकायहरूसंगको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने गरिन्छ ।

यस जिल्लामा विगतमा घटेका विपद्सम्बन्धी घटनाहरुलाई बिष्लेषण गर्दा यस जिल्लामा हुने गरेका भूकम्प, बाढी, पहिरो, चट्याङ, सवारी दुर्घटना, महामारी कोभिड - १९ तथा अन्य विपद्हरुलाई प्राथमिकतामा राखी योजना निर्माणको लागि जिल्ला स्थित विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरु वीच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल र सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८, जिल्ला बिपद् व्यवस्थापन समिति काभ्रेपलाञ्चोकको सक्रियतामा निर्माण गरिएको थियो । सो योजनालाई योजना तर्जुमा मार्गदर्शन २०६७ मा उल्लेख गरेअनुरुप योजना निर्माण प्रक्रियामा जिल्ला बिपद् व्यवस्थापन समिति , जिल्ला स्थित विभिन्न सरकारी एवम् गैह्र सरकारी संघसस्था, सुरक्षा निकाय, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, नागरिक समाजका प्रतिनिधि, र पत्रकारहरुको प्रत्यक्ष सहभागितामा विभिन्न चरण पुरा गरि अध्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।

पाचौं पटक यस योजनाको पुनरावलोकन गर्दा सम्बन्धित क्लष्टरहरु तथा स्थानिय तहहरुको विपद् सर्म्पक व्यक्ति तथा सरोकारवालाहरु सगँ छलफल तथा परामर्श गरि प्राप्त सुझावहरु समेतलाई समेटिएको छ

## २.७ आधारभूत अध्ययन :

प्रदेश, जिल्ला ,स्थानिय तहको विपद् व्यवस्थापन समितिले आफ्नो तहको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पुनरावलोकन गर्दा आकस्मिक योजना, विगतहरु (कम्तिमा ५ बषर्को) विपद्का घटनासम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शाकंन, सङ्कटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गरिएको छ । सामान्यतया असल पूर्वाभ्यास (Best Practices)हरु कार्यन्वयनमा देखिएको कमी कमजोरीहरू पहिचान गरी तथा मुख्य सिकाईलाई आधार मानिएको छ । साथै अभिलेखहरूको अध्ययन समेत गरिएको छ ।

- सम्बन्धित ऐन, नियम, नीति तथा मार्गदर्शनहरू
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७५
- विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषय क्षेत्रगत आकास्मिक योजनाहरू
- जिल्लाको विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि)
- विपद् व्यवस्थापनको विगतको अनुभव, सिकाई तथा असल अभ्यास
- स्थानिय तहहरुको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना
- मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली
- महामारी निगरानी प्रणाली तथा सडक सुरक्षा कार्ययोजना
- सडक संजाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिका/नगरपालिकाको सीमाना आदि देखिने सम्बन्धित तहको नक्शा
- निकायगत नक्साङ्कन (Agency Mapping) (3W-Who,What,Where) विपद् पूर्वतयारी र प्रतिकार्यका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी तथा व्यवसायिक, सञ्चार तथा सेवा प्रदायक, संयुक्त राष्ट्रसंघीय तथा अन्य निकायहरू

## २.८ विपद्को तह :

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रले नेपालको भौगोलिक अवस्थिति, आर्थिक तथा सामाजिक संरचना र बसोबासको स्वरुपका आधारमा विपद्को तह निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । साधारणतया उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल सरकारले आफ्नै स्रोत साधनको उपयोग गरी गर्न सक्ने विपद् प्रतिकार्य तथा शीघ्रपुनर्लाभका

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

सम्बन्धमा भइरहेको अभ्यासलाई समेत दृष्टिगत गरी विपद्को तह देहायबमोजिम निर्धारण गरेको छ । यसको आधारमा जिल्लाको घटने विपद्को तहलाई सामान्य, मध्यम, ठुलो तथा उच्च ( विनाशकारी) भने कुन तहको हो भन्ने निर्धारण गर्न सकिनेछ ।

| तह | १ सामान्य | २ मध्यम | ३ ठूलो | ४ उच्च (विनाशकारी) |
|---|---|---|---|---|
| हिमाल | २०० जनासम्म मानिस प्रभावित<br>वा<br>३० जनासम्म मानिस विस्थापित<br>वा<br>१ करोडसम्मको आर्थिक क्षति | ५०० जनासम्म मानिस प्रभावित<br>वा<br>१०० जनासम्म मानिस विस्थापित<br>वा<br>१० करोडसम्मको आर्थिक क्षति | २,००० जनासम्म मानिस प्रभावित<br>वा<br>२०० जनासम्म मानिस विस्थापित<br>वा<br>५० करोडसम्मको आर्थिक क्षति | ४,००० जनाभन्दा बढी मानिस प्रभावित<br>वा<br>२०० भन्दा बढी मानिस विस्थापित<br>वा<br>५० करोडभन्दा बढी आर्थिक क्षति |
| पहाड | १,००० जनासम्म मानिस प्रभावित<br>वा<br>५० जनासम्म मानिस विस्थापित<br>वा<br>५ करोडसम्मको आर्थिक क्षति | २,००० जनासम्म मानिस प्रभावित<br>वा<br>१०० जनासम्म मानिस विस्थापित<br>वा<br>२५ करोडसम्मको आर्थिक क्षति | • ४,००० जनासम्म मानिस प्रभावित<br>वा<br>• ५०० जनासम्म मानिस विस्थापित<br>वा<br>• १ अर्बसम्मको आर्थिक क्षति | ७,००० जनाभन्दा बढी मानिस प्रभावित<br>वा<br>५,००० जनाभन्दा बढी मानिस विस्थापित<br>वा<br>१ अर्बभन्दा बढी आर्थिक क्षति |
| तराई | २,००० जनासम्म मानिस प्रभावित<br>वा<br>१०० जनासम्म मानिस विस्थापित<br>वा<br>१० करोडसम्मको आर्थिक क्षति | ५,००० जनासम्म मानिस प्रभावित<br>वा<br>२०० जनासम्म मानिस विस्थापित<br>वा<br>५० करोडसम्मको आर्थिक क्षति | • १०,००० जनासम्म मानिस प्रभावित<br>वा<br>• १,००० जनासम्म मानिस विस्थापित<br>• ५अर्बसम्मको आर्थिक क्षति | १०,००० जनाभन्दा बढी मानिस प्रभावित<br>वा<br>१,००० जनाभन्दा बढी मानिस विस्थापित<br>वा<br>५ अर्बभन्दा बढी आर्थिक क्षति |

**श्रोतः गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र SOP**

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

# परिच्छेद-३

## ३. विपद् जोखिमको अवस्था

**३.१ विगतका विपद्हरुको विश्लेषण :**

**क. बाढी/पहिरो :-**

वर्षायाममा हुने अविरल वर्षाका कारणबाट यस जिल्लाका बनेपा, मण्डनदेउपुर, भुम्लु, रोशी, तेमाल, महाभारत, बेथानचोक, खानीखोला र चौरीदेउराली गाँउपालिकाहरु प्रभावित हुने गरेका छन । यो बर्ष आएको बाढी तथा पहिरोबाट बनेपा नगरपालिका, मण्डनदेउपुर नगरपालिका, भुम्लु गाँउपालिका, रोशी गाउँपालिकाहरुमा ३ जना घाईते, ३ जनाको मानवीय क्षति (मृत्यु) भएको छ भने बाढी पहिरोको कारणले बेथानचोक गाउँपालिकमा गोठ ४ वटा, रोशी गा.पा. वडा नं ३, ४ मा ४ घर, बनेपा, मण्डनदेउपुर तथा पनौती नगरपालिकामा गरि ३२ घर पूर्णरुपमा क्षति भएको छ तथा ४०५ घर परिवार प्रभावित भएका छन् भने १३ चौपायाहरु, ३०० वटा कुखुराहरु, रु. १३,५०० बराबरको सार्वजनिक क्षति, कुल रु. १,४३,८३,००० बराबरको कृषि उपज, खानेपानी, पुल पुलेसा, सडक, शिक्षा लगायतका क्षेत्रमा समेत क्षति भएको छ ।

**ख. आगलागी :-**

सुख्खा मौसममा आगलागीको प्रकोप यस जिल्लाको मुख्य समस्या बनेको छ । जनचेतनाको कमी, बारी तथा खर्‍यानको भ्यास (घुर्‍यान) डढाउने क्रममा जंगलमा आगो लगाउने, सलाई, चुरोट, बिडी जस्ता प्रज्वलनशील पदार्थहरुको लापरवाही प्रयोग, करेण्ट सटको कारणले फाल्गुण देखि जेष्ठ सम्म आगलागीका घटनाहरु हुने गर्दछ । कहिले काहिँ राम्रो घाँस र मलको आशमा जानिबुझी आगो लगाई दिने गतिविधिहरु समेत हुने गरेको छ । यस बर्ष १३ वटै स्थानिय तहमा भएका आगलागीको कारणबाट २३३ घर परिवार पिडित का साथ सामुदायिक जगंलहरु नष्ट भएका छन । जसमध्ये ३ जना मानिसको मृत्यु, ७ जना घाईते, चौपायाहरु १४ घाईते, ४४ मृत्यु र २५० वटा कुखुरा मृत्यु भएको छ भने ३३ कच्ची घर, गोठ ४ र ३ टहरा, सामुदायिक वन अ. २६५८ रोपनी क्षति भएका छन् । कुल क्षति अनुमानित रु. २,६५,९३,४००/- बराबरको धनसम्पतिको क्षति भएको छ ।

**ग. भुकम्प** :- यस जिल्लामा २०७२ को भूकम्पबाट ३४० जनाको मृत्यु, ८६० जना सख्त घाइते, ६७,७११ घरहरु पूर्ण क्षति, २०,०५६ घरहरु आंशिक क्षति, २४८ शैक्षिक संस्थाहरुको क्षति, १९ स्वास्थ्य संस्थाहरुको क्षति, ३२ वटा सरकारी भवनहरु क्षति, सार्वजानिक भवन ३२ को क्षति भएका छन (HRRP Feb 2017) । यसका अलावा खडेरी, बिषादीको प्रभाव, पशु र खेतीबालीमा लाग्ने रोगहरुले पनि धेरै मानिस तथा धनको ( पशुवस्तु, वातावरण, जग्गा जमिन) बर्षेनी क्षति पुर्‍याइरहेको छ ।

**घ.महामारी :** यस जिल्लामा झाडापखाला/हैजा जस्ता महामारी रोगबाट पनि विपद्को स्थिति श्रृजना हुन सक्ने भएता पनि हालका यस वर्षहरुमा त्यस्ता घटनाहरुमा कमी आएको पाइछ। भने कोरोना कोभिड-१९,को कारणले यस जिल्लामा २०७६ चैत्र देखि २०७७ चैत्र मसान्त सम्म ३४१४ सकमित ४५ जना यस जिल्ला र १८ जना बाहिरी जिल्लाको गरेर ६३ जनाको मृत्यु भएको छ । भने २०७८ बैशाख महिना देखि कोराना भाइरसको

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

सक्रंमणको बढदो क्रमले गर्दा यस जिल्लामा १०,६४७ संक्रमीत, ९४७८ निको भएको र १६१ जना यस जिल्ला, ६१ जना बाहिरी जिल्लाको गरी २२२ जना मृत्यु रहेको तथ्यांक पाइन्छ ।

श्रोत : मिति २०७८।२।५ स्वास्थ्य कार्यालय

**ङ. सडक दुर्घटना : यस जिल्लामा** प्रत्येक दिन बि. पि तथा अरनिको राजमार्गमा हुने सवारीको चापले सडक दुर्घटना भई मृत्यु तथा घाईते हुने क्रम बृद्धि भएको पाइन्छ । जिल्ला प्रहरी कार्यालयको तथ्यांक अनुसार यस वर्ष यस जिल्लामा बार्षिक रुपमा सवारी दुर्घटनामा घाईतेहरुको संख्या २७५ जना छन भने सडक दुर्घटनाका मा परि ज्यान गुमाउनेको संख्या १३ जना रहेको पाइन्छ ।

**च. अन्य** :- यस जिल्लामा पनि करेण्ट, हावाहुरी, चट्याङको जोखिम बृद्धि भएको छ । करेण्टको कारणबाट ३ जना घाईते २ जनाको मृत्यु, चट्याङबाट २ जनाको मृत्यु, १ जना घाईते, ११ घर परिवार प्रभावित भएका छन् । वन्यजन्तुबाट ६ चौपायाको मृत्यु, ९५,००० बराबरको क्षति, १४ घर परिवार प्रभावित रहेका छन् भने पानीमा डुबेर १ जना घाईते, १२ जनाको मृत्यु भएको छ ।

## ३.२ वर्षायाममा हुन सक्ने विपद् जोखिमहरु :-

**क बाढी/पहिरो :-** जिल्लामा शान्ति सुरक्षा अमन चयन कायम राख्न तथा सर्वसाधारण जनताहरुमा सुरक्षाको प्रत्याभूति दिने कार्यको लागि जिल्लामा हुने विपद परेको खण्डमा सुरक्षा निकायहरु, स्थानिय तह, नेपाल रेडक्रस सोसाइटी लगायत सरोकारवाला सवै निकायहरु परिचालन गरी प्रकोप रोकथाम, राहत वितरण, उद्धार कार्य हुदै आइरहेको र यस वर्ष पनि यसैलाई निरन्तरता दिइने छ। वर्षायाममा नदी तथा खोला किनार र डोजरबाट खनिएको सडकहरुमा प्राय बाढी तथा पहिरो जाने साथै अन्य ग्रामिण स्थानहरुमा मुख्य जोखिम क्षेत्र पहिचान गरिएको छ। नदी तथा खोला किनार वरपरका वस्तीहरु बाढीले वगाउने, डुवाउने तथा खोलानाला तर्ने क्रममा मानिस बगाउने, बाढी तथा पहिरो गई सडक अवरुद्ध हुनसक्ने सम्भावना रहेको पाइन्छ ।
मण्डन देउपुर नपा भुम्लु, रोशी, तिमाल, महाभारत, बेथानचोक, खानीखोला र चौरीदेउराली गाँउपालिकाहरु बढि जोखिमा रहेको । प्रभावित हुन सक्ने पालिका वडा निम्नानुसार आंकलन गरिएको छ :

| क.स | पालिका | वडा | समुदाय | प्रभावित हुनसक्ने घरधुरी (लगभग) |
|---|---|---|---|---|
| १ | मण्डनदेउपुर न.पा. | ३,५,६,७, ९,१०,११ | वडा नं. ६, १०, इन्द्रावती माझी बस्ती, वडा. नं. ९ रायोबारी, वडा नं. १० चिनेसुमारा जोखिम बस्ती, वडा नं १ खोराङ, वडा नं ६ गैरीबिसौनी, सेडा, वडा नं. ५ दामपोखरी, वडा नं. ७ मेती खोल्छा , वडा नं. ७ केदारी जोखिम स्थान नयाँगाउँ, हिले, तपेश्वर, तल्लो बजार, कोदारी भिर, झरकपुर, माझीटार, जैसीथोक | ७८० |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २ | खानीखोला गा.पा. | १ देखि ७ | फलामेटार, डाँडागाउँ, तालढुंगा, साल्धारा, मिल्चे | २२५ |
| ३ | महाभारत गा.पा. | १ देखि ८ | गोकुले, फोक्सिंङटार, बुढाखानी, बनखुचौर, घर्तिछाप | २२४ |
| ४ | रोशी गा.पा. | १,२,४,५,८, ९,१०,११,१२ | पटुवाल, भदौरे, महादेवटार, सिसाखानी, खार्पाचोक, मंगलटार, गैरीगाँउ, भिमखोरी, डाँडापाखा | ३५० |
| ५ | तेमाल गा.पा. | १ देखि ८ | सर्स्युखर्क, समरथली, बोल्देफेदिचे, पोखरी नारायणस्थान, ठुलो पर्सेल, मेट्रोल, टोकनपुर | ३१० |
| ६ | चौरी देउराली गा.पा. | २,४,५,७ | नाग्रे गर्गचे, धुसेनी शिवालय, गोठपानी, पोखरीचौरी, मादन कुडारी | २१० |
| ७ | भुम्लु गा.पा. | १,३,६,७,८, ९,१० | सापिङ, बेखसिम्ले, कोलाती भुम्लु, फलाटे, भुम्लुटार, ज्याम्दी, दोलालघाट | ३१० |
| ८ | बेथानचोक गा.पा. | वडा १ २,३,५,६ | च्याम्राङबेसी, ढुंर्खक, च्यासिङखर्क, महाँकालचौर, गणेशथान, कलङसी, सुकुम, | १५० |
| ९ | पनौती नगरपालिका | ४,५,६ | पुण्यमाता खोला, लिलाबती खोला | २२० |
| १० | बनेपा नगरपालिका | १,२,३,५,११, १४ | नगरकोट छेउछाउ, पाण्डे गाउको माथिल्लो भाग, नगरकोटको तल भाग, हिलेजलजले को तल खण्ड, काके देखि तिनघरे, रबिवती क्षेत्र, बनेपा पाचखाल मार्ग, सिनगालको माथिल्लो खण्ड, काक्रबारी, आसापुरी जाने मार्ग। | २५० |
| ११ | पाचँखाल नगरपालिका | १,३,६,८,९,१०,११ | अनेकोट १,६,७,९, पाँचखाल, होवसे, हलेसी, साठीघर, वालुवा ८, खरेल थोक, कोशिदेखा, | १५० |
| १२ | धुलिखेल नगरपालिका | १, २ वडा | देविटार, चकलेटी, रविवडी,कुताल,नयाँगाउ, चाखुवेसी, श्रीखण्डपुर, भटेडाँडा, डाँडागाउ,, ठुलिटार, छोटेडाँडा | ३१० |
| १३ | बेथानचोक गा.पा | १, २ ,४ | बेथानचोक, १ भालुछाप्रा, पार्थली भञ्जाञ्ङ, पाटनखोला | १४० |
| | आगलागीबाट प्रभावित क्षेत्रहरु | | पनौती, पाचँखाल, बेथानचोक, नमोबुद्ध, मण्डनदेउपुर, भुम्लू रोशी, गोकुले | ५६० |

श्रोत: १३ स्थानीय तहहरु

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

**ख. चट्याङ :-** चैत्र देखि वर्षायाम रहुञ्जेलसम्म यो जिल्ला चट्याङको लागि जोखिम युक्त जिल्ला मानिन्छ । वर्षेनी चट्याङबाट मानिस लगायत चौपायाहरुको मृत्युका घटनाहरु हुने गरेका छन् । चट्याङबाट क्षति भएको खबर प्राप्त हुनासाथ अवस्था हेरी नजिकको स्थानिय तह, सुरक्षा निकाय, नेरेसो तथा अन्य संघ/संस्था मार्फत घाइतेको उद्धार तथा उपचारको साथै प्रभावितहरुलाई राहतको लागि पहल गरिने छ, सुरक्षित रहनका लागी समदायमा जनचेतनाका लागी स्थानिय रेडक्रसका निकायहरु, सञ्चार माध्यम मार्फत सुचना प्रवाह गरीनेछ ।

**ग. सडक अवरुद्ध तथा सडक दुर्घटना :-** वर्षातको समयमा बाढीका कारण मुख्य राजमार्ग अरनिको तथा विपि राजमार्ग बाहेक जिल्लाका मुख्य तथा सहायक सडक खण्डहरु अवरुद्ध हुने संम्भावना हुन्छ । साथै ग्रामिण सडकहरु बर्षाको कारण वन्द हुने तथा सडक दुर्घटना जस्ता कारणबाट सडक अवरुद्ध हुन सक्ने भएकोले त्यस्ता अवस्थाको लागि निम्न अनुसार पहल गरिने छ ।

- श्रोत साधन सहित स्थानिय स्तरमा तालीम प्राप्त व्यक्ति सहित सुरक्षा निकायहरु प्रथम प्रतिकार्यकर्ताको रुपमा विपद् प्रभावित क्षेत्रमा परिचालित हुने ।
- आवश्यक परेमा सवारी साधन डोजर, क्रेन आदी सरकारी कार्यालयहरुमा रहेका एवं यातायात व्यवसायी र निर्माण व्यवसायी संघ मार्फत सहयोग लिइने । विपद्को अवस्थामा जुनसुकै निकायमा रहेका श्रोत साधन प्रमुख जिल्ला अधिकारीको ओदशमा प्रयोग गर्न सकिनेछ ।
- घटना स्थलको प्रकृति हेरी घाइतेहरुको उद्धारका लागी सडक सुचारु गर्ने कार्यलाई प्राथमिकताका साथ तिव्रता दिइने छ ।

**घ. सरुवा रोग तथा महामारी :-** काभ्रेपलाञ्चोक  जिल्ला पहाडी भू-भाग भएकोले यहाँ बसोबास गर्ने स्थानीय जनताहरुमा चेतनाको कमीको कारणले गर्दा बाढीको समयमा खानेपानीका श्रोतमा समेत बाढी पस्ने भएकोले वर्षातको समयमा बाढीको उच्च जोखिमयुक्त क्षेत्रमा कुनै पनि स्थानमा सरुवा रोगहरु महामारीको रुपमा भित्रन सक्ने हुन्छ । जुन बाढीका कारण पनि द्धितिय विपद्को रुपमा आउन सक्छ त्यस्ता स्थानहरुमा तुरुन्त सुरक्षा निकाय सहित स्थानिय तह र जिल्लाबाट स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै रोगहरु नियन्त्रण गरी महामारी फैलन नदिने उपायहरु अपनाइने छ । त्यसैगरी हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको सक्रमण यस जिल्लामा जनघनत्व बढी भएका धुलिखेल, बनेपा , पनौती नगरपालिका प्रमुख जोखिमयुक्त क्षेत्र रहेका छन भने अन्य पालिकाहरुमा समेत सक्रमण फैलने सक्ने संभावना रहेको देखिन्छ । यसको  रोकथाम, नियन्त्रण  तथा उपचारको लागि जिल्ला तथा स्थानीय तहमा गठित समितीहरुको समन्वयमा कोरोना भाइरसबाट बच्ने सुरुक्षाका मापदण्डको सम्बन्धमा जानकारी तथा सुचना प्रबाह स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको सुरक्षीत परिचालन क्वारेन्टाइन तथा आइसोलेसनको प्रबन्ध, ICU, Ventilator, HDU, PRT, RRT को व्यवस्था, Contract tracing, संक्रिमित स्थानको पहिचान गरि Area seal ,जस्ता कार्यहरु गरिने छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

### ३.३ काभ्रेपलाञ्चोक जिल्लाको प्रकोपको इतिहास

क्षेत्रगत बैठकहरुमा छलफलको क्रममा प्राप्त घटनाहरु र तिनले निम्त्याएका विपद्हरु :

| वर्ष | विपद्को प्रकार | घटनाको प्रभाव |
|---|---|---|
| २०६४ | कृषिबाली रोग | ढुङखर्क गा.पाका सम्पूर्ण क्षेत्रहरुमा मकैबाली नष्ट भई पूर्ण क्षति भएको |
| २०६५ र ०७० | कृषि रोग | पाँचखाल क्षेत्रका २०६५ सालमा ५०० र २०७० सालमा ९,६०० भन्दा बढी रोपनी क्षेत्रमा फैलिएको धानबालीमा रोग लागी धानबाली उत्पादनमा नकारात्मक असर परेको । ३८४० मे. टन धान क्षति |
| २०६६ | खडेरी | भकुण्डेबेशी क्षेत्रमा खडेरीले १०,००० रोपनी भन्दा बढी जमिनमा खेती हुन नसकेको |
| २०६७ | पशुरोग | टुकुचा नाला गा.वि.स.मा भ्यागुते रोगले ८ वटा पशुको एकैपटक मृत्यु भएको |
| २०६७ | झाडापखाला प्रकोप | डाँडापारी क्षेत्र, डराउनेपोखरी गा.वि.स.मा झाडा पखालाको महामारी देखिएको मानवीय क्षति नभएको |
| २०६६ | पहिरो तथा हावाहुरी | पोखरीचौँरी स्थित शैलुगेंश्वरी प्रा.वि., नाग्रे गगर्चे गाविसका विद्यालयहरु पहिरोको जोखिममा रहेका छन् । दुतिको पहिरोले बस्ती जोखिममा परेको |
| २०६६ | मास हिस्टेरिया | बिर्तादिउराली, च्याल्टी, शारदा बतासे क्षेत्रका विद्यालयका विद्यार्थीहरुमा मास हिस्टेरिया देखिएको |
| **वर्ष** | **प्रकोप** | **क्षतिको विवरण** |
| २०६८ | बाढी र पहिरो | ११ जना मानिसको मृत्यु र १४ जना घाइते र २५४ वटा घर र १,४४४ परिवारहरुका साथै विद्यालय समेत प्रभावित भएको |
| २०६९ | | २ जना मानिसको मृत्यु र २ जना घाइते र ११७ वटा घरका साथै ८५१ परिवारहरु प्रभावित भएको |
| २०७० | | ५ जना मानिसको मृत्यु र २ जना घाइते र ९० वटा घर र ५८७ परिवारहरु प्रभावित भएको |
| २०७१/७२ | | १ जना मानिसको मृत्यु र १ जना घाइते र ७२ वटा घर र ५० परिवारहरु प्रभावित भएको |
| ०६७/६८ | आगलागी | ४१ वटा घर, ३ वटा गोठ जलेको र ७ वटा चौपायाको मृत्यु भएको |
| ०६८/६९ | | २४ वटा घर, ३ वटा गोठ जलेको र ५ वटा चौपायाको मृत्यु भएको र ७ जना मानिस घाइते |
| ०६९/७० | | १ जना मानिसको मृत्यु र ८ जना घाइते २६ वटा घर, ४ वटा गोठ जलेको र ८ वटा चौपायाको मृत्यु भएको |
| ०७०/७१ | | २ जना मानिसको मृत्यु र ६ जना घाइते ३८ वटा घर, ८ वटा गोठ जलेको र १७ वटा चौपायाको मृत्यु भएको |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ०७१/७२ | | ४ जना मानिसको मृत्यु, १२ वटा घर, १ वटा गोठ जलेको र ५ वटा चौपायाको मृत्यु भएको |
| ०७१/७२ | | ४० वटा घर जलेको |
| ०६८/६९ | चट्याङ | २ जना मानिसको मृत्यु र ४ जना घाइते र ६ वटा चौपायाको मृत्यु भएको |
| ०६९/७० | | ३ जना मानिसको मृत्यु र ३ जना घाइते र १३ वटा चौपायाको मृत्यु भएको |
| ०७०/७१ | | ११ जना मानिसको मृत्यु र ११ जना घाइते र ७७ वटा चौपायाको मृत्यु भएको |
| ०७१/७२ | | १ जना मानिसको मृत्यु भएको |
| ०७२।०७३ | | १ जना मानिसको मृत्यु भएको |
| २०७२ | भूकम्प | ३६६ जनाको मृत्यु,१४, ८१४ जना घाइते, ८०,९९१ घरहरु पूर्ण क्षति, ८७,१५८ घरहरु आंशिक क्षति, ६९८ जति शैक्षिक संस्थाहरुको क्षति, १५२ जति स्वास्थ्य संस्थाहरुको क्षति, १६५ को संख्यामा सरकारी भवनहरु क्षति भयो भने करिव २० हजार भन्दा बढी पशुपंक्षीहरुको मृत्यु भएको |
| ०६५/६६ | सुख्खा खडेरी | भकुण्डेबेंशी क्षेत्रमा करिव १०० हेक्टर जमिन बाँझै रहेको |
| ०७२/७३ | | जिल्ला भरिका धेरै जमिन बाँझै रहेको |
| ०६९ | तुषारो | पाँचखाल क्षेत्रमा हिउँदेबालीमा क्षति पुगेको |
| ०६७/६८ | सडक दुर्घटना | २६ मुद्धा चलेको, २८ को मृत्यु र १० जना घाइते |
| ०६८/६९ | | ३८ मुद्धा चलेको, ४१ को मृत्यु र २१ जना घाइते |
| ०६९/७० | | ३२ मुद्धा चलेको, ३८ को मृत्यु र १९ जना घाइते |
| ०७०/७१ | | १७ मुद्धा चलेको, १८ को मृत्यु र २१ जना घाइते |
| ०७१/७२ | | ३१ मुद्धा चलेको, ३५ को मृत्यु र २९ जना घाइते |
| ०७२/७३ | | २५ मुद्धा चलेको, २४ को मृत्यु र २२ जना घाइते |
| ०७३/७४ | | ८ अपाङ्गता, १ मृत्यु, |
| ०७४/७५ | | ४ अपाङ्गता, ५ मृत्यु, |
| ०७५ / ७६ | आगलागी | १९ वटा घरमा क्षति पुगेको र करिव १९ करोड ८० लाख क्षति |
| | चट्याङ | २ वटा घरमा क्षति १ जनाको मृत्यु |
| | बाढी र पहिरो | बाढीमा परि १ जनाको मृत्यु, पहिरोको कारण १७२ घरधुरी विस्थापित |
| | सडक दुर्घटना | १८५ वटा घटनामा परि ३१ जनाको मृत्यु ९६ जना घाइते |
| | अन्य | विभिन्न घटनामा परि २४ जनाको मृत्यु |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ०७६।०७७ | आगलागी | ५ घर पूर्ण र ३९ घर आशिंक क्षती, १५ पशु चोपाया, ५ गोठ क्षती करिब ४ करोड ८ लाख ४ हजार धन सम्पत्ती क्षति, २ जना घाइते |
| | चट्याङ | २ जनाको मृत्यु |
| | बाढी र पहिरो | २०५ घर पूर्ण तथा आशिंक क्षती, ५ जना घाइते ४ जना मृत्यु, १ जना बेपत्ता भएको । |
| | बन्य जन्तु | ८ जना घाइते |
| | करेण्ट बाट | ३ जनाको मृत्यु |
| | सडक दुर्घटना | २८० जना घाइते र ६५ जनाको मृत्यु |
| | पानीमा डुबेर | ८ जनाको मृत्यु |
| ०७७।०७८ | बाढी र पहिरो | २ जना हराएको, १ जनाको मृत्यु |
| | आगलागी | ३ जनाको मृत्यु, ४ घाईते |
| | चट्याङ | २ जनाको मृत्यु, १ घाईते |
| | बन्य जन्तु | ० रहेको |
| | करेण्ट बाट | २ जनाको मृत्यु, ३ घाईते |
| | सडक दुर्घटना | १३ जनाको मृत्यु, २२० घाईते |
| | पानीमा डुबेर | १४ जनाको मृत्यु, १ घाईते |
| | हवाहुरी | ० रहेको । |

स्रोत : जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र र जिल्ला प्रहरी कार्यालय
काभ्रेपलाञ्चोक

## ३.४ राहात प्रदान गरिएको विवरण :

| वर्ष | सेवा प्राप्त | राहत प्राप्त व्यक्ति / परिवार संख्या |
|---|---|---|
| २०६० / ६१ | राहत वितरण | ५०० जना |
| २०६१ / ६२ | राहत वितरण | ३०६ परिवार |
| २०६२ / ६३ | राहत वितरण | १५० परिवार |
| २०६३ / ६४ | राहत वितरण | १३४ परिवार |
| २०६४ / ६५ | राहत वितरण | ६५ परिवार |
| २०६५ / ६६ | राहत वितरण | १५६ परिवार |
| २०६६ / ६७ | राहत वितरण | १८० परिवार |
| २०६७ / ६८ | राहत वितरण | २२० परिवार |
| २०६८ / ६९ | राहत वितरण | ७० परिवार |
| २०६९ / ७० | राहत वितरण | ५० परिवार |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| २०७० / ७१ | राहत वितरण | ८८ परिवार |
| २०७१ / ७२ | राहत वितरण | ३६१४८ परिवार |
| २०७२ / ७३ | राहत वितरण | ४६ परिवार |
| २०७३ / ७४ | राहत वितरण | ५१ परिवार |
| २०७५ / ७६ | राहत वितरण | १०७ परिवार |
| २०७६।०७७ | राहत वितरण | १०५ परिवारलाई रु : ११,१६,५००।०० बितरण |
| २०७७।०७८ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय बाट ४५ परिवारहरुलाई रु : १४,८५०००।०० बितरण गरिएको । नेपाल रेडक्रस सोसाईटी काभ्रेपलाञ्चोकबाट खाद्य र गैरखाद्य राहत सामाग्री वितरण ९० घरपरिवारलाई राहात बितरण गरिएको छ । |

### ३.५. संकटासन्नता नक्साङ्कन

६ वटा नगरपालिका र ७ वटा गाँउपालिका भएको यस जिल्लालाई खतराको आधारमा विगतको घटनाको इतिहास र वर्तमान स्थितिको समग्र विश्लेषणबाट संकटासन्नता स्तरीकरण निम्नअनुसार उल्लेख गरिएको छ ।

## विपद् जोखिम तथा कोभिड- १९ को तह वर्गिकरण

| क्र.स. | स्थानिय तह | प्रकोपको प्रकार | | | | | | | | समग्र संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कोभिड -१९ का | पहिरो | बाढी | हुरीबतास चट्याङ | आगलागी | भूकम्प | सवारी दुर्घटना | महामारी | |
| १ | पाँचखाल नगरपालिका | उच्च | मध्यम | उच्च | निम्न | उच्च | उच्च | उच्च | मध्यम | उच्च |
| २ | बनेपा नगरपालिका | उच्च | निम्न | उच्च | निम्न | उच्च | उच्च | उच्च | निम्न | उच्च |
| ३ | धुलिखेल नगरपालिका | उच्च | निम्न | निम्न | निम्न | उच्च | उच्च | उच्च | निम्न | उच्च |
| ४ | नमोवुद्ध नगरपालिका | उच्च | मध्यम | निम्न | उच्च | उच्च | उच्च | मध्यम | मध्यम | उच्च |
| ५ | पनौती नगरपालिका | उच्च | निम्न | मध्यम | मध्यम | उच्च | उच्च | उच्च | मध्यम | उच्च |
| ६ | मण्डन देउपुर नगरपालीका | उच्च | उच्च | मध्यम | मध्यम | मध्यम | उच्च | निम्न | निम्न | मध्यम |
| ७ | भुम्लु गाउँपालिका | निम्न | उच्च | मध्यम | मध्यम | मध्यम | उच्च | निम्न | मध्यम | मध्यम |
| ८ | रोशी गाउँपालिका | मध्यम | उच्च | मध्यम | मध्यम | मध्यम | उच्च | निम्न | मध्यम | मध्यम |
| ९ | बेथान्चोक गाउँपालिका | मध्यम | उच्च | मध्यम | मध्यम | मध्यम | उच्च | मध्यम | मध्यम | मध्यम |
| १० | महाभारत गाँउपालिका | निम्न | उच्च | उच्च | मध्यम | मध्यम | उच्च | निम्न | मध्यम | उच्च |
| ११ | तेमाल गाँउपालिका | निम्न | उच्च | उच्च | मध्यम | मध्यम | उच्च | मध्यम | मध्यम | मध्यम |
| १२ | खानीखोला गाउँपालिका | निम्न | उच्च | उच्च | उच्च | मध्यम | उच्च | निम्न | मध्यम | उच्च |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | चौरी देउराली गाउँपालिका | निम्न | उच्च | मध्यम | मध्यम | मध्यम | उच्च | निम्न | मध्यम | मध्यम |

### ३.६ प्रकोप नक्साङ्कन

जिल्ला स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गोष्ठिले ५.१ मा उल्लेखित प्रकोपको इतिहासको विश्लेषण गर्दा यस जिल्लामा भएका विपद्बाट भएको क्षतिलाई आधार मानेर निम्न अनुसारको जोखिमको नक्साकंन गरिएको छ । भुकम्प तथा कोभिड १९ को महामारीलाई नक्साकंन नगरी ठूला राष्ट्रिय समस्याको रुपमा लिइएको छ ।




पहिरोको दृष्टिकोणले यो जिल्ला निक्कै जोखिमपुर्ण मानिन्छ । मण्डनदेउपुर न.पा भुम्लु, बेथानचोक, रोशि, महाभारत, खानिखोला चौरिदेउराली र तेमाल गाँउपालिका उच्च जोखिम मा रहेको क्षेत्र हो भने पाँचखाल र नमोबुद्ध न. पा मध्यम जोखिममा रहेका छन त्यसैगरि बनेपा, पनैति र धुलिखेल न पा न्युन जोखिममा रहेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी




काभ्रेपलाञ्चोक जिल्लाको बीच भएर पूर्व उत्तर जाने बीपी तथा अरनीको उत्तर पूर्व राजमार्गले छोएका स्थानहरु सडक दुर्घटनाका हिसाबले उच्च जोखिममा रहेका छन् । दोलालघाट, पाँचखाल तिनपिप्ले, खावा, २८ किलो, बनेपा, भैसेपार्टी सागाँ पनौती, काभ्रेपलाञ्चोकभज्याङ्ग, पातलेखेत, नार्के, भकुण्डेबेशी, मगंलटार सडक दुर्घटना हुने मुख्य स्थानहरु हुन । यस बाहेक सहायक मार्गहरुमा समेत पहिरो, बाढी तथा कच्चि सडक भएका कारणले स साना दुर्घटनाहरु हुने गरेका छन् । जोखिमका हिसाबले पनौति, धुलिखेल, बनेपा, पाँचखाल र नमोबुद्ध न.पा र रोशी गा.पा उच्च जोखिममा रहेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे




आगलागिका दृष्टिकोणले बनेपा, धुलिखेल, पनौति, पँचखाल र नमोबुद्ध नगरपालिका उच्च जोखिममा देखिन्छ जहाँ जनघनत्व पनि बढि छ भने बाँकि सबै स्थानिय तहहरु मध्यम जोखिममा रहेका देखिन्छ।

पाँचखाल, बनेपा, पनौती न.पा तथा महाभारत, तेमाल र खानीखोला गा.पाहरु उच्च जोखिममा रहेका छन् भने रोशी बेथानचोक, चौरीदेउराली , भुम्लु गा.पा मध्यम जोखिममा छन भने अन्य पालिकाहरुमा न्यून जोखिममा छन । अधिक वर्षा र त्यसबाट उत्पन्न हुने बाढी र पहिरो,आगलागी, सवारी दुर्घटनाको कारणले भौतिक तथा आर्थिक क्षति बढी भएको पाइन्छ, मानवीय क्षतिको हिसाबले घर भत्कने, चट्याङ, सवारी दुर्घटना, भूकम्प जस्ता प्रकोपहरु प्रमुख रहेका छन्।

काभ्रेपलाञ्चोक जिल्लाका १३ वटै स्थानिय तहहरु सबै प्रकारका प्रकोपको बिष्लेषण गर्दा बनेपा, पनौति, धुलिखेल, पाँचखाल र नमोबुद्ध न.पा.तथा खानिखोला र माहाभारत गा.पा. उच्च जोखिममा रहेको देखिन्छ। त्यसैगरि मण्डनदेउपुर र बनेपा न.पा. तथा भुम्लु, चौरिदेउरालि बेथानचोक रोशि र तेमाल गा.पा.मध्यम जोखिममा रहेका छन।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

भूकम्प काभ्रेपलाञ्चोक जिल्लाको मात्र नभइ देशकै प्रमुख प्रकोप हो । २०७२ सालको भूकम्पले पनि यहाँ निक्कै क्षति गरेको थियो । काभ्रेपलाञ्चोकका सबै १३ वटै तह उत्तिकै जोखिममा भएपनि जनघनत्व बढि भएका क्षेत्र उच्च जोखिम मा रहेका छन आगामि दिनमा बढि क्षति पनि त्यहि क्षेत्रमा हुने देखिन्छ।

चट्याङ्ग र हुरिबतासको दृष्टिले नमोबुद्ध न पा तथा खानिखोला गा. पा. उच्च जोखिममा रहेका छन भने मण्डन देउपुर, पनौति न.पा. तथा भुम्लु, चौरिदेउरालि, तेमाल, रोशि माहाभारत र बेथानचोक गा.पा.मध्यम जोखिममा रहेका छन्, त्यसैगरि बनेपा धुलिखेल र पाँचखाल न. पा निम्न जोखिममा रहेको देखिन्छ ।
कोभिड १९ को सक्रंमण तथा महामारिको हिसाबले सबै स्थानिय तह जोखिममा रहेका भएता पनि जनघनत्व बढी भएका बनेपा, धुलिखेल, पनोती, पाँचखाल, नमोबुद्ध नगरपालिकाहरु उच्च जोखिममा रहेका छन् । सक्रंमणको हिसाबले जिल्लाका सबै शहरी तथा ग्रामिण क्षेत्र उत्तिकै जोखिमयुक्त रहेका छन् ।




सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

# परिच्छेद-४

## ४. कोरोना भाइरस (कोभिड-१९) : रोकथाम, नियन्त्रण तथा उपचार :

**४.१ परिचय :**

यसरी विश्वव्यापी रुपमा फैलीरहेको कोरोना भाइरस (कोभिड-१९) लाई उपयुक्त समयमा समन्वयात्मक ढँगबाट पूर्वतयारी तथा प्रतिकार्य गर्न नेपाल सरकार गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध शाखाको मिति २०७६ चैत १२ को पत्र बमोजिम यस जिल्लामा मिति २०७६ चैत १३ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला कमाण्ड पोष्ट गठन भई पुर्व तयारी, रोकथाम, नियन्त्रणका कार्यहरुलाई द्रुत रुपमा अगाडी बढाइएको थियो । यसै गरि मिति २०७६ चैत २७ गतेदेखि District Crisis Management Centre गठन भई कार्य प्रारम्भ भएको थियो । प्रत्येक स्थानियतहमा समेत Local Crisis Management Centre गठन भई कोभिड-१९ को नियन्त्रण रोकथाम र उपचार सम्बन्धि काम भएको छ ।

पूर्वतयारीलाई अझ सशक्त बनाउन र जोखिमलाई कमगर्न सार्वजानिक यातयात, जात्रा, भेला, महोत्सव तथा पर्वहरु मनाउन पुर्णरोक, अत्याबश्यक सेवाका सवारी साधनलाई आवगमन गर्न सवारी पासको ब्यवस्था, खाद्यान्न औषधी लगायत अत्यावश्यक सामाग्रीको ढुवानी तथा बिक्री बितरणलाई सहज बनाइएको थियो । सबै स्थानिय तहमा Patient Reciving Teamको गठन, Covid 19 Friendly Ambulance बनाइ GPS को जडान, कोभिड १९ सम्बन्धि सचेतनामुलक कार्यक्रम, जानकारी मुलक प्रर्चा, पम्पलेटको बितरण, सञ्चार माध्यमबाट सचेतनामुलक कार्यक्रम प्रशारण तथा माइकिङ गरि
समुदायमा जानकारी गराइएको थियो । प्रत्येक पालिकाले स्वस्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड अनुरुप सुविधा सम्पन्न क्वारेन्टाईन निर्माण गरेर संकास्पद संक्रमित बिदेश तथा अन्य जिल्लाबाट आएका नागरिकहरुलाई सो स्थानहरुमाराख्ने कार्यहरु गरिएको थियो । प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन भएको जिल्ला कमाण्ड पोष्टमा रहेका पदाधिकारीको बिवरण देहाय बमोजिम रहेको छ ।

**४.२ काभ्रेपलाञ्चोकमा यसको प्रभाव र पूर्वतयारी :**

यसरी विश्वव्यापी रुपमा फैलीरहेको कोरोना भाइरस (कोभिड-१९) लाई उपयुक्त समयमा समन्वयात्मक ढँगबाट पूर्वतयारी तथा प्रतिकार्य गर्न नेपाल सरकार गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध शाखाको मिति २०७६।१२। १२ को पत्र बमोजिम यस जिल्लामा मिति २०७६।१२।१३ गते प्र.जि. अ को अध्यक्षतामा जिल्ला कमाण्ड पोष्ठ गठन भई पुर्व तयारी, रोकथाम, नियन्त्रणका कार्यहरुलाई द्रुत रुपमा अगाडी बढाइएको थियो । यसै गरि मिति २०७६। चैत्र २७ गते देखि District Crisis Management Centre गठन भई कार्य शुरुवात भएको थियो । यसपछि प्रत्येक स्थानियतहमा स्थानिय Local Crisis Management Centre गठन भइ पालिका स्तरमा कार्य शुरु भएको थियो ।

पूर्वतयारीलाई अझ सशक्त बनाउन र जोखिमलाई कम गर्न सार्वजानिक यातयात, जात्रा, भेला, महोत्सव तथा पर्वहरु मनाउन पुर्णरोक, अत्याबश्यक सेवाका सवारी साधनलाई आवगमन गर्न सवारी पासको ब्यवस्था, खाद्यान्न औषधी लगायत अत्यावश्यक सामाग्रीको ढुवानी तथा बिक्री बितरणलाई सहज बनाइएको थियो । सबै स्थानिय तहमा Patient Reciving Team को गठन, Covid 19 Friendly Ambulance बनाइ GPS जडान गरिएका, कोभिड १९ सम्बन्धि सचेतनामुलक कार्यक्रम प्रचा, पम्पलेटको बितरण, सञ्चार माध्यमबाट प्रशारण तथा माइकिङ गरि समुदायमा जानकारी गराइएको थियो । प्रत्येक पालिकाले स्वस्थ्य तथाजनसंख्याले तोकेको मापदण्ड अनरुप सुविधा सम्पन्न क्वारेन्टाइन निर्माण गरि र बाह्य स्थानबाट आएका व्यक्तिहरुलाई सो स्थानहरुमा राख्ने कार्यहरु गरिएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेको नेतृत्वमा गठन भएको कमाण्ड पोष्टमा रहेका पदाधिकारीको बिवरण देहाय वमोजिम रहेको छ ।

| क.स | नाम | पद | कार्यलय |
|---|---|---|---|
| १. | प्र.जि.अ.श्री हुमकला पाण्डे | संयोजक | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक |
| २. | प्र.से.श्री मिलन थापा | सदस्य | कलिजगं गण, काभ्रेपलाञ्चोक |
| ३. | प्र.उ.श्री चकराज जोशी | सदस्य | जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक |
| ४. | स.प्र.उ.श्री सुरेन्द्र बुढाथोकी | सदस्य | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., |
| ५. | प्र.अ.अ. श्री नगेन्द्र प्रसाद दाहाल | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, |
| ६. | स्वा. प्र. डा. श्री पुरुषोतम सेढाइ | सदस्य | स्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक |
| ७. | प्रवक्ता डा. श्री सुमन ताम्राकार | सदस्य | धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक |
| ८. | स.प्र.जि.अ.श्री अमरदिप सुनुवार | सदस्य सचिव | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक |

**जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र ( DCCMC)का पदाधिकारीहरुको नामावली :**

| क.स | नाम थर | पद | कार्यलय |
|---|---|---|---|
| १ | प्र.जि.अ. श्री हुमकला पाण्डे | संयोजक | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक |
| २. | स.प्र.जि.अ. श्री अमरदिप सुनुवार | सदस्य | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक |
| ३. | प्र.से. श्री मिलन थापा | सदस्य | कलिजगं गण, काभ्रेपलाञ्चोक |
| ४. | प्र.उ. श्री चकराज जोशी | सदस्य | जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक |
| ५. | स.प्र.उ. श्री सुरेन्द्र बुढाथोकी | सदस्य | सशस्त्र प्रहरी बल नेपाल नं. १५ गण हे.क्वा., काभ्रेपलाञ्चोक |
| ६. | प्र.अ.अ. श्री नगेन्द्र प्रसाद दाहाल | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, काभ्रेपलाञ्चो |
| ७. | प्रवक्ता डा. श्री सुमन ताम्राकार | सदस्य | धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक |
| ८. | स्वा. प्र. डा. श्री पुरुषोतम सेढाइ | सदस्य | स्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक |
| **सल्लाहकार** | | | |
| १. | उद्धव के. सी | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय |
| २. | अशोक कुमार ब्याञ्जु श्रेष्ठ | नगर प्रमुख | धुलिखेल नगरपालिकाको कार्यालय |

## Covid 19 सम्बन्धी काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्ला स्वास्थ्य क्षेत्रका जिल्ला तथा स्थानीय सम्पर्क व्यक्तिहरुको विवरण तथा सम्पर्क नम्बरहरु :

| सि.न | स्वास्थ्य सस्था वा सम्पर्क व्यक्ति | पद | ठेगाना | सम्पर्क नम्बर | कैै |
|---|---|---|---|---|---|
| १ | डा.नरेन्द्र कुमार झा | बरिष्ठ स्वा. प्रशासक | स्वास्थ्य कार्यालय ,काभ्रेपलाञ्चोकपलाञ्चोक | ९८५११६३३३८ | |
| २ | सिता श्रेष्ठ | ल्या.टे.नि | स्वास्थ्य कार्यालय , काभ्रेपलाञ्चोकपलाञ्चोक | ९८४११६९६९९ | |
| ३ | धुलिखेल अस्पताल HOTLINE | | | ९८०१५७५००६ | |
| ४ | शिरमेमोरियल अस्पताल HOTLINE | | | ९८१०१७४३४४ | |
| ५ | डा.सुमन ताम्रकार | सह प्राध्यापक | धुलिखेल अस्पताल | ९८४३५३०४५० | |
| ६ | पुकार श्रेष्ठ | क.हे.इ | शिर मेमोरियल अस्पताल | ९८१०१७४३४४ | |
| ७ | डा. सागर मगर | मे.अ | मेथिनकोट अस्पताल | ९८४३०९६२३० | |
| ८ | सन्दिप के.सी | स्वास्थ्य संयोजक | धुलिखेल नगरपालिका | ९८४१५४३९९० | |
| ९ | शरदचन्द्र थापा | सह संयोजक | धुलिखेल नगरपालिका | ९८५१०१८५८९ | |
| १० | शम्भु कुमार महतो | स्वास्थ्य संयोजक | बनेपा नगरपालिका | ९८५११४०३४५ | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ११ | महेश्वरकाजी श्रेष्ठ | सह संयोजक | बनेपा नगरपालिका | ९८४१५८३२७४ |
| १२ | उज्जवल अधिकारी | स्वास्थ्य संयोजक | पाँचखाल नगरपालिका | ९८५१००६२२६ |
| १३ | बिष्णु प्रसाद गौतम | सह संयोजक | पाँचखाल नगरपालिका | ९८५११२९६२७ |
| १४ | पुरुषोत्तम तिमल्सिना | स्वास्थ्य संयोजक | पनौती नगरपालिका | ९८४१५५०७१० |
| १५ | रिना पुरी | सह संयोजक | पनौती नगरपालिका | ९८४११००६२७ |
| १६ | सिताराम तिमल्सिना | स्वास्थ्य संयोजक | बेथानचोक गाँउपालिका | ९८४१५१५८४६ |
| १७ | सरस्वती सिंह | सह संयोजक | बेथानचोक गाँउपालिका | ९८४१८८२६१४ |
| १८ | गँगालाल श्रेष्ठ | स्वास्थ्य संयोजक | रोशी गाँउपालिका | ९८५१०८१७९१ |
| १९ | दिलरत्न शाक्य | सह संयोजक | रोशी गाँउपालिका | ९८४९६९४५७९ |
| २० | टीकानिधि कोइराला | स्वास्थ्य संयोजक | नमोबुद्ध नगरपालिका | ९८५११६३०९८ |
| २१ | नवराज दाहाल | सह संयोजक | नमोबुद्ध नगरपालिका | ९८४११४२०५७ |
| २२ | शिवहरी पाठक | स्वास्थ्य संयोजक | तेमाल गाँउपालिका | ९८५१११३५०२ |
| २३ | एलिज मल्ल ठकुरी | सह संयोजक | तेमाल गाँउपालिका | ९८४५४३६११८ |
| २४ | दिपक घिमिरे | स्वास्थ्य संयोजक | मण्डनदेउपुर नगरपालिका | ९८५१०३७७९६ |
| २४ | चन्द्रदेव ठाकुर | सह संयोजक | मण्डनदेउपुर नगरपालिका | ९८५४०२९३४४ |
| २५ | सुदर्शन भट्टराई | स्वास्थ्य संयोजक | भुम्लु गाँउपालिका | ९८४१३६९०३० |
| २६ | तेज बहादुर घिसिङ | स्वास्थ्य संयोजक | चौरीदेउराली गाँउपालिका | ९८४१७३६२६१ |
| २७ | राजु चौलागाई | सह संयोजक | चौरीदेउराली गाँउपालिका | ९८४१४९११८१ |
| २८ | हरिसिंह बिष्ट | स्वास्थ्य संयोजक | महाभारत गाँउपालिका | ९८६३६६७६८० |
| २९ | रामपुकार यादव | स्वास्थ्य संयोजक | खानीखोला गाँउपालिका | ९८४१५०८४७२ |

जिल्लामा कोरोना भाइरस (कोभिड १९) को पूर्वतयारी तथा प्रतिकार्य अर्न्तगत कोरोना संक्रमित व्यक्तिको संख्या, सम्भावित व्यक्तिलाई राख्न स्थापना गरिएका क्वारेन्टाईन र आइसोलेसनको विवरण, राखिएका विरामी सख्या, स्वाव परिक्षण (PCR Test) Antigen Test संख्यां ,संचालनमा आएका क्वारेइन्टान सँख्या र क्वारेन्टाइन बेड सख्या, आइसोलेसन अस्पताल सँख्या, वेड सँख्याको विवरणका साथै स्थानिय तहहरुद्धारा वितरण गरिएको राहत सहितका दैनिक प्रतिबेदन गर्ने काम भएको छ ।

यो रोगको रोकथाम तथा पूर्वतयारी र प्रतिकार्यका लागि सबै सरोकारवाला निकायहरुबाट प्रयास भैरहेको छ भने बिभिन्न गैरसरकारी संघसंस्थाहरुले पनि आ-आफ्नो तह र तप्काबाट सहयोग भैरहेको अवस्था छ । यस जिल्लामा पनि यसको संक्रमण दिनानुदिन बढ्दै गईरहेको परिपेक्षमा जिल्ला विपद् व्यवस्थापन समिति र बिभिन्न क्षेत्रगत निकायहरुले आ-आफ्नो क्षेत्रगत योजनामा समावेश गरि पूर्वतयारी तथा प्रतिकार्य गर्ने प्रयास गरिएको छ । यस जिल्लामा कोरोना भाइरस (कोभिड १९) को कारणले १०,६४७ सक्रंमीत, ९४७८ निको भएको र १६१ जना यस जिल्ला, ६१ जना बाहिरी जिल्लाको गरी २२२ जना मृत्यु रहेको तथ्यांक पाइन्छ ।हालसम्म

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपालका ७७ वटा जिल्लाहरुमा ६२,२६४० जनामा यस रोगको संक्रमण देखा परिसकेको छ भने निको भएर जानेको संख्या ५५,९९२८ रहेको, ८,७७२ जनाले ज्यान गुमाइ सकेका छन । जुन २२, २०२१ [Data of Worldometer] 2078

## ४.३ कोरोना भाइरस [COVID-19] बाट प्रभावित जनसंख्या :

| क.स | गाउँपालिका/ नगरपालिका कोनाम | आइसोलेसन बेड | PCR परिक्षण संख्या | PCR Test नतिजा | Antigen Test संख्या | Antigen Test नतिजा | कोरानाबाट सकमित संख्या | कोरोनाबाटनिकोभएरजाने संख्या | अक्सिजन संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुम्लु गाउँपालिका | ० | ० | ० | ९४ | १९ | ० | ० | ० |
| २ | चौरीदेउराल ी | २७ | ० | ० | ५१ | १९ | ० | ० | ० |
| ३ | खानीखोल ा | ० | ० | ० | ८९ | ५० | ० | ० | ० |
| ४ | महाभारत गाउँपालि | १० | ० | ० | ४२४ | १४५ | ० | ० | ० |
| ५ | तेमाल गाउँपालिका | २० | ० | ० | २२२ | १९ | ० | ० | ० |
| ६ | रोशी गाउँपालिका | ० | ० | ० | १५० | ७ | ० | ० | ० |
| ७ | बेथानचो क | २५ | ० | ० | २१० | २० | ० | ० | ० |
| ८ | नमोबुद्ध नगरपालिका | ४० | ० | ० | २९४ | ५१ | ० | ० | ० |
| ९ | मण्डन देउपर | ५० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | पाँचखाल | २५ | ० | ० | १२२ | ३५ | ० | ० | ० |
| ११ | धुलिखेल | १९० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | बनेपा नगरपालिका | ११५ | ० | ० | ७१६ | ५३ | ० | ० | ० |
| १३ | पनौती नगरपालिका | २५ | ० | ० | ३८४ | ११९ | ० | ० | ० |
| | जम्मा | ५२७ | ० | ० | २७५६ | ५३७ | ० | ० | ० |

### काभ्रेपलाञ्चोक जिल्लाको ४ अस्पतालको ICU, HDU, Ventilator, Oxygen को संख्या :

| क्र.सं. | अस्पताल वाआईसोलेसन सेन्टरकोनाम | गाउँ/नगरपालिका | ICU बेड संख्या | HDU बेड संख्या | भेन्टिलेटर संख्या | ICU बेडमा उपचार संख्या | HDU बेड उपचार संख्या | भेन्टिलेटर उपचार संख्या | अक्सिजनसंख्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धुलि खेल | धुलिखेल नगरपालिका | ६० | ७६ | १० | ६० | ३१ | ९ | ० |
| २ | बनेपा अस्पताल | बनेपा नगरपालिका | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | मेथिनकोट अस्पताल | नमोबुद्ध नगरपालिका | ० | ० | ० | ० | । | । | । |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | भोमी अस्पताल | बनेप नगरपालिल | ८ | ४ | ६ | ० | ० | । | । |

## कोभिड – १९ तथ्याङ्कबिवरण : (मिति २०७६ चैत्रबाट २०७८ असार ५ गते सम्म)

| क. स | जम्मा सक्रमित संख्या | अस्पताल आइसोलेसन बेड | होमआइसो लेसन बेड | आजको सक्रमित | आजको डिस्चार्ज | कोरानाबाट सक्रमित जम्मा | निको भएको संख्या | मृत्यु भएको संख्या | पहिलो खोप लगाउने को संख्या | दोस्रो खोप लगाउने को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०६४७ | ५२७ | ० | २५ | ७२ | १०६४७ | ९४७८ | १६१ | ३८६३५ | १४५९ |

*स्रोत : स्वास्थ्य कार्यालय,काभ्रेपलाञ्चं.*

### ४.४ कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका पूर्वतयारी प्रयासहरु :

- बिभिन्न समितिहरु गठन गरि आवश्यकताअनुसार निर्णय र निर्णयको कार्यान्वयन,
- कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्थासँग सम्बन्धित निर्णयहरु ( लकडाउनसँग सम्बन्धित निर्णय, उच्च जोखियूक्त क्षेत्र सिल गर्ने निर्णय, क्वारेन्टाईन, आइसोलेसन अस्पताल र होल्डिङ्ग सेन्टर व्यवस्थापन र उपचारसँग सम्बन्धित निर्णयहरु) गरि कार्यान्वयन गरिएको ।
- भारतबाट फर्केका नागरिकहरुलाई तत्काल समुदायमा घुलमिल नहुन दिने गरी सम्बन्धित स्थानीय तहहरुमा निर्माण गरिएका क्वारेन्नटाईनमा राखि परिक्षण गर्ने गरेको र सो कार्यलाई निरन्तरता दिईएको,
- Case Investigation Team, Contact Tracing Team गठन गरी कार्यसम्पादन गरिएको र सो लाई निरन्तरता दिईएको ।
- हालसम्म ८,४८६ जनाको पिसिआर बिधिबाट परीक्षण, २,६६८ जनाको एन्टिजेन परिक्षण बिधिबाट परीक्षण गरिएको । यस जिल्लामा PCR परीक्षण गरिएका मध्ये २३ जना संक्रमित देखिएको
- यस जिल्लाको नाका हुँदै भारतका बिभिन्न स्थानबाट आउने नेपाली नागरिकहरुलाई स्वास्थ्य परीक्षण पश्चात
  सम्बन्धित जिल्ला, स्थानिय तहसँग समन्वय गरि १४ दिनसम्म सम्बन्धित स्थानीय तहको क्वारेन्टाईनमा बस्ने शर्तमा पठाइएको ।
- स जिल्लामा कार्यरत उद्योगबाणिज्य सघं, पतञ्जली,रेडक्रस, होटेल एसोसिएसन काभ्रेपलाञ्चोक र अन्य गैर सरकारी संस्था लगायतको समन्वय र सहयोगमा क्वारेन्टाइन व्यवस्थापन, खानेपानी तथा सरसफाइ सम्बन्धि कार्य भैरहेको,
- कोभिड १९ संक्रमित व्यक्तिहरुको स्वास्थ्य उपचार तथा अन्य व्यवस्थापनका लागि तत्कालै स्थानिय तह, सुरक्षा निकायहरुसँग समन्वय गरि आइसोलन केन्द्रमा आवश्यकक्तानुसार व्यवस्थापन भएको ।

समग्रमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सबै बिषयगत क्षेत्रको नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारीतथा गैरसरकारी निकायहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस ( कोभिड-१९) बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीको जोखिमबाट सुरक्षित रहने उपायहरुको अवलम्वन गरि कार्य गर्नुपर्नेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

# परिच्छेद-५

## ५. जिल्ला बिपद् ब्यवस्थापन समिति

### ५.१ परिचय :

जिल्लामा विपद् न्यूनीकरणका क्षेत्रका काम गर्न तथा विपद्बाट प्रभावित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहतको व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सरकारी/गैरसरकारी निकायहरु, राजनैतिक दल तथा नागरिक समाज
सहिको जिल्ला स्तरमा गठन भएको समितिलाई जिल्ला जिल्ला बिपद् ब्यवस्थापन समिति भनिन्छ। यस समितिको सचिवको
रुपमा काम गर्ने प्रमुख जिल्ला अधिकारीले तोकेको व्यक्तिले प्रमुख जिल्ला अधिकारीसंगको समन्वयमा रहेर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका सिलसिलामा बैठक तथा कार्यशालाहरुको आयोजना गर्नुपर्दछ।

### ५.२ जिल्ला बिपद् ब्यवस्थापन समितिका कार्यहरु :

- बिपद् उद्धारको कार्यमा स्थानीय तहहरुलाई समन्वय गर्ने वा समन्वय गर्न लगाउने।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरि कार्यान्वयन गर्ने।
- स्थानीय तहबाट सञ्चालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र सञ्चालित कार्यमाआवश्यक सहयोग गर्ने
- समय-समयमा बिपद् राहत उद्धार कार्यमा भइरहेको प्रगतिको बारेमा क्षेत्रीय तथा प्रदेश बिपद् ब्यवस्थापन
- समितिलाई जानकारी दिने।
- केन्द्रिय तथा प्रदेश बिपद ब्यवस्थापन समिति बाट प्राप्त निर्देशनका आधारमा कार्य सञ्चालन गर्ने
- बाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय बैठकको आयोजना गर्ने।
- सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस लागायतका संघ संस्था विच
- प्रतिकार्यको समीक्षा गर्न बैठक सञ्चालन गर्ने।

माथि उल्लेखित कार्य लगायत जिल्ला विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ मा तोकिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग, गर्ने, गराउने,

(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,

(ग) जिल्ला स्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,

(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैर

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

सरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,

(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,

(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,

(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको शव व्यवस्थापन गर्ने, गराउने,

(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,

(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरु भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरीवेक्षण गर्ने,

(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्दार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्दार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण केन्द्रमा पठाउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमकाअन्य काम गर्ने, गराउने ।

(भ) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५.३ जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को कार्यशर्त निर्देशन :

जिल्ला अगुवा सहयोगी संस्थाको मुख्य भूमिका जिल्लामा विपद् पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि क्रियाकलाप गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सिलसिलामा जिल्लामा कार्यरत सबै सरोकारवाला निकायबिच छलफल गर्न साझा मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी जिल्ला बिपद् व्यवस्थापन समितिलाई सहयोग प्रदान गर्नु हो । यस जिल्लामा मिति २०७७ जेष्ठ ९ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले DLSA] जिम्मेवारी नेपाल रेडक्रस सोसाइटी काभ्रेपलाञ्चोक जिल्ला शाखालाई

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

दिएको छ ।

## जिल्ला अगुवा सहयोगी संस्था (DLSA) का कार्यहरु :

१. सबै निकायहरुको सहकार्यमा जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने ।
२. जिल्ला बिपद् व्यवस्थापन समितिसँग समन्वय गरी अन्तिम कार्यशाला बैठक गर्नु अघि आवश्यक बैठकहरुहरु सञ्चालन गर्ने ।
३. विपद्सम्बन्धी तथ्याङ्क संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने, सहयोग प्रदान गर्ने ।
४. प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने ।
५. गतवर्षका अनुभवको आधारमा सफलता, चुनौती तथा खाडल (gap) पहिचान गर्ने ।
६. विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सबै विषयगत क्षेत्रका अगुवा तथा सदस्यसंस्थाहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।
७. अन्तिम कार्यशालाको नतिजा तयार गर्ने र जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरु बीच नतिजा प्रवाह गर्ने । साथै क्षेत्रीय तथा केन्द्रिय तहमा प्रतिवेदन दिने साथै नपा/गापा स्तरसम्म जानकारी गराउने आदि ।

## ५.४ जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना र यसको भूमिका :

जिल्लामा संचालन गरिने बिभिन्न आपतकालिन प्रतिकार्यलाई प्रभावकारी रुपमा संचालन गर्न गराउन र केन्द्रसँगको संयोजनलाई थप व्यवस्थित बनाई एकिकृत ढंगले विपद् प्रतिकार्य संचालनकालागि यस जिल्लामा २०७० भाद्र ४ मा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई कार्य गर्दै आइरहेको छ । सबै स्थानिय तहहरुमा स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापनाको लागि प्रक्रिया अघि बढाई तिनीहरुसँग समन्वय गरिएको छ ।

### यसको मुख्य कार्यहरु देहाय बमोजिम रहेको छ :

१. सूचना व्यवस्थापन बिश्वासिलो, तथ्यपरक र समयमा जानकारी गराउने ।
२. प्रभावकारी विपद् व्यवस्थापनको लागि सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने ।
३. प्रभावकारी विपद व्यवस्थापनको लागि सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।
४. विपद् व्यवस्थापन सम्बन्धि ऐन, नीति, नियम र योजनाको कार्यान्वयन गर्ने ।
५. सूचना व्यवस्थापन प्रणाली र तथ्याँक संकलनलाई प्रभावकारी बनाउने ।

## ५.८ स्थानीय तहहरुको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको अवस्था :

| क्र.सं. | गाउँ/नगर पालिका | स्थानिय विपद् तथा जलवायु उत्थानसिल योजना, । | स्थानिय विपद् व्यवस्थापन समिति गठन | वडा तहको विपद् व्यवस्थापन | स्थानिय आपत कालिन कार्य सञ्चालन केन्द्र | आपतकालिन कोष स्थापना | आपतकालिन कोष परिचालन कार्यविधि | पूर्वतयारी तथा प्रतिकार्य | विषयगत क्षेत्र (Cluster) | विपद् फोकल पर्सन | विपद् व्यवस्थापन शाखा/उपशाखा | आपतकालिन राहत सामग्री |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

| | | LDCRP स्थानिय विपद् जोखिम योजना LDRMP, Disaster ACT | | समिति गठन | स्थापना भएको | | | योजना | बनेको छ | तोकिएको | | भण्डारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुम्लु गाउँपालिका | छ | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| २ | चौरी देउराली गाउँपालिका | छैन | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ३ | खानीखोला गाउँपालिका | छैन | छ | छैन | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ४ | महाभारत गाउँपालिका | छैन | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ५ | तेमाल गाउँपालिका | छैन | छ | छैन | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ६ | रोशी गाउँपालिका | छैन | छ | छैन | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ७ | बेथानचोक गाउँपालिका | छ | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ८ | नमोबुद्ध नगरपालिका | छ | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ९ | मण्डन देउपुर नगरपालिका | छ | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| १० | पाँचखाल नगरपालिका | छैन | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| ११ | धुलिखेल नगरपालिका | छैन | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |
| १२ | बनेपा नगरपालिका | छैन | छ | छैन | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | पनौती नगरपालिका | छ | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | छैन |

स्रोत: सबै नगरपालिका तथा गाउँपालिका २०७८

# परिच्छेद-६

## ६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन :

विभिन्न चरणमा जिल्ला विपद् व्यवस्थापन समितीका सदस्यहरु स्थानिय तहका विपद् सर्म्पक व्यक्त्हिरुसगँ निरन्तर छलफल र बैठक पछि तत्कालका तथ्याङ्कहरु समावेश गरि समय सापेक्ष यस योजनालाई अधयावधिक एबम परिमार्जन गरिएको छ ।

### ६.१ सन्दर्भ सामग्री पुनरावलोकन :

| क.स. | प्रतिवेदनको नाम | सन्दर्भ बिषय | प्रकाशन मिति |
|---|---|---|---|
| १. | तथ्याकं कार्यलय काभ्रेपलाञ्चोकको तथ्याक. पुस्तिका | जिल्लाका विविध बिषयका तथ्याङ्कहरु | २०७४, आषाढ |
| २. | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा काभ्रेपलाञ्चोकको वार्षिक प्रतिवेदन | जिल्ला शाखा बाट विपद् व्यवस्थापनमा सम्पादन गरिएका कार्यहरु | २०७७, चैत्र २१ |
| ३ | जिल्ला प्रशासन कार्यलयको अर्धबार्षिक तथा कोभिड १९ सम्बन्धित बुलेटिन | जिल्ला प्रशासनले गरेको राहत वितरण तथा जिल्ला विपद् व्यवस्थापन समितीका निर्णयहरु एबंम कोभिड १९ रोकथाम, नियन्त्रण , तथा उपचार सम्बनधमा गरिएका कार्यहरु । | २०७७, चैत्र, जेष्ठ |
| ४. | कृषि ज्ञान केन्दको वार्षिक तथ्याङ्क पुस्तिका | बाली नालीमा भएको प्रकोप तथा नियन्त्रण सम्बन्धि गतिविधिहरु | २०७६, भाद्र |

### ६.२ क्षेत्रगत प्रतिकार्य योजना

#### ६.२.१ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूची :

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने सम्बन्धित निकायहरू (Cluster Leads) सँग सहकार्य गरी मानवीय सहायता गर्नका लागि निम्नलिखित क्षेत्रहरू (Clusters) गठन गरिएका छन् र ती क्षेत्रसँग सम्वन्धित सहयोगी निकायहरुको विवरण निम्न अनुसार रहेको छ ।

| सि. नं | विषयगत क्षेत्र | जिल्ला अगुवा संस्था | सहयोगी संस्था | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर (संयोजक, सह संयोजक र सहयोगी निकाय ) |
|---|---|---|---|---|---|
| १. | **समन्वय तथा सूचना व्यवस्थापना** | जिल्ला प्रशासन कार्यालय, जिल्ला बिपद् व्यवस्थापन समिति | जिल्ला समन्वय समिति, नगरपालिका/ गाउँपालिका, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यलय, शिक्षा विकास तथा समन्वय ईकाइ , स्वास्थ्य कार्यालय, भेटनरी अस्पताल तथा पशुसेवा विकास केन्द्र , कृषि ज्ञान केन्द्र, पूर्वाधर विकास कार्यालय, नेपाल टेलिकम, नेपाल रेडक्रस सोसाइटी , नेपाल पत्रकार महासघं, राजनितिक दलहरुका प्रतिनिधिहरु | प्रमुख जिल्ला अधिकारी<br><br>सहायक प्रमुख जिल्ला अधिकारी<br><br>जिल्ला समन्वय अधिकारी | **संयोजक**<br>शिवराम पोखरेल<br>९८५१२३७७७७<br>daokavre@gmail.com<br><br>अमरदिप सुनुवार<br>९८५१११९७८३<br>sunuwaramardip@yahoo.com<br><br>केशब प्रशाद रिजाल<br>४९०१४६, ४९०२४६<br>९८५१२७५२२२ |
| २. | **खोज तथा उद्धार** | नेपाली सेना, श्री कालीजगं गण, जिल्ला प्रहरी कार्यालय र स.प्र. बल नेपाल नं १५ गण राष्ट्रिय अनुसन्धान | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका/ गाउँपालिका, डिभिजन सडक कार्यालय, नेपाल रेडक्रस सोसाइटी काभ्रेपलाञ्चोक, स्वास्थ्य कार्यालय, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यलय | प्रमुख सेनानी र प्रहरी उपरीक्षकहरु<br><br>सशस्त्र प्रहरी उपरीक्षक प्रमुख अनुसन्धान अधिकृत | संयोजक<br>मिलन थापा नेपाली सेना<br>९८५५०२१४६९, ४९०४३२<br>४९०६०७, ०११४९०६२०<br><br>भुपेन्द्र बहादुर खत्री, जि.प्र.का<br>९८५१२३५५५५<br>dpokavre@nepalpolice.gov.np<br>महेश के.सी.<br>९८५१२७२०४२, ४९९३२०४ |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | | जिल्ला कार्यालय | | | apfkalinchowkbhagwati.btn @gmail.com<br>apfnepalpanchakhal@gmail.com<br>अरुण कार्की<br>९८५१२३०२८७<br>nidkavree@gmail.com |
| | जि.बि.ब्य.समितिसँग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन | भूकम्प र बाढी पहिरोको सन्दर्भमा MIRA निर्माण | | जि.बि.ब्य.समिति तथा स्था. बि ब्य. समिति | |
| पहिलो महिना | अस्थायी अध्यायन केन्द सञ्चालन गर्न वा भत्केका बिद्यालयको पुनर्निर्माण गर्ने पुनर्निर्माण गर्न नसके प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने | | | जि. शिक्षा समन्वय ईकाइ तथा स्थानिय शिक्षा समन्वय ईकाइ | क्षतिको प्रकृति अनुसार |
| | बालबालिकाको लागि बाल विकास केन्द्र (ECDC) स्थापना र सञ्चालन गर्ने | | | शिक्षा क्षेत्रका सदस्यहरु | |
| दोस्रो महिना | अस्थायी अध्यायनकेन्द्रमा खाजा तथा औषधिको व्यवस्थापन गर्ने | IEC छपाइ तथा व्यवस्थापन गर्ने | | जिल्ला शिक्षा तथा स्थानिय शिक्षा समन्वय ईकाइ | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## ७.२.८ संरक्षण (Protection) क्षेत्र

### मानविय सहयोगका मापदण्डहरु

- संरक्षण समूहको क्षमतामा वृद्धि गर्ने र स्रोत व्यवस्थापन गर्ने ।
- प्रभावित जनसमुदायको कुनैपनि अधिकारको उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- महिला हिसा न्यूनीकरणका लागि जनचेतना जगाउने ।
- मानव अधिकारको संरक्षण गर्ने ।
- विभिन्न समुदायका सदस्यहरुबाट, विशेषत: अति गरिव तथा पछाडि पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच प्रतिकार्य पाए नपाएको अनुगमनगर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा विपद्मा परेका व्यक्तिहरुको दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बाल-मैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू विछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवार साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्नेर खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट विछोडिएका तथा साथ नभएका बालबालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, वृद्ध, अपाङ्ग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने ( आवास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाईनियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी (Advocacy) गर्ने ।
- मनोपरामर्श सेवा प्रदान गर्ने ।
- किशोरीहरुलाई महिनावारी हुँदा प्रयोग गर्ने प्याड वितरण तालिमको व्यवस्था गर्ने ।

**मुख्य विपदको किसिम :** भूकम्प, पहिरो, आगलागी, बाढी, महामारी, चट्याङ, हावाहुरी, रोगकीराको आक्रमण र सडक दुर्घटना

**क्षेत्रगत उद्देश्य** : बालबालिका लगाएत जोखिममा रहेका समूहहरुले आपतकालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेला बाट संरक्षण प्राप्त गराउनु उद्देश्य रहेको छ ।

**योजनाको समष्टिगत उद्देश्य :**

१. प्राकृतिक विपद्तथा अन्य आपतकालिन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका (Guaranteed)मौलिक अधिकारहरूको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

२. जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपतकालिन प्रतिकार्यको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

३. आपतकालिन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावितभई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।

४. बालमैत्री ठाउँ तथा मनोसामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

५. विछोड भएका बालबालिका, खासगरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूले पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधासहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

६. यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी (Advocacy) गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरू माथिको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

## संरक्षण क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | **क्षेत्रको समन्वय बैठक:** जिम्मेवारी बाँडफाँड, सूचना तथा जानकारी संकलन, प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | | स्थानिय तह तथा महिला तथा बालबालिका कार्यालय | |
| दोस्रो दिन | परिस्थिति अनुसार DDMC र सम्बन्धित निकायमा जानकारी गर्नेर गराउने | प्रभावित क्षेत्रको अनुगमन | | संरक्षण क्षेत्र | |
| पहिलो हप्ता | प्रारम्भिक जानकारीको आधारमा आपतकालिन मानवीय सहयोग उपलब्ध गराउने | आपतकालिन कोषको व्यवस्था | | स्थानिय तह | |
| | जि.बि.व्य.समितिसँग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन | सर्भेक्षणको लागि व्यक्ति तोक्ने | | स्थानिय तह | |
| | हराएका, तनावग्रस्त, घाइते, अशक्त आदिको तथ्याङ्क संकलन गर्ने र भेटिएकालाई पारिवारिक पुनर्मिलन गराउने | सम्पर्क डेस्क सञ्चालन | सञ्चार अवरुद्ध हुने | स्थानिय तह | |
| पहिलो महिना | Child Protection/ Women violence, Conflictजस्ता कार्यको नियमित अनुगमन गरी आवश्यक प्रतिकार्य गर्ने | सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्ने | सही सूचना प्राप्तिमा कठिनाइ | स्थानिय तह | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो महिना | स्वयंसेवकहरुको परिचालन गरी आवश्यकता अनुसार Psychosocial Counseling गर्ने | उपलब्ध मनोसामाजिक विमर्शकर्ताको तथ्याङ्क अद्यावधिक गर्ने | मनोविमर्श कर्ताको संख्या कमी हुन सक्ने तथा उनीहरुले समय उपलब्ध नगराउने | स्थानिय तह, संरक्षण क्षेत्र तथा सो क्षेत्रमा कार्यरत विभिन्न गैसस | |
| तेश्रो महिना | आवश्यकता अनुसार सचेतना कार्यक्रम सञ्चालन गर्ने | IEC सामग्रीको छपाइ तथा व्यवस्थापन गर्ने | | स्थानिय तह | |

## ७.३ कार्यान्वयन तथा पुनरावलोकन रणनीति

### ७.३.१ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन हुन

मुख्य विपद्को समयमा जिल्ला बिपद् व्यवस्थापन समिति को प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीबाट मानवीय उद्धारको कार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गराउनका लागि मुख्य भूमिका निर्वाह हुनेछ । जिल्ला बिपद् व्यवस्थापन समितिले विपद्को समयमा जिल्ला स्थित सबै विकास तथा मानवीय सहायतामा संलग्न निकायहरुलाई उनीहरुको नियमित कार्यलाई मानवीय सहायताको कार्य तर्फ लगाउन समन्वय तथा निर्देशन दिन सक्नेछ ।

### ७.३.२ विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

**सामान्य अवस्थामा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका कार्यान्वयन निम्न बमोजिम गरिनेछ :**

| क्र.सं. | कार्यक्रम | मिति |
|---|---|---|
| १. | जि. बि. ब्य. समितिको बैठक, क्षेत्रगत तयारी | २०७८ वैशाख |
| २. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अध्यवधिक मस्यौदा जिल्ला जिल्ला बिपद् व्यवस्थापन समिति मा प्रस्तुत | २०७८ असार |
| ३. | जिल्ला बिपद् व्यवस्थापन समिति ले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक मस्यौदा पारित गर्ने | २०७८ श्रावण |
| ४. | विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको समीक्षा | चौमासिक रुपमा |
| ५. | विपद्पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक | २०७८ श्रावणमा प्रकाशन |

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक गरिएको) लाई कार्यान्वयन गर्न आवश्यक स्रोत, साधन र बजेट उपलब्ध गराउनका लागि स्थानिय तह सम्बन्धित विषयगत कार्यालय प्रदेश तथा केन्द्रिय, संघिय सरकार र संघसंस्थाहरु समक्ष पहल गरिनेछ । साथै आवश्यकता अनुरुप अन्तर्राष्ट्रिय सहयोग नियोगको मानवीय सहयोग शाखासँग समन्वय गरी अन्य दातृ निकायसँग पनि सहयोगको लागि पहल गरिनेछ ।

**७.३.३ विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अध्यावधिक :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अध्यावधिक सम्बन्धी कार्य जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकपलाञ्चोकको संयोजकत्वमा नेपाल रेडकस सोसाइटीको आवश्यक सहयोगमा सम्पन्न हुन्छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यालय तथा इकाई | सदस्य संख्या |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक | १ |
| २. | जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक | २ |
| ३. | ने. क. पा. | १ |
| ४. | नेपाली कांग्रेस | १ |
| ५. | समाजवादी पार्टी | १ |
| ६. | कालीजंग गण (नेपाली सेना) | १ |
| ७. | काभ्रेपलाञ्चोक उद्योग वाणिज्यसंघ | १ |
| ८. | नेपाल रेडक्रस सोसाइटी, काभ्रेपलाञ्चोक शाखा | १ |
| ९. | जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक | १ |
| १०. | सशस्त्र प्रहरी बल नेपाल | १ |
| ११. | भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, काभ्रेपलाञ्चोक | १ |
| १२. | म.सिंचाई विकास डिभिजन नं. ७, काभ्रेपलाञ्चोक | १ |
| १३. | श.वि.भ.नि.बि, डिभिजन कार्यालय,काभ्रेपलाञ्चोक | १ |
| १४. | कृषि ज्ञान केन्द्र | १ |
| १५. | स्वास्थ्य कार्यालय | १ |
| १६. | खानेपानी तथासरसफाइ डिभिजन कार्यालय, (संयोजक) | १ |
| १७. | शिक्षा विकास तथा समन्वय इकाई. (संयोजक) | १ |
| १८ | राष्ट्रिय अनूसन्धान कार्यालय | १ |
| १९ | जिल्ला पुर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक | १ |
| २० | डिभिजन बन कार्यालय, काभ्रेपलाञ्चोक | १ |
| २१ | घरेलु तथा साना उद्योग कार्यालय, | १ |
| २२ | सबै स्थानीय तहका प्रतिनिधिहरु | १३ |
| | जम्मा | ३५ जना |

## ७.४ प्रतिवेदन तथा अभिलेखन

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला बिपद् व्यवस्थापन समिति तथा स्थानिय बिपद् व्यवस्थनपन समिति र अन्य मानवीय सहायतामा संलग्न निकायहरुबाट स्वामित्व ग्रहण गरिएको आधिकारिक दस्तावेज हो ।

जिल्ला बिपद् व्यवस्थापन समितिको संयोजकत्वमा हरेक वर्ष यस पुवतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन हुने गरेको र आवश्यक परेमा आवधिक रुपमा अध्यावधिक समेत गरिँदै आएको छ ।

प्रत्येक स्थानिय तहले आफ्नो क्षेत्रमा विपद् व्यवस्थापन गर्नका लागि विपद् व्यवस्थापन ऐन, नियमावली तथा कार्यविधि बनाउन सक्दछन् ।

## ७.५ स्थानीय विपद व्यवस्थापन समिति

गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखको अध्यक्षतामा प्रत्येक गाउँपालिका तथा नगरपालिकामा तोकिए बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति रहने छ । स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजट विनियोजन गर्न लगाउने,

ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४(पहिलो संशोधित २०७६) का अनुसार विपद जोखिम न्युनिकरण व्यवस्थापनमा संलग्न निकायहरु बिचको समन्वय तथा सहकार्यको स्वरुप (                    )




सहायक प्रमुख जिल्ला अधिकारी

पाण्डे
प्रमुख जिल्ला अधिकारी

## ७.२ विपदको प्रकृतिमा आधारित क्षेत्रगत प्रतिकार्य योजना

### ७.२.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र (Coordination and Information Management Cluster)

**मानवीय सहयोगका मापदण्ड**

- समन्वय बैठक विपद्आएको पहिलो हप्तामा १ दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एकदिन बैठक बस्ने
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने
- जोखिममा परेका समूह तथा जनसंख्यालाई न्यायोचित रूपमा उद्धार तथा राहत सामग्रीको वितरण तथा सहयोग गर्ने
- अवस्था तथा आवश्यकताको आधारमा रहेर (IRA/MIRA) टीम परिचालन गर्ने
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन तयार गर्ने । क्रमशः आवश्यकताअनुसार हरेक २ दिन तथा साप्ताहिक रुपमा निरन्तरता दिने
- २४ घण्टाभित्र सञ्चार माध्यममा समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन समाचार पठाउने
- प्रदेश बिपद् ब्यवस्थापन समिति सगँ समन्वय गर्दै कार्य गर्ने
- समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने, प्रतिवेदन तयार गरी सबैलाई जानकारी गराउने
- प्राप्त स्रोतको वितरण तथा व्यवस्थापनमा आपतकालीन बन्दोवस्ती (Logistic Support) को व्यवस्थापन गरी प्रभावित क्षेत्रमा आवश्यक समाग्रीहरु पुऱ्याउने
- गाउँपालिका, नगरपालिकातथा प्रदेश स्तरीय बिपद् व्यवस्थापन समितिसँग समन्वय गरी कार्य गर्ने

**मुख्य विपदको किसिम** : बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना र सुख्खा खडेरी

**क्षेत्रगत उद्देश्यः**

सूचना प्रवाहका वैकल्पिक उपायहरु पहिचान गर्ने तथा सूचनाहरुलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुमा उपलब्ध गराई सहयोग सुनिश्चित गर्ने

**योजनाको समिष्टगत उद्देश्य :**

- जिल्ला तथा स्थानिय तहमा सूचना तथा समन्वय समिति गठन गर्ने
- २४ घण्टा भित्र प्रारम्भिक द्रुत लेखाजोखा IRA गरि क्षतिको आंकलन गर्ने र प्रभावितहरुको आधारभुत आवश्यकता पुरा गर्न पहल गर्ने
- तिनदेखि पाँच दिन भित्र बहु क्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा (Multi-Cluster InitialRapid Assessement, MIRA) गरी क्षति र पीडितहरुको विवरण तयार गर्ने
- सूचना प्रवाहको वैकल्पिक उपायहरु पहिचान गरी सूचना प्रवाह सुनिश्चित गर्ने
- प्राप्त सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुलाई उपलब्ध गराउने
- समन्वय बैठक बाढी आएको बेला २४ घण्टा भित्र, पहिलो हप्तामा १ दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एकदिन बैठक बस्ने

सहायक प्रमुख जिल्ला अधिकारी

हेमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

- नियमित रुपमा अनुगमन गरी क्षेत्रहरुलाई पृष्ठपोषण गर्ने

## समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला बिपद् व्यवस्थापन समितिको समन्वय बैठकआयोजना गर्ने<br>- जानकारीको संकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>- सबै क्षेत्र (Cluster) लाई सक्रिय पार्ने सबै क्षेत्र ( Cluster) लाई कार्य जिम्मेवारी सुम्पने<br>- आवश्यकता अनुसार आपतकालिन सहयोगको लागि मानवीय सहायोगमा कार्यगर्ने विभिन्न पक्षवा निकायसँग अनुरोध गर्ने | | बजेटको व्यवस्थापन | जिल्ला बिपद् व्यवस्थापन समिति | |
| | प्रारम्भिक सर्वेक्षणका लागि IRA टोली परिचालन | जिल्ला बिपद् व्यवस्थापन सँगसमन्वय गरी सर्वेक्षण टोलीको सम्पर्क विवरण अद्यावधिक गर्ने | भौगोलिक एवं प्राविधिक कठिनाई पर्नसक्ने | जिल्ला बिपद् व्यवस्थापन समिति | |
| | सूचना डेक्स निमार्ण गर्ने | स्थानीय स्तरका सम्पर्क व्यक्तिको विवरण अद्यावधिक | | जि.प्रशासन,जिल्ला समन्वय | |
| दोस्रो दिन | स्थानीय स्रोत र साधनको समिक्षा गर्ने | प्रत्येक क्षेत्रसँग उपलब्ध स्थानीय स्रोत र साधनको यकिन गर्ने | स्रोत साधन अपर्याप्तता | जिल्ला बिपद् व्यवस्थापन समिति | |
| | प्रकोप प्रभावितको लागि राहत वितरण | | वास्तविक प्रभावितको पहिचानमा कठिनाई | जिल्ला बिपद् व्यवस्थापन | |
| पहिलो हप्ता | MIRA सर्वेक्षण टोली परिचालन | अन्य क्षेत्रसँग समन्वय गरेर MIRA अभिमुखिकरण गर्ने | MIRA अभिमुखिकरण गर्ने दक्ष जनशक्तिको अभाव | जिल्ला बिपद् व्यवस्थापन समिति | |

सहायक प्रमुख जिल्ला अधिकारी

पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | सर्वेक्षणका आधारमा कार्य योजना तयार गरी कार्यान्वयन गर्ने | सुरक्षित स्थानको नक्साङ्कन गोदामको नक्साङ्कन | स्रोत साधन एवं भण्डारणको पर्याप्त व्यवस्थापन नहुनु | नेपाल रेडक्र स, | |
| | क्षेत्रका सबै सदस्यहरु तथा अन्य सरोकारहरुलाई निष्कर्ष उपलब्ध गराई जानकारी गराउने | | | | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मे वार निका | पूर्वत यारी कार्य का लागि |
|---|---|---|---|---|---|
| | राहत वितरणलाई निर्विवाद बनाउन राजनैतिक दलहरुको अनिवार्य सहभागिता गराई सहयोग उपलब्ध गराउने | राजनैतिक दलहरुको सहभागितामा योजना निर्माण | विपद् पूर्व तयारीले राजनैतिक प्राथमि कता नपाउनु | जिल्ला समन्वय समिति | |
| पहिलो महिना | विपद्बाट विस्थापित र घाइतेहरुलाई | परिचय पत्रको छपाई | वास्तविक प्रभावितको | जिल्ला बिपद् व्यवस्थापन | १ लाख |
| दोस्रो महिना | संकलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने | तथ्याङ्क विश्लेषणको अभिमुखिकरण | स्रोत व्यक्ति, सही | जिल्ला बिपद् व्यवस्थापन | |
| तेस्रो महिना | प्रभावितहरुको सुरक्षित पुनर्स्थापनाको लागि कार्य योजना तयार गरी कार्यान्वयन गर्ने | दीर्घकालीन सुरक्षित स्थानको पहिचान | पुनर्स्थापना तथा पुनर्निर्माण रणनीति | जिल्ला विपद् व्यबस्थापन समिति को नेतृत्वमा जिल्ला समन्वय समिति, जिल्ला पुर्वाधार विकास कार्यालय, सुरक्षा निकायहरु एव नेपाल | प्रतिपरिवार अनुमानित रु १५ हजार |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

**मानवि सहयोगका मापदण्ड**

- प्रकोपको लगत्तै उपकरणसहित खोज तथा उद्धार (Search And Rescue) टोली खटाउने
- जोखिममा परेका समूह तथा जनसंख्यालाई न्यायोचित रूपमा यथासक्य चाडो खोज तथाउद्धार गरी सहयोग गर्ने
- धन तथा जनको सुरक्षा गरी सुरक्षित जीवनको प्रत्याभूत गराउने
- अन्य क्षेत्रसँग समन्वय गरी राहत सामग्री वितरणमा सहयोग गर्ने
- घाइते, अशक्त, असहाय, बालबालिका, महिला तथा वृद्धवृद्धालाई प्राथमिकताका साथसुरक्षित स्थानान्तरण गर्ने

**मुख्य विपदको किसिम**: पहिरो, आगलागी, बाढी, महामारी, भूकम्प, चट्याङ, हावाहुरी, रोग, किरा तथा जनावरको आक्रमण र सडक दुर्घटना

**क्षेत्रगत उद्देश्यः** विपद् प्रभावितहरुको जनधनको खोज तथा उद्धार गरी सहज तरिकाले सुरक्षित स्थानसम्म पुऱ्याउने

**योजनाको समष्टिगत उद्देश्य :**

- विना भेदभाव विपद् प्रभावितहरुलाई उद्धार गरी सुरक्षित तवरले राख्नु
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु
- प्रभावितहरुको तत्काल जीवन बचाउनु
- सम्भावित मानवीय क्षति कम गर्नु
- सुरक्षित स्थानको खोजी गर्नु

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

## खोजतलास तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्व तयारी कार्य | पुर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | खोजतलास तथाउद्धार क्षेत्रको आपत कालिन समन्वय बैठक आयोजना गर्ने<br>■ विपद्जन्य स्थल तर्फ खोजतलास तथा उद्धार टोली परिचालन गर्ने<br>■ प्रभावित स्थलको पहिचानर प्राथमिकता निर्धारण गर्ने<br>■ स्थानीय तहसँग समन्वय गरी खोज तथा उद्धार गर्ने<br>■ सम्बन्धित अन्य निकायसँग समन्वय गर्ने | आपतकालिन खोज तथा उद्धार सामग्रीको पूर्व भण्डारण गर्ने, जिल्ला जिल्ला बिपद् व्यवस्थापन समितिमा आपतकालीन कोष खडा गर्ने<br>स्थानीय स्तरमा खोजतलास तथा उपलब्ध उद्धार सामग्रीको बिवरण राख्ने | आवश्यकमात्रामा खोजतलास तथा उद्धार सामग्री नहुनु, सूचना प्रवाहमा ढिलाई, भौगोलिक विकटताको कारण समयमै घटना स्थलमा पुग्न कठिनाई | जिल्ला बिपद् व्यवस्थापन समिति खोजतलास तथा उद्धार क्षेत्र तथा मानवीय सहयोगी संस्थाहरु र सुरक्षा निकाय | प्रकोप अनुसार लागत थप हुनसक्ने जि बि ब्य स को कोष स्थापना गर्ने र त्यहाँबाट खर्च व्यवस्थापन गर्ने |
| | कमाण्ड पोस्ट खडा गर्ने | आवश्यक सामग्रीको पूर्व भण्डारण | | खोजतलास तथा उद्धार क्षेत्र | |
| | तत्काल प्रकोप न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्ने | तालिम प्राप्त जनशक्ति तयार पार्ने (तालिम तथा पूर्व अभ्यास | | खोजतलास तथा उद्धार क्षेत्र | |
| दोस्रो दिन | महत्वपूर्ण आवश्यक स्रोत/साधानको उपलब्धता यकिन गर्ने र आवश्यक सहयोगको माग गर्ने | आवश्यक सामग्रीको पूर्व भण्डारण | स्रोत साधनको अपर्याप्तता | जिल्ला बिपद् व्यवस्थापन समिति | |
| पहिलो हप्ता | प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | सुरक्षित स्थानको पहिचान गरी राख्ने | | जिल्ला बिपद् व्यवस्थापन समिति | |
| | राहत सामग्री वितरणकार्यमा सहयोग गर्ने | आवश्यक राहत सामग्रीको पूर्व भण्डारण | | जिल्ला बिपद् व्यवस्थापन प्रकोप उद्धार समिति | |
| पहिलो महिना | विस्थापित शिविरमा शान्ति सुरक्षा कायम गर्ने | | | सुरक्षा निकाय | |
| दोस्रो महिना | प्रभावितहरुलाई पुनः निर्माण एवं पुनःस्थापना गर्न सहयोग गर्ने | सरोकारवाला निकायहरुसँग समन्वय गर्ने | स्रोत साधन कमी | क्षेत्रगत सबै निकाय | प्रकोप र क्षतिको प्रकृति अनुसार निर्धारण हुने |
| तेस्रो महिना | प्रभावितहरुलाई पुनर्स्थापना गरी टोली फिर्ता हुने | | | क्षेत्रगत सबै निकाय | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## ७.२.३ खाद्य सुरक्षा एवम पोषण क्षेत्र (Food Security and Nutrition Cluster)

**मानवीय सहयोगका मापदण्ड**

**प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :**

(१) प्रतिव्यक्ति प्रतिदिन न्युनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन (ration)

(२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरक(Complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने ।

(३) निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एच्आईभी भएका व्यक्ति, जेष्ठ नागरिक,कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्ने ।

**स्फेयरमा मापदण्ड बमोजिम उपलब्ध खाद्य सामग्री**

चामल – प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल – प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम वनस्पति तेल – प्रति दिन प्रतिव्यक्ति ३० मि.लि. नुन – प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम

नुडल १०० घरधुरीका लागि खाद्य सामग्री(उद्योग वाणिज्य संघ बनेपा तथा नेपाल रेडक्रस सोसाइटी बनेपा) स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ ।

**मुख्य विपदको किसिम :**

दुर्घटना

**क्षेत्रगत उद्देश्य**

पहिरो, आगलागी, बाढी, महामारी, भूकम्प, चट्याङ, हावाहुरी, रोगकिराको आक्रमण र सडक

जीवन रक्षासम्बन्धी रणनीतिहरू (survival strategies) का लागि आवश्यकताको पूर्ति गर्नका

सहायक प्रमुख जिल्ला अधिकारी

हेमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

निमित्तखाद्यसम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने

**योजनाको समष्टिगत उद्देश्य :**

प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवम् जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**खाद्य सुरक्षा क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामागरिने आपतकालीनकार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | खाद्य क्षेत्रको समन्वय बैठकको आयोजना<br>▪ जि.बि.ब्य.सको बैठकमा सहभागी<br>▪ जानकारी संकलन गर्ने<br>▪ परिस्थिति विश्लेषण<br>▪ तयारी खाना वितरणका लागि कार्ययोजना तयार गर्ने | आपतकालीन योजना अध्यावधिक गर्ने | मानवीय र भौतिक स्रोतको कमी | गाँउपालिका तथा नगरपालिका ,जिल्ला कृषि विकास कार्यालय, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी | |
| | सम्बन्धित स्थानिय तहबाट क्षतिबारे जानकारी लिने | सेवा केन्द्रहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | जनशक्तिको कमी | कृषि ज्ञान केन्द्र गाँउपालिका तथा नगरपालिका | |
| | विस्थापितहरुको लागि पहिलो ७ दिनसम्मको लागि तयारी खाना वितरण गर्ने (चाउचाउ, चिउरा, भुजा, विस्कुट, भेली, नुन) | आवश्यक तयारी खाद्य सामग्रीको पूर्व भण्डारण खाद्य सामग्री विक्रीकर्ताको नक्साङ्कन | उपयुक्त गोदाम नहुनु | गाँउपालिका तथा नगरपालिका, उद्योग वाणिज्य संघ | |

| विपद्को घटना पश्चात्को अवधि | विपद्को अवस्थामागरिने आपतकालीनकार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| दोस्रो दिन | स्थानीय स्रोत र साधनको समिक्षा गर्ने | प्रत्यक क्षेत्रसँग उपलब्ध स्थानीय स्रोत र साधनको नक्साङ्कन | | जिल्ला बिपद् व्यवस्थापन समिति, गाँउपालिका तथा नगरपालिका | |
| पहिलो हप्ता | MIRAसर्वेक्षण टोली परिचालन | अन्य क्षेत्रसँग समन्वय गरेर MIRAतालिम आयोजना गर्ने | | जिल्ला बिपद् व्यवस्थापन प्रकोप उद्धार समिति | |
| | आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्था र भण्डारण गर्ने | गोदाम तथा वितरण केन्द्रहरुको नक्साङ्कन | | उद्योग वाणिज्य संघ | |
| पहिलो महिना | मापदण्डमा उल्लेख भए अनुसार खाद्य सामग्री वितरण गर्ने (चामल, दाल, तेल, नुन, मसला) | प्रभावित व्यक्तिहरुको पहिचान गरी वितरण व्यवस्था मिलाउने | | उद्योग वाणिज्य संघ | १० हजार |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, वृद्धवृद्धा, गर्भवती रसुत्केरी महिलालाई पौष्टिक आहार वितरण गर्ने | आवश्यक सामग्री जुटाउने | | जिल्ला बिपद् व्यवस्थापन समिति, गाँउपालिका तथा नगरपालिका . र विभिन्न क्षेत्रहरु) | |

**खाद्य क्षेत्रका लागि चाहिने अनुमानित बजेट निम्न अनुसार छुटयाइएको छ :**

| क्र.सं. | गतिविधि | इकाइ | परिमाण | रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | समन्वय बैठकको आयोजना | पटक | १ | | |
| २. | खाद्य सामग्री भण्डारणका लागि उचित स्थानको व्यवस्था | महिना | | | |
| ३. | खाद्य सामग्री ढुवानीका लागि गाडीको व्यवस्थापन | पटक | | | |
| ४. | तयारी खाना | | | | |
| ४.१ | चाउ चाउ -प्रतिदिन प्रति व्यक्ति २ प्याकेटका दरले | प्याकेट | २५०० | ३० | |
| ४.२ | चिउरा -प्रतिदिन प्रति व्यक्ति ३०० ग्रामका दरले | कि.ग्रा. | २३०० | ७० | |
| ४.३ | भुजा प्रतिदिन प्रति व्यक्ति १०० ग्रामका दरले | कि.ग्रा. | ८०० | ९० | |
| ४.४ | बिस्कुट( प्रतिदिन प्रति व्यक्ति २ प्याकेटका दरले) | प्याकेट | १५,००० | २५ | |
| ४.५ | चिनी ( प्रतिदिन प्रति व्यक्ति २५० ग्रामका दरले) | कि.ग्रा. | १८५० | ८० | |
| ४.६ | नुन( प्रतिदिन प्रति व्यक्ति १० ग्रामकादरले) | कि.ग्रा. | ८० | ३० | |
| ५ | मानवीय सहयोगका लागि आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्थापन -विस्थापित १००० जनाको लागि ३ हप्तासम्म | | | | |
| ५.१ | चामल( प्रतिदिन प्रति व्यक्ति ४२० ग्राम ) | क्वीन्टल | ८८.२ | ५००० | |
| ५.२ | दाल -प्रति दिन प्रति व्यक्ति ६० ग्राम | क्वीन्टल | १२.६ | १६,००० | |
| ५.३ | तेल -प्रति दिन प्रति व्यक्ति ३० एम एल) | लिटर | ६३० | १५० | |
| ५.४ | नुन -प्रति दिन प्रति व्यक्ति ५ ग्राम) | कि.ग्रा. | १०५ | २० | |
| ५.५ | मसाला प्रति दिन प्रति व्यक्ति ५ ग्राम | कि.ग्रा. | १०५ | ४०० | |
| ६. | बितरकको लागि पारिश्रमिक (१ महिना) | ज्ना | ८ | १०००० | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

## ७.२.४ गैह्रखाद्य सामग्री तथा आपतकालीन आवास (Non Food Item and Shelter Cluster) मानवीय सहयोगका मापदण्ड

औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र र औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री उपलब्ध हुनेछ ।

२. कम्बलमा मानिसहरूको पर्याप्त पहुँच हुनेछ ।

३. दुई वर्षसम्मका बालबालिकाहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा हुनेछ ।

. महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा र यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाई सम्बन्धी सामग्रीको आपूर्ति भएको हुनेछ ।

५. घरायसी सामग्री वा एक सेट भाँडा उपलब्ध हुनेछ ।

शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHEREको मापदण्डअनुसार हुनुपर्छ ।

७. विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MoU) मा गरिएको हुनुपर्दछ ।

८. शिविरका लागि योजना तर्जुमा गर्दा साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवम् परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ । ९. शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड अध्ययन गरिनुपर्छ ।

१०. नागरिक समाज, सरकार तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना गरिनुपर्छ ।

।. सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरुकालागि विषेश अस्थायी टेण्ट र अत्यावश्यक सामग्री जस्तो हाइजिन किट, न्यानो कपडा, ओड्ने कम्बल, झुलको व्यवस्था र त्यसमा उनीहरुको पहुँच हुनेछ ।

**मुख्य विपद्को किसिमः** भूकम्प पहिरो, आगलागी, बाढी, महामारी,चट्याङ, हावाहुरी, रोग कीराको आक्रमण र सडक दुर्घटना

**क्षेत्रगत उद्देश्यः**

- जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावितहरुलाई छाना भएको पर्याप्त ठाउँ हुनेछ ।
- जल-वायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चितगर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवम् लुगा हुनेछन् ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवम् तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच पुग्नेछ ।

**योजनाको समष्टिगत उद्देश्य :**

- **आवास** : नेपाल को संबिधान २०७२ को मौलिक हक अर्न्तगत आवासको हक हुने छ भनिएको सोहि अनुरुप बिपद् प्रभाबित लाइ सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवम् प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढी भन्दा बढी आत्मानिर्भरता तथा स्व-व्यवस्थापन (Self-management) मा जोड दिइनेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी

हेमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

- शिविर समन्वय तथा शिविर व्यवस्थापन CCCM प्राकृतिक विपद्का कारणले घरबार बिहिन बनेका मानिसहरुका निमित्त स्थायी समाधानको खोजीका लागी प्रयत्न गर्नुका साथै बिस्थापित व्यक्तिहरुलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तर उठाउने तथा शिविरहरुमा सरोकारवालाहरुको जीवनस्तरमा सुधार ल्याउने ।

## गैह खाद्य सामग्री तथा आपतकालीन आवास क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला बि ब्य.स.को बैठकमा सहभागी clusterबैठकको समय तोक्ने, केन्द्रिय कार्यालयलाई जानकारी आ-आफ्नो क्षेत्रबाट क्षतिको विवरणको प्रारम्भिक आँकलन संकलन गर्ने | Focal Person तोकने सदस्यहरुको सम्पर्क सूची तयारी गर्ने | सम्पर्क विच्छेद हुन सक्ने | गाँउपालिका तथ ा नगरपालिका | |
| | प्रभावित क्षेत्रको निरीक्षण | द्रुत सर्वेक्षण ( IRA) टोली खटाइ विवरण अध्यावधिक गर्ने | | सम्बन्धित गाँउपालिका तथ ा नगरपालिका | |
| दोस्रो दिन | खोज तथा उद्धार परिचालन NFRI व्यवस्थापन प्राथमिक उपचार, अस्थाइ आवास | आवश्यक सामग्रीको व्यवस्था | खोज तथा उद्धार सामग्री, व्यक्तिगत सुरक्षाका सामग्री | गाँउपालिका तथ ा नगरपालिका | |
| तेस्रो दिन | Cluster बैठक आपतकालिन आवासको लागि तोकिएको स्थानको अवलोकन, राहत सामग्री वितरण | ऋापतकालिन आश्रय स्थल नक्साङ्न, पू र्व भण्डारण तथा | खानेपानी तथा चर्पीको WASH व्यवस्था ५० परिवारका लागि मात्र पूर्वभण्डारण | गाँउपालिका तथा नगरपालिका जिल्ला समन्वय समिति | |
| पहिलो हप्ता | आपतकालिन आवास निर्माण तथा थप सामग्री व्यवस्थापन | पूर्व भण्डारण दक्ष जनशक्ति व्यवस्थापन | | प्रदेश सरकार, स्थानिय तह | |
| | विस्थापित परिवारहरुको दर्ता | जनशक्तिको विवरण व्यवस्थापन | | गाँउपालिका तथा नगरपालिका, सुरक्षा निकाय, | |
| | क्षेत्रगत विवरण तथा आवशयकता पहिचान | दक्ष जनशक्ति अध्यावधीक गर्ने | | गाँउपालिका तथ ा नगरपालिका क्षेत्रगत | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | आपतकालिन आवासमा रहेका विस्थापित परिवारहरुलाई NFRI वितरण | पूर्व भण्डारण | ५० परिवारका लागि मात्रै पूर्व भण्डारण | गाँउपालिका तथा नगरपालिका सुरक्षा निकाय, | |
| पहिलो महिना | पहिलो हप्ता गरिएको कार्यलाई निरन्तरता | माथि लेखिए अनुसार | माथि लेखिएको अनुसार | माथि लेखिए अनुसार | |
| | फर्केका विस्थापित परिवारहरुको विवरण संकलन (बाढीको हकमा) | विवरण संकलन फारम छपाइ। | विवरण संकलन नभएको फारम निर्माण नभएको | गाँउपालिका तथा नगरपालिका | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| दोश्रो महिना भूकम्पको हकमा | पुन स्थापना र पुनर्निर्माण क्षेत्रसँग समन्वय गरी विस्थापितहरुलाई फर्काउन पहल गर्ने | पुनर्स्थापना र पुनर्निर्माण क्षेत्रसँग समन्वय गर्ने | विपद् पूर्व पुनर्स्थापना र पुनर्निमार्ण क्षेत्रको निष्कृयता | प्रदेश सरकार, स्थानिय तह | |
| | निरीक्षण तथा अनुगमनबाट प्राप्त खाडल परिपूर्ति गर्न सम्बन्धित क्षेत्रसँग समन्वय गर्ने | विवरण संकलन तथा विश्लेषण तालिम | विवरण संकलन विधिमा एकरुपता | प्रदेश सरकार | |

**आवास तथा गैर खाद्य सामग्री क्षेत्रको लागि अनुमानित बजेट (१०० परिवारका लागि)**

| क्र.सं. | गतिविधि | इकाइ | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | समन्वय बैठक | पटक | १० | | |
| २. | गोदाम | २ महिना | २ | | |
| ३. | कर्मचारी व्यवस्थापन | महिना | १ जना | | |
| ४. | एनएफआई सेट खरिद | सेट | ४००० | | |
| ५. | सेल्टर | सेट | ५० | | |
| ६. | बाँस | थन | १६०० | | |
| ७. | डोरी, किला | प्रतिघर | ४०० | | |
| ८. | घर निर्माण मजदुर | जना | ४०० | | |
| ९. | मैनवत्ती (प्रति परिवार २वटा) | घर | ४०० | | |
| १०. | सलाई | घर | ५०० | | |
| ११. | सर्च लाइट | वटा | २०० | | |
| १२. | ब्याट्री पावर बैक (१०० ) | गोटा | १जोडी प्रति घर | | |
| १३. | सामग्री ढुवानी | | | | |
| | | जम्मा | | | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

## ७.२.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन (Water, Sanitation and Hygiene) क्षेत्र मानवीय सहयोगका मापदण्ड

१. काभ्रेपलाञ्चोक जिल्लामा विपद्पछि पहिलो हप्तासम्म पाईपद्वारा अथवा जिल्ला वा स्थानिय खानेपानी संस्थान वा कार्यालयसँग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने ट्याङ्की वा अन्य माध्यमद्वारा प्रभावित क्षेत्रमा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।

२. शिविरमा बस्ने विस्थापित तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएकाहरूका लागि पानी संकलन गर्ने वाल्टिन र ३० दिनसम्मका निम्ती खानेपानी शुद्ध गर्ने चक्की, पियूष, अक्वा(tablets)अथवा वाटर गार्ड (water guard)उपलब्ध गराउने ।

३. शिविरमा बसोवास गर्ने विस्थापितका लागि उपयुक्त सरसफाइ एवम् महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी हरेक २० व्यक्तिका लागि एक चर्पी, निर्माण गर्ने ।

४. शिविरमा बसोवास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य सम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य सरसफाई प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चालन गर्ने ।

५. एकरूपताका लागि जिल्ला आपतकालिन योजनालाई राष्ट्रिय आपतकालिन योजनासँग मेल खानेगरी तयार पार्ने।

६. प्रति १० परिवार १ फोहर फाल्ने भाडा (१०० लिटर) (विस्थापितहरुको बसोवास अनुसारफोहोरहरु फाल्ने भाँडा) को व्यवस्था गर्ने ।

७. पानी जम्मा गर्ने भाँडाहरु १० देखि २० लिटरको २ वटा भाँडाहरु प्रति परिवार उपलब्ध गराउने ।

८. विस्थापित क्षेत्रमा प्रति २०० परिवारमा स्वयं सेवकहरु १ जनाका दरले परिचालन गर्ने ।

**मुख्य विपदको किसिम :** बाढी, पहिरो, आगलागी, महामारी र भूकम्प

**क्षेत्रगत उद्देश्यः** स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिवारलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- विस्थापित समुदायका लागि, (खास गरी शिविरमा बस्ने मानिसहरूका लागि) सुरक्षित खानेपानी,स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवम् नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचितरूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

  सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा-सुग्घर (Cleanliness) कायम गर्न तिनको सशक्तिकरण गरिएको छ भन्नेकुरा सुनिश्चित गर्ने ।

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे

## खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमाआधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | WASH Cluster को बैठकको आयोजना गने, सरोकारवालाहरुसँग समन्वय गर्ने सुचना संकलन तथा परिस्थितिलाई अद्यावधिक गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | | जिल्ला तथा स्थानिय WASH Cluster | |
| दोश्रो दिन | स्वयंमसेवक परिचालन गर्ने | | | जिल्ला तथा स्थानिय WASH Cluster | |
| पहिलो हप्ता | विस्थापितहरुलाई स्वास्थ्य सरसफाई किट वितरण | पूर्व भण्डारण तथा स्रोत नक्साङ्कन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएको | जिल्ला तथा स्थानिय WASH Cluster | |
| | जि.बि.ब्य.समितिसँग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन | बहुप्रकोप सन्दर्भमा MIRA निर्माणा | बहुप्रकोप सन्दर्भमा MIRA निर्माणको लागि आवश्यक जनशक्ति नभएको | | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमाआधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | विस्थापितहरुको शिविरमा अस्थायी चर्पी, तथा खानेपानी व्यवस्था गर्ने | पूर्व भण्डारण तथा श्रोत नक्साङ्कन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएका, स्रोतसाधनको कमी | जिल्ला तथा स्थानिय WASH Cluster खा.पा. तथा स.स.डि.का | |
| | विस्थापित शिविरमा फोहर व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गर्ने गराउन | जनशक्ति व्यवस्थापन | | जिल्ला तथा स्थानिय WASH Cluster | |
| पहिलो महिना | प्रभावित विद्यालय, स्वास्थ्य केन्द्रमा चर्पी र पानीका धाराहरुको मर्मत गरी पानी सुचारु गर्ने | | | जिल्ला तथा स्थानिय WASH Cluster खा. पा. तथा स.स.डि.का | |
| | स्वास्थ्य र सरसफाइ बारे सचेतना कार्यक्रम हेल्थ क्लस्टरसँग समन्वय गरी गर्ने | | | जिल्ला तथा स्थानिय WASH Cluster | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

स्वास्थ्य
संस्थाहरूमा केही उपचार एवम् थोरै संख्यामा गम्भीर विरामीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral centres) मा पठाई आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

- सिफारिस गरी पठाइने केन्द्रहरू (Referral centres) मा पुग्नका निमित्त विरामीहरुका लागिउपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।
- घाइते तथा विरामीहरुलाई वर्गीकरण (Triage)गरिनेछ र कालो, रातो, पहेंलो तथा हरियो रङको ट्याग लगाइनेछ

र सोहि अनुरुप उपचारको व्यवस्था मिलाइनेछ ।

- मनोसामाजिक परामर्श प्रदान गर्ने ।

**मुख्य विपदको किसिम :** भूकम्प,पहिरो, आगलागी, बाढी, महामारी, , चट्याङ, हावा हुरी, रोग कीराको आक्रमण, कोभिड १९ र सडक दुर्घटना ।

**क्षेत्रगत उद्धेश्य :** जस्तोसुकै आपतकालीन अवस्था परेता पनि मानव जिबन सुरक्षा तथा कल्याण Human survival and well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने । स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सरसफाइसँग सम्बन्धित रोगहरूफैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिवारलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

**स्वास्थ्य :**

- झाडापखाला, हैजा, औलो, डेगुं, हेपाटाइटिस , मलेरीया, कोभिड १९, खोपजन्य सरुवा रोग तथा अन्य पानीजन्य एवम् कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला तथा स्थानिय स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Rapid Assessment) सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- रोग फैलन गएका खण्डमा प्रतिकार्य तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न एवं अर्को निकायमा पठाउने संयन्त्र (Referral Mechanism) को विकास गर्न जिल्ला तथा स्थानिय स्वास्थ्य कार्यालयलाई सहयोग पुऱ्याउने
- पर्याप्त आपतकालिन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने

**पोषण :**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवम् पाँचवर्ष मुनिका बालबालिकाहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला तथा स्थानिय तह लाई सहयोग गर्ने ।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM)को उपचार तथा सेवामा निरन्तरपहुँच सुनिश्चित गर्न जिल्ला तथा स्थानिय स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोकलगाउन जिल्ला

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| दोश्रो महिना | Hygiene Promotion को लागि माइकिङ FM, Poster, सडक नाटक आदिबाट प्रचार प्रसार गर्ने । | | | जिल्ला तथा स्थानिय WASH Cluster | |

**खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको लागि अनुमानित बजेट**
**प्रथम चरण : तत्काल उपलब्ध गराइने राहत सामग्री सम्भावित प्रभावित संख्या सामग्री (प्रति ५ जना)**

| क्र.सं. | सामग्री | परिमाण | दर (रु) | जम्मा रकम (रु) |
|---|---|---|---|---|
| १. | प्लास्टिक जर्किन(२० लि.) र २ वटा जग | १००० | | |
| २. | प्लास्टिक वाल्टिन २० लि.को विर्को समेत र २ वटा जग | १००० | | |
| ३. | लुगाधुने साबुन | १००० | | |
| ४. | नुहाउने साबुन | १००० | | |
| ५. | पानी शुद्धीकरण गर्ने समाग्री | १०,००० | | |
| ६. | Hygiene Kits | १००० | | |
| ७. | Sanitary Pads | १००० | | |
| ८. | साधारण खाल्टे चर्पी | १००० | | |
| ९. | धारा मर्मत | १००० | | |
| जम्मा | | | | |

**दोश्रो चरण (सेवा सुविधा विस्तार):**

| क्र.सं. | सामग्री | परिमाण | दर (रु) | जम्मा रकम (रु) |
|---|---|---|---|---|
| १. | HDPEपानी ट्याङ्की १००० लिटरको आवश्यक सामग्री सहित | २०० | | |
| २. | साधारण खाल्टेचर्पी (वाटरसिल प्यान )यसको निर्माण पछि प्रथम चरणको चर्पी पुरिने छ | ३००० | | |
| ३. | पानी शुद्धीकरण गर्ने समाग्री | १५००० | | |
| ४. | सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम | ६० | | |
| जम्मा | | | | |

## ७.२.६ स्वास्थ्य (Health) क्षेत्र

### मानवीय सहयोगका मापदण्ड

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्यसम्बन्धी निगरानी (Healthsurveillance)शुरु हुन्छ ।
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट,

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

तथा स्थानिय स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने ।

- भिटामिन ए को वितरण/जुकाको औषधि तथा प्रभावित बालबालिकाहरुका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला तथा स्थानिय स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि आपतकालिन पोषण व्यवस्था गर्ने ।

## स्वास्थ्य क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | ▪ परिस्थितिको विश्लेषण गर्ने<br>▪ जिल्ला तथा स्थानिय बिपद् व्यवस्थापन समितिलाई प्रतिकार्य योजनाको जानकारी गराउने ।<br>▪ RRT लाई प्रतिकार्य योजनाको जानकारीदिने, भूमिका र जिम्मेवारी बाँडफाँडगर्ने, कार्यक्षेत्रको निर्धारण गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | मानवीय स्रोतको कमी, छिटो र भरपर्दो सञ्चार साधनको व्यवस्था नहुनु र RRT लाई विशेष तालिम तथा अनुभव नहुनु । | स्थानिय तथा जिल्ला स्वास्थ्य कार्यालय | |
| दोस्रो दिन | स्वयंसेवक तथा RRT परिचालन | स्वयं सेवकहरुको सूची तयार गर्ने | RRT लाई विशेष तालिम तथा अनुभव नहुनु । | स्वा.का,तथा स्थानिय स्वा.का रेडक्रस, Health Cluster | |
| | अस्थाइ शिविरमा स्वास्थ्य शिविर सञ्चालन | आवश्यक सामग्री पूर्व भण्डारण | पर्याप्त साधन स्रोतको कमी | स्वा.का, तथा स्थानिय स्वा. का.रेडक्रस, Health Cluster | |
| पहिलो हप्ता | झाडापखाला, श्वास प्रश्वास, चोटपटक, मलेरिया नियन्त्रणका लागि कार्यक्रम । गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष कार्यक्रम तथा प्राथमिकता दिने ) | आवश्यक सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | पर्याप्त साधन स्रोतको कमी | स्वा.का, तथा स्थानिय स्वा. का. रेडक्रस धुलिखेल हस्पताल, शिरमेमोरियल अस्पताल, Health Cluster | |
| पहिलो महिना | संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने | संरक्षण क्षेत्रमा सम्लग्न सम्पूर्ण निकायहरुको सम्पर्क सुची तयार गरि राख्ने | व्यवसायिक मनोविमर्शकर्ताको कमी | .स्वा.का. महिला विकास तथा बालबाकि कार्यालय, तथा स्थानिय स्वा. का. Health Cluster | |
| | झाडापखाला, श्वासप्रश्वास, चोटपटक, मलेरिया नियन्त्रणका लागि थप कार्यक्रम । | आवश्यक सामग्री तथा जनशक्तिको | पर्याप्त साधन स्रोतको कमी ( दक्ष जनशक्ती, | स्थानिय. स्वास्थ्य कार्यलय, स्वा.का,रेडक्रस, | |

सहायक प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मुनिका बालबालिकाहरुलाई विषेश कार्यक्रम तथा प्राथमिकता दिने ) | पूर्व व्यवस्थापन | औषधि, उपकरण, यातायात आदि) | शिरमेमोरियल अस्पताल, धुलिखेल अस्पताल, Health Cluster, HRDC, Spinal Injury | |
| दोश्रो महिना | नियमित PHC / ORC / EPI क्लिनिक | आवश्यक सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | छैन | स्थानिय. स्वास्थ्य कार्यलय, स्वा.का | |
| | स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी चेतना अभिवृद्धि गर्ने | IEC सामग्रीको छपाइ तथा व्यवस्थापन गर्ने | | स्थानिय स्वा. का. रेडक्रस, स्वा.का, Health Cluster | |
| | खानेपानी, संरक्षण, शिक्षा क्लस्टरहरुसँग समन्वय गरी पुनर्स्थापना कार्यमा स्वास्थ्य सम्बन्धी सहयोग गर्ने । | सम्बन्धित क्लस्टर सदस्यहरुको सम्पर्क सूची अध्यावधिक गरी राख्ने | | स्थानिय स्वा. का..स्वा.का, रेडक्रस, Health Cluster | |

## ७.२.७ शिक्षा (Education) क्षेत्र

### मानविय सहयोगका मापदण्डहरु

- विपद् घटना भएको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Intital Rapid Assessment) सञ्चालन गर्ने
- जिल्ला तथा स्थानिय शिक्षा शिक्षा समन्वय ईकाइ र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँपत्ता लगाउने
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्तत : पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधार सहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षा तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने
- विद्यालयबाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्नागरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चितगर्ने
- प्रभावित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा सवलीकरण पार्दै लैजाने ।

**मुख्य विपदको किसिम :** भूकम्प,पहिरो, आगलागी, बाढी, महामारी, , चट्याङ, हावाहुरी, रोग किराको आक्रमण र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवम् स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्नेकार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

सहायक प्रमुख जिल्ला अधिकारी

हेमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी